परिच्छेद : एक

# शोध परिचय

## १.१ विषय परिचय

साहित्यका विभिन्न विधामध्ये लघुकथा एक महत्त्वपूर्ण विधा मानिन्छ । थोरै शब्दमा धेरै भन्न सकिने भएकाले वर्तमान समयमा विश्व साहित्यमा जस्तै नेपाली साहित्यमा पनि लघुकथा ज्यादै लोकप्रिय बन्न पुगेको छ । साहित्यको यही लोकप्रिय गद्य विधालाई सशक्त रूपमा अगाडि बढाउने साहित्यकारमध्ये कल्याण पन्त (२०२५) एक हुन् । उनी २०२५ जेष्ठ ५ गते लमजुङको तार्कुघाट-५ हालको राइनास नगरपालिका ८ मा जन्मिएका हुन् । कल्याण पन्त स्कुले जीवनबाट नै नेपाली साहित्यतर्फ आकर्षित थिए ।

विद्यालयमा हुने विभिन्न कार्यक्रममा भाग लिने उनले २०३७ सालमा कविता प्रतियोगितामा भाग लिएपछि कविता रचना गर्न थालेको पाइन्छ । २०४१ सालदेखि उनी निबन्ध लेखन कार्यमा पनि सहभागी हुन थालेको पाइन्छ । कविता र निबन्ध विधामा सामान्य कलम चलाएका पन्त बिस्तारै लघुकथा विधामा पनि उत्सुक देखिन थाले । फलस्वरूप २०५३ सालको जेठ १९ गतेका दिन गोरखापत्रको शनिबारीय अङ्कमा उनले 'सङ्घर्षहीन नारी समाज' शीर्षकको लघुकथा प्रकाशन गरेर लघुकथा लेखन यात्रा सुरु गरेका हुन् । यसरी लघुकथा लेखनमा लागेका पन्तका फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा लघुकथा प्रकाशित भएका छन् । त्यो बाहेक उनका चार दर्जन बढी अखबारीय लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशन भइसकेका छन् । विज्ञान विषयका प्राध्यापक कल्याण पन्तका हालसम्म 'समय सन्दर्भ' (२०६९) र 'प्रसाद' (२०७१) गरी दुई लघुकथा सङ्ग्रह प्रकाशन भएका छन् । यिनै दुई कथा सङ्ग्रहमा नेपाली समाजको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक र मनोवैज्ञानिक पक्षलाई समेटिएको छ । उनले नेपाली समाजमा बाँचेको जीवन, भोग्नुपरेका विकृति र विसङ्गतिलाई व्यङ्ग्यात्मक रूपमा कथामा प्रतिबिम्बित गरेका छन् । नेपाली समाजमा हामीले देख्दै र भोग्दै आएका कतिपय समस्याका विषयलाई आलोचनात्मक दृष्टिचेतसहित सरल भाषामा सङ्क्षेपमा भन्ने क्षमता उनमा देखिन्छ । साहित्यका विभिन्न विधामा अनुसन्धान कार्य भए तापनि लघुकथामा खासै अनुसन्धान हुन सकेको छैन । तसर्थ यस शोध कार्यमा कल्याण पन्तका लघुकथाको अध्ययन गरिएको छ ।

## १.२ शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'कल्याण पन्तका लघुकथाको अध्ययन' रहेको छ ।

## १.३ शोधपत्रको प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह नेपाली विषयको द्वितीय वर्षको दसौँ पत्र (५१०-१) को प्रयोजनका लागि प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.४ समस्या कथन

नेपाली वाङ्मयको क्षेत्रमा दुई दशकदेखि क्रियाशील कल्याण पन्त सिर्जनशील साधक हुन् । कल्याण पन्तका लघुकथाको अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र निम्नानुसारका समस्यामा केन्द्रित रहेको छ :

क) लघु कथाको सैद्धान्तिक पक्ष के कस्तो रहेको छ ?

ख) कल्याण पन्तको लघु कथाकारिता के कस्तो रहेको छ ?

ग) कल्याण पन्तका लघुकथामा के कस्ता शिल्पगत प्रवृत्ति रहेका छन् ?

घ) कल्याण पन्तका लघु कथालाई के कसरी अध्ययन गर्न सकिन्छ ?

## १.५ उद्देश्य कथन

प्रस्तुत शोधपत्रको मुख्य उद्देश्य नेपाली वाङ्मयको क्षेत्रमा क्रियाशील साधक कल्याण पन्तको व्यक्तित्व र कृतित्वबारे अध्ययन गरी उनको योगदानको चर्चा गर्नु रहेको छ । शोधपत्रको उद्देश्यलाई निम्न बुदाँका आधारमा पूर्णता दिइनेछ :

क) लघु कथाको सैद्धान्तिक पक्षको खोजी गर्नु,

ख) कल्याण पन्तको लघु कथाकारिताको अध्ययन गर्नु,

ग) कल्याण पन्तका शिल्पगत प्रवृत्तिको निरूपण गर्नु,

घ) कल्याण पन्तका लघुकथालाई कथाको सैद्धान्तिक आधारमा विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको विवरण

नेपाली साहित्यको आख्यान विधामा कलम चलाउँदै आएका कल्याण पन्तका लघुकथा २०६९ साल अगाडि नै फाट्टफुट्ट विभिन्न पत्रपत्रिकामा छापिए पनि उनी २०६९ सालदेखि सर्जकका रूपमा देखिन थालेका छन् । उनका दुई लघुकथा सङ्ग्रह 'समय सन्दर्भ' (२०६९) र 'प्रसाद' (२०७१) प्रकाशन भएका छन् । सिर्जनशील प्रतिभा पन्तका कृतिको हालसम्म विस्तृत चर्चा, परिचर्चा र समालोचना हुन सकेका छैनन् । उनको कृतित्वका बारेमा भएका केही समीक्षात्मक टिप्पणीलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

विजयराज न्यौपानेले लमजुङको साहित्यिक इतिहास कृतिमा भनेका छन्, 'प्रकृतिविद्, ज्योर्तिविद्का रूपमा रहेर पनि पन्तले आफ्नो कलम पत्रकारिता तथा सहित्य सिर्जनामा लगाइरहेको पाइन्छ । साहित्यतर्फ निकै छोटाछरिता समसामयिक मुक्तक तथा लघुकथा दिएर नेपाली साहित्यलाई उनले गुन लगाएका छन् । हास्य र व्यङ्ग्यको रमपम मीठोपनको रस मिसाएर उनले मुक्तक र लघुकथालाई पठनीय तुल्याएको पाइन्छ (न्यौपाने, २०६८ : ३२५) ।'

डा लक्ष्मीशरण अधिकारीले समय सन्दर्भ लघुकथा सङ्ग्रहको भूमिकामा लघुकथा विश्वमा अत्यधिक लेखिने र पढिने आख्यानात्मक विधा हो भन्दै कल्याण पन्तलाई सचेत कथाकारका रूपमा चिनाएका छन् (पन्त, २०६९ : समय सन्दर्भ, भूमिका खण्ड) ।

भूपनिधि पन्तले कल्याण पन्तका लघुकथामा नेपाली समाजको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक र मनोविज्ञान छचल्किएको भनेका छन् (पन्त, २०६९ : समय सन्दर्भ, प्रकाशकीय) ।

असफल गौतमले लघुकथा आकार र आयामका हिसाबले सानो भए पनि कल्याण पन्तको समय सन्दर्भमा समावेश विषयवस्तुले सुमेरु पर्वत बोकेर हिँडेका छन् । वर्तमान समयमा देखिएका अराजकता, अस्थिरता, दुःख, कष्ट, पीडा र दर्दको स्वरलाई लघुकथा जस्तो छोटो विधाका माध्यमबाट सशक्त रूपमा प्रस्तुत गरेका छन् (गौतम, २०६९ : २) ।

प्रेमकुमारी गुरुङले कल्याण पन्तका कथामा सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, व्यक्तिगत, संस्थागत विसङ्गतिलाई पटाक्षेप गर्ने सर्जकका रूपमा चिनाएकी छन् (पन्त, २०७१ : प्रसाद, प्रकाशकीय) ।

विष्णुप्रसाद पौडेलले कल्याण पन्तको लघुकथा प्रसादमा भएका कथामा हाम्रो समाजमा हामीले देख्दै, भोग्दै आएका कतिपय समस्यामूलक विषयलाई आलोचनात्मक

दृष्टिचेतसहित सरल भाषामा सङ्क्षेपमा भन्ने खुबी भएका स्रष्टाका रूपमा पन्तलाई चिनाएका छन् (पौडेल, २०७१ : प्रसाद) ।

श्रीओम श्रेष्ठ रोदनले कल्याण पन्तको दोस्रो लघुकथा प्रसादका लघुकथाले नेपाली समाजमा बाँचेको जीवन, भोग्नुपरेका विकृति र विसङ्गतिलाई व्यङ्ग्यात्मक रूपमा प्रतिबिम्बित गरेका छन् भन्दै आजको समय प्रविधि र घट्दो मानवीयता वरिपरि घुमेका लघुकथामा कल्याण पन्तको आफ्नोपन छ भनेका छन् (श्रेष्ठ, २०७१ :  प्रसाद) ।

प्रा.डा. पशुपतिनाथ तिमल्सेनाले सिर्जनशील व्यक्तित्व पन्तले विद्यमान नेपाली समाजका पीडा, भ्रष्टाचार, राष्ट्रियतामा देखा परेका समस्या, नेतामा देखा परेको स्वार्थी, लोभी, पापी मनोवृत्तिप्रति चिन्ता गर्दै विविध विषय सन्दर्भका ओजनदार कथा प्रस्तुत गरेका छन् भन्ने विचार व्यक्त गरेका छन् (तिमल्सेना, २०७१ : प्रसाद) ।

सूर्य खड्का बिखर्चीले कल्याण पन्तको प्रसाद रसिला कसिला शीर्षकको लेखमा, लघुकथामा व्यङ्ग्यात्मक र प्रतीकात्मक भाषाशैलीको प्रयोग राम्ररी भएको । सूत्रात्मक रूपमा मानव जीवनको सङ्कटमय भोगाइ र अनुभूतिलाई कथामा टपक्क राख्न उनी खप्पिस देखिन्छन् भनेका छन् (बिखर्ची, २०७१ : २) ।

आनन्दमणि रिजालले पन्तको प्रसाद लोकार्पण कार्यक्रममा बोल्दै स्वयम् देखे, भोगेका जीवन जगत्का सन्दर्भलाई मितव्ययी अभिव्यक्तिका साथ पन्तका लघुकथा आएको बताएका छन् (रिजाल, २०७१ : ३) ।

पुष्करराज भट्टले नवप्रज्ञापन त्रैमासिकको लघुकथा विशेषाङ्कमा नेपाली लघुकथा : परम्परा र प्रवृत्तिमा भनेका छन्, नेपाली लघुकथामा तत्कालीन समयमका राजनैतिक, समाजिक एवम् सांस्कृतिक उतारचढावको प्रभाव परेको पाइन्छ । यस कालमा पुराना स्थापित लघुकथा लेखकका साथै नवसर्जकले पनि लघुकथा लेखनप्रति अभिरुचि राखेको पाइन्छ । साठीको दशक यता प्रकाशित नेपाली लघुकथा कृतिमा कल्याण पन्तको ‘समय सन्दर्भ’ (२०६९) र ‘प्रसाद’ (२०७१) रहेका छन् (भट्ट, २०७३ : २०) ।

यसरी माथि उल्लेखित विद्वान्ले धेरथोर मात्रामा कल्याण पन्तका लघुकथाको चर्चा गरे तापनि सम्पूर्ण लघुकथाको गहिरो अध्ययन विश्लेषण हुन नसकेको अवस्थामा गहन रूपमा प्रस्तुत शोधबाट उनका सिर्जनात्मक प्रवृत्ति र कथाकारितासहित लघुकथाको अध्ययन गरिने प्रयास गरिएको छ ।

## १.७ शोधको औचित्य

२०५३ सालदेखि लघुकथा लेखनमा लागेका कल्याण पन्तका 'समय सन्दर्भ' (२०६९), र 'प्रसाद' (२०७१) लघुकथा कृति प्रकाशित छन् । नेपाली वाङ्मयको क्षेत्रमा कल्याण पन्त सिर्जनशील साधक हुन् । तापनि हालसम्म पन्तको लघुकथाकारिताबारे कुनै क्षेत्रबाट अध्ययन वा विश्लेषण गर्ने कार्य हुन सकेको छैन ।

यसै तथ्यलाई हेर्दा उनका लघुकथाको व्यवस्थित अध्ययन र विश्लेषण गरेर पन्तको यथोचित मूल्याङ्कन गर्न आवश्यक देखिन्छ । प्रस्तुत शोधपत्रमा कल्याण पन्तका लघुकथाको अध्ययन गरी उनको कृतित्व र योगदानको समीक्षा गरिएकोले यस अध्ययनको औचित्यपूर्ण हुने विश्वास लिइएको छ । भावी दिनमा कल्याण पन्तका लघुकथाका बारेमा थप अध्ययन अनुसन्धान गर्नेका लागि प्रस्तुत शोधले महत्त्वपूर्ण आधार सामग्रीको काम गर्ने कुरा स्वतः पुष्टि हुन्छ ।

## १.८ शोध कार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा कल्याण पन्तका हालसम्म फुटकर रूपमा प्रकाशित सबै लघुकथाको अध्ययन तथा विश्लेषण नगरी दुई लघुकथा सङ्ग्रहको कृतिपरक अध्ययनमा मात्र केन्द्रित रहेको छ । यो यसको क्षेत्र हो । साथै पन्तका हालसम्म प्रकाशित अन्य साहित्यिक लेख रचना र कृतिका बारेमा यस शोधकार्यमा समेटिने छैनन् । यी र यस्तै सन्दर्भ प्रस्तुत शोधका क्षेत्र र सीमा रहेका छन् ।

## १.९ अध्ययन विधि

प्रस्तुत शोधकार्य मूलतः पुस्तकालयीय अध्ययनमा आधारित छ । कतिपय सन्दर्भमा लेखकसँगको भेटघाट पनि सहयोगी रहेको छ । शोधपत्र तयार पार्न कल्याण पन्तका बारेमा लेखिएका, प्रकाशन भएका सामग्री पुस्तकालयीय विधिबाट सङ्कलन गरी हालसम्म प्रकाशित सामग्रीको सङ्कलन र अध्ययन गरिएको छ । आवश्यकतानुसार लेखक स्वयम्सँग, लेखकसँग सम्बन्धित व्यक्तिसँग मौखिक तथा लिखित अन्तर्वार्ता लिइएको छ । विभिन्न सर्जकसँगको भेटघाट र छलफलका माध्यमबाट प्राप्त सामग्री वा जानकारीका आधारमा आवश्यकतानुसार वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी अध्ययन तथा विश्लेषण कार्य सम्पन्न गरिएको छ ।

## १.१० परिच्छेद विभाजन

प्रस्तुत शोधपत्रलाई व्यवस्थित गर्नका लागि निम्नानुसारको ढाँचामा परिच्छेद निर्माण र विभाजन गरी शोधपत्र तयार पारिएको छ :

परिच्छेद एक : शोधपत्रको परिचय

परिच्छेद दुई : लघुकथाको सैद्धान्तिक परिचय

परिच्छेद तीन : कल्याण पन्तको सङ्क्षिप्त चिनारी

परिच्छेद चार : कल्याण पन्तका लघुकथाको अध्ययन

परिच्छेद पाँच : निष्कर्ष ।

परिच्छेद : दुई

# लघुकथाको सैद्धान्तिक परिचय

## २.१ लघुकथाको परिचय

साहित्यका मुख्य चार विधा कविता, आख्यान, नाटक र निबन्धमध्ये आख्यानात्मक विधा अन्तर्गत लघुकथा पर्दछ । लोकप्रिय कथा विधाअन्तर्गत रहेको लघुकथाले वर्तमान समयमा राम्रो प्रभाव पारेको पाइन्छ । लघुकथाका सम्बन्धमा विभिन्न विद्वान्ले विभिन्न धारणा प्रस्तुत गरेका छन् । लघुकथाका बारेमा लक्ष्मण गौतमले 'लघु छ जुन कथा' भन्ने विग्रहबाट समास भई निर्माण भएको समस्त शब्द हो भन्दै यसले सानो भन्ने अर्थ बुझाउँदै घटनालाई महत्त्व प्रदान गर्दछ भन्ने धारणा प्रस्तुत गरेका छन् (गौतम, २०७२ : १९) । आख्यान साहित्यको एक उपविधाका रूपमा रहेको लघुकथा शब्दको निर्माण लघु+कथा मिलेर भएको हो । लघुको अर्थ छोटो र कथाको अर्थ आख्यान भएकाले छोटो आख्यान भएको साहित्यिक रचनालाई लघुकथा भन्न सकिन्छ (ओझा, २०६५ : २०) ।

तत्सम स्रोतका लघु र कथा जस्ता दुई पदको मेल भई बनेको लघुकथाको शाब्दिक अर्थ छोटो वा सानो भन्ने हो । सानो कथा नै लघुकथा भनिए पनि वास्तविक रूपमा यसको अभिप्राय विशिष्ट प्रकृतिको हुन्छ (निरौला, २०७३ : ७९) । नेपाली साहित्यमा अन्य रचना सरह सशक्त गद्य रचनाभित्र पर्ने लघुकथा आकारका रूपमा सानो र सूक्ष्म देखिए पनि यसबाट प्राप्त आस्वादन कुनै पनि कथाबाट प्राप्त हुने स्वादभन्दा कम हुँदैन ।

यसरी कथाको छोटो, सानो वा अंशात्मक रूप मात्र नभई यो संरचनात्मक दृष्टिले पूर्ण भएको उपविधा हो । लघुकथालाई नेपाली कथा साहित्यको एक उपविधाका रूपमा लिन सकिन्छ । अङ्ग्रेजीमा यसलाई सर्ट स्टोरी र हिन्दी साहित्यमा कहानी भनिने लघुकथा आख्यानात्मक विशेषतामा आधारित रहेकाले नेपालीमा यसलाई लघुकथा भनिन्छ (ओझा, २०६५ : २०) । नेपालीमा लघुकथाका नामले परिचित उपविधालाई अङ्ग्रेजी साहित्यमा सर्ट स्टोरी, माइक्रो स्टोरी, माइक्रो फिक्सन आदि नामबाट परिचित गराइएको पाइन्छ ।

नेपाली, अङ्ग्रेजी र हिन्दी शब्दमा जेसुकै भने पनि कथा भन्ने नै हो । यसको कोशीय अर्थ पनि यही नै हो भन्ने शब्दको तात्पर्यगत अर्थ अभिप्राय पनि यो अर्थभन्दा भिन्न छैन र देखिँदैन (गौतम, २०७२ : १९,२०) । लघुकथा पूर्वीय तथा पाश्चात्य साहित्यका

पृष्ठभूमिबाट आएको मानिन्छ । पूर्वीय वैदिक तथा पौराणिक साहित्यमा प्रचलित छोटा सूक्तिमय आख्यानहरू, पाश्चात्य साहित्यका छोटा आकारका नीतिकथा र सूक्तिकथा, वाइवलका आख्यानात्मक सूक्ति, पूर्व र पश्चिमका प्रचलित स-साना लोककथात्मक औपदेशिक कथा आदि लघुकथाका पृष्ठाधार र बीजस्रोतका रूपमा मानिन्छन् । यिनैका आधार भूमिमा वर्तमानको लघुकथा प्रचलित, गतिशील र विकसित भएको छ (गौतम, २०७२ : १६-१७) । पूर्वीय संस्कृत साहित्यका आदिम ग्रन्थदेखि नै लघुकथाका अनेक प्रयोग हुँदै आएका छन् ।

संस्कृतको प्राचीनतम ग्रन्थ ऋग्वेदका सूक्तिदेखि अर्थवेदका मन्त्र हुँदै उपनिषद् ब्राह्मण ग्रन्थका साथै जातक कथा, पञ्चतन्त्र, हितोपदेश, बेताल पञ्चविंशतिक, सुकसप्तति आदि ग्रन्थहरू लघुकथाका बीज स्रोत भएको भनिन्छ (निरौला, २०७३ : ८०) । समग्रमा लघुकथाको व्युत्पत्ति लघु र कथा दुई शब्दको योगबाट निर्मित समस्त शब्दका रूपमा लिन सकिन्छ । लघुकथाको व्युत्पत्ति जे, जसरी, जुन सन्दर्भमा भए पनि नेपालीमा लघु, सानो वा छोटो आकार प्रकारको एक आख्यानात्मक रचनाका रूपमा हेर्न सकिन्छ । यसको पृष्ठभूमिगत आधारलाई अध्ययन गर्दा मुख्यतः पूर्वीय र पाश्चात्य साहित्यका छोटा वा साना प्रकारका कथा नै यसका बीजविन्दु वा स्रोतका रूपमा रहन गएका छन् ।

## २.२ लघुकथाको परिभाषा

लघुकथा आख्यानको एउटा उपविधा हो । सैद्वान्तिक दृष्टिले साहित्यका प्रमुख चार विधा कविता, आख्यान, नाटक र निबन्ध हुन्छन् । यिनैमध्येको लघुकथा पनि आख्यान मूलविधाको उपविधा कथाअन्तर्गत देखिन्छ । यसलाई आख्यानका उपन्यास, कथा र लघुकथाजस्ता तीन प्रभेदमध्ये लघुतम रूप मानिन्छ । कुनै एक किसिमको रचनाप्रकारले उपविधागत वा प्रविधागत स्वायत्ततामा पनि विशिष्ट किसिमले विकास गरेको हुन्छ भन्ने कुरा लघुकथाबाट स्पष्ट हुन्छ । लघु र कथा शब्दको समस्त योगबाट बनेको लघुकथालाई चिनाउन अङ्ग्रेजीमा सर्ट स्टोरी, माइक्रो स्टोरी जस्ता शब्द प्रचलित छन् ।

आख्यानात्मक विधाअन्तर्गत पर्ने लघुकथा कथाको छोटो वा सानो रूपमा आएको पाइन्छ । यो उपन्यासको छोटो रूप कथा भनेजस्तो र कथाको छोटो रूप लघुकथा भने होइन । यी आख्यानात्मक विधाका फरक रचनातत्त्व रहेका छन् जसले ती विधाको आफ्नै पहिचानगत स्वरूप प्राप्त गरेका छन् । लघुकथा आकार र प्रकारका हिसाबले मात्र हैन

उपन्यास र कथा विधाभन्दा भिन्न अस्तित्व बोकेको आख्यानात्मक विधा हो । यसको विकास समय र समाजको व्यस्त जीवनले पारेको प्रभाव स्वरूप भएको मानिन्छ । यस्तो छोटो स्वरूपमा संरचित लघुकथाले छोटो समयभित्रै पाठकको मस्तिष्कमा प्रवेश गरी साहित्यको स्वाद प्रदान गर्दछ र आनन्दित तुल्याउँछ ।

लघुकथाको चर्चा सन् १९५० को दशकतिर पाश्चात्य साहित्यमा हुन थालेको देखिन्छ भने यसको वास्तविक अवधारणाको खोजी सन् १९८० को दशकपछि अङ्ग्रेजी साहित्यमा भयो । जसको प्रभाव हिन्दी र नेपाली साहित्यमा पनि पऱ्यो । हिन्दी र नेपाली साहित्यमा पनि लघुकथा सम्बन्धी विभिन्न चिन्तन र लेखन कार्य हुँदै आएको देखिन्छ । लघुकथालाई चिनाउने क्रममा पाश्चात्य तथा पूर्वीय साहित्यका विभिन्न विद्वान्ले व्यक्त गरेका धारणा वा विचारलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

- आख्यानको लघुतम प्रभेद नै लघुकथा हो । -एडगर एलेन पो
- एक पृष्ठको आयाममा विस्तारित, दुई सय पचास शब्दभित्रको छोटो आख्यान नै लघुकथा हो । -रोनाल्ड वालेस
- चातुर्यपूर्ण तरिकाले समापन गरिएको छोटो कथा नै लघुकथा हो र यो अति छोटो आख्यान हो । -एच्. ई. प्रान्सिस
- अति घनीभूत किसिमले खाँदिएको कविता जस्तै अकस्मात् रहस्योद्घाटन गराउने एउटा घटनामा सीमित र साङ्केतिक छोटो कथालाई लघुकथा भनिन्छ । -इर्भिङ हान
- एक मिनेटका कथालाई लघुकथा भनिन्छ । -आर होगार्ड
- कम्तीमा दुईवटा यथार्थ वा कल्पित स्वतन्त्र घटना अथवा स्थितिले कालक्रमिक प्रतिनिधित्व भएको लघुतम आख्यानलाई लघुकथा भनिन्छ । -मोहनराज शर्मा
- क्षणभरमै विचार वा भावको प्रभावकारी विस्फोटन हुनसक्ने भित्री अणु सामर्थ्य भएको छोटो कथा नै लघुकथा हो । -दयाराम श्रेष्ठ
- आफैँमा स्वतन्त्र, निरपेक्ष, पूर्ण अस्तित्वबोधक लघुकथा कथाको प्रविधा हो । -राजेन्द्र सुवेदी

) 'सूत्रात्मक, छोटोछरितो, साङ्केतिक, तीव्रता भएको स्वयम्मा पूर्ण सघन र दुई सय पचास शब्दसम्मको आयाममा विस्तारित तथा आख्यानको लघुतम प्रभेद वा रूपलाई लघुकथा भनिन्छ । -लक्ष्मणप्रसाद गौतम

माथि प्रस्तुत गरिएका विभिन्न परिभाषाले प्रस्तुत गरेका विचार वा धारणा अनुसार लघुकथा आयमगत हिसाबले छोटो वा सङ्क्षिप्त आयाम भएको, एउटा मात्र घटनामा सीमित र साङ्केतिक, छोटो समयमा अध्ययन गर्न सकिने, परिवेशलाई भन्दा घटनालाई प्रमुखता दिने, विचारलाई प्रभावकारी ढङ्गले प्रक्षेपण गर्न सक्ने हैसियत बोकेको स्वतन्त्र उपविधा हो ।

विभिन्न विद्वान्ले लघुकथा सम्बन्धी प्रस्तुत गरेका विचारलाई अध्ययन गर्दा कसैले लघुकथाको संरचनात्मक पक्षलाई, कसैले लघुकथाका विशेषता वा अभिलक्षणलाई, कसैले लघुकथाको आयाम तथा स्वरूपलाई आधार मानेको देखिन्छ । जे जस्तो भए तापनि वर्तमान समयमा लघुकथाले पाठकलाई गहिरो प्रभाव पार्न सक्ने विधाका रूपमा लिन सकिन्छ । साथै, लघुकथामा विचार वा अनुभूतिको खँदिलो स्वरूपले यसको महत्त्व झनै बढ्न गएको देखिन्छन् ।

सङ्क्षेपमा भन्नुपर्दा लघुकथा छोटो र सङ्क्षिप्त आकारको हुन्छ । यसको बुनोट छरितो र कसिलो हुन्छ । लघुकथाको विषय वा घटना तीव्र र रोचक हुन्छ । लघुकथामा उत्तरोत्तर पछिल्ला वाक्य उत्कर्ष हुँदै पाठकलाई मुक्तकीय झट्का दिन्छ र अन्तमा एउटा तीव्र प्रभाव छोडेर जान्छ । लघुकथाको प्रभाव वा असर सुरुमा सूक्ष्म लागे पनि विचार गर्दै जाँदा झन्झन् गहन लाग्दै जान्छन् (नेपाली विकिपिडिया) । माथि प्रस्तुत गरिएका विभिन्न अभिलक्षणले लघुकथाको मानक रूपलाई प्रस्तुत गरेका छन् । लघुकथाको स्वरूप र आयाम छरितो हुने भएकाले कथावस्तु पनि छोटो र रैखिक ढाँचामा आबद्ध हुन्छ । यसले अनुभूतिको तीव्रतालाई आत्मसात् गरेको हुन्छ । त्यस्तै लघुकथामा आएको अन्तिम वाक्यले विचार वाक्यका रूपमा आएर कुनै विचारलाई समर्थन वा विरोधात्मक अभिव्यक्ति प्रस्तुत गरेको हुन्छ ।

## २.३ लघुकथाका तत्त्व

साहित्यका कुनै पनि विधाको एउटा निश्चित संरचनात्मक स्वरूप हुन्छ, तिनै स्वरूपका आधारमा त्यो विधाको मापन गर्न सकिन्छ । साहित्यका विविध विधामध्ये

आख्यानात्मक विधा अन्तर्गत पर्ने लघुकथा एउटा प्रविधा वा उपविधा हो । काव्यका महाकाव्य, खण्डकाव्य, कविता, गीत, लघुकथा, मुक्तक, हाइकु र ताङ्का जस्ता विभिन्न रूपमा वर्गीकरण गरिए जस्तै आख्यान अन्तर्गत उपन्यासलाई बृहत् वा मध्यम रूप, कथालाई लघु रूप र लघुकथालाई लघुतम रूपमा समावेश गरिएको छ । आख्यान अन्तर्गत पर्ने यो विधाका विधागत स्वरूपमा भिन्नता पाउन सकिन्छ । यिनै विधागत विविधताका कारण त्यसमा प्रयोग गरिने तत्त्वमा पनि भिन्नता पाउन सकिन्छ । जसले एक विधाबाट अर्को विधालाई छुट्याउन सकिन्छ । वर्तमान समयमा महत्त्वपूर्ण र पठनीय विधाका रूपमा स्थापित भएको लघुकथाका संरचक तत्त्वलाई निम्नानुसार प्रस्तुत गरिन्छ ।

### २.३.१ कथानक वा कथावस्तु

पात्रद्वारा गरिने कार्य र सो कार्य गर्दा घट्ने घटनालाई कथानक वा कथावस्तु भनिन्छ । यो लघुकथाको मुख्य तत्त्व हो । चरित्र र घटनाहरूको सुव्यवस्थित विन्यास हुने कथानक कार्यकारण शृङ्खलामा आबद्ध हुन्छ (अश्क, २०६५ : २१ ) । चरित्र, भाव, विचार जस्ता पक्षहरू समेटिएको कथानक आदि, मध्य र अन्त्य गरी विकसित भएको हुन्छ । आदि भागमा प्रारम्भ, मध्य भागमा सङ्घर्ष विकास र अन्त्य भागमा निष्कर्ष तथा उपसंहार पर्दछन् (गौतम, २०७२ : ३७-३८) । केका बारेमा लघुकथा लेखिँदै छ ? त्यो नै लघुकथाको कथानक वा कथावस्तु हो । विशृङ्खलित घटनालाई शृङ्खलाबद्ध संयोजन गरी आरम्भ, उत्कर्ष र निष्कर्षको रैखिक ढाँचामा कथावस्तुको गति तीव्र अघि बढाउनु नै लघुकथाको मूल उद्देश्य हो । लघुकथाका कथावस्तु स्थूल वा सूक्ष्म भएर पनि आफैँमा पूर्ण हुन्छ (नेपाली विकिपिडिया) ।

खास गरी लघुकथामा कथानकको अत्यन्त सीमितता रहन्छ । जसको विन्यासमा सङ्क्षिप्तता हुन्छ । यसमा आरम्भ पछि उत्कर्ष र अपकर्षको स्थिति एकै पटक सम्पन्न भई रैखिक ढाँचामा देखिन्छ (गौतम, २०७२ : १८-१९) । समग्रमा भन्नु पर्दा लघुकथामा सुव्यवस्थित, सुगठित रूपमा विस्तृत कथानक हुँदैन तर कथात्मक घटनालाई भने व्यवस्थित रूपले प्रस्तुत गरिएको हुन्छ । जहाँ घटनाको तारतम्य राम्रोसँग गरिनुपर्छ । यो सङ्क्षिप्त, सूत्रात्मक र प्रभावकारितापूर्ण भने हुनुपर्छ । कथात्मक ढाँचा वृत्तकारीय तहमा नभई सोझो रैखिक ढाँचामा हुनु आवश्यक छ ।

### २.३.२ पात्र वा चरित्र

कथामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आएका विभिन्न व्यक्ति पात्र वा चरित्र हुन् । कथानकका सम्पूर्ण घटना पात्रमा निहित हुन्छन् । कथानकलाई जीवन्त पार्ने र मूर्तरूप प्रदान गर्दै आफ्नो कार्यव्यापार सम्पन्न गर्ने काम पात्रले गरेका हुन्छन् । लघुकथामा सीमित वा न्यून पात्रको अपेक्षा गरिएको हुन्छ । कथामा भन्दा लघुकथामा पात्रको सङ्ख्या निकै कम रहन्छ ।

वस्तुको भोक्ता र समाख्याता अलग रहेर पनि कथाको निर्माण हुन्छ । समख्याता स्वयम् नै वस्तुको भोक्ता भएर पनि कथाको निर्माण हुनसक्छ तर कथामा जस्तो विपात्रको अवस्था लघुकथामा रहन सक्दैन (सुवेदी, २०७२ : ९) । पात्र वा चरित्र भनेको कथामा सहभागिता जनाउन आउने व्यक्ति हो । यो प्रतिकात्मक र अपूर्ण रूपमा भाववेत्तर पनि सहभागी वा उपस्थिति हुन सक्छन् । यिनले लघुकथामा आफ्नो कार्य व्यापार गर्छन् । यसमा पात्रका चरित्रको विकास नहुने भएकाले चरित्रको चित्रण भने गरिँदैन (गौतम, २०७२ : १९) । कथामा प्रयोग हुने पात्र वा चरित्रलाई लिङ्ग, कार्य, प्रकृति, स्वभाव, वर्ग, आदर्श आदिका आधारमा वर्गीकरण गरिन्छ । कथामा पात्रहरू जे जसरी आएका भए पनि कथानक र उद्देश्यसँग गाँसिएर आएका हुन्छन् । कथाको समग्र पक्षलाई गतिशील र प्रभावशाली बनाउने कार्यमा पात्रको भूमिका महत्त्वपूर्ण हुन्छ । जहाँ चरित्रले कथाको सम्पूर्ण संरचनागत पक्षलाई प्रतिनिधित्व गरेका हुन्छन् ।

### २.३.३ परिवेश

परिवेश लघुकथाको अर्को महत्त्वपूर्ण तत्त्व हो । यो कथाको मुख्य पृष्ठभूमि हो । कथामा घटनाहरू घटेको वा पात्रले कार्य सम्पादन गरेको स्थान, समय र वातावरणलाई परिवेश भनिन्छ । परिवेशको जीवन्त प्रस्तुतिले कथालाई यथार्थ र विश्वसनीय बनाउन सहयोग गर्दछ । लघुकथामा त परिवेशको अवस्था सङ्केतका रूपमा मात्र उपस्थित हुन्छ । लघुकथामा देश, काल र वातावरणको सङ्केत गरिएको हुन्छ । अत्यन्त सूत्रात्मक रूपमा आख्यान तन्तुलाई विन्यास गर्नुपर्ने भएकाले सबै जसो लघुकथामा कहिले, कहाँ, कस्तो अवस्थामा ? आदि प्रश्नहरूको स्पष्ट उत्तर पाउन सकिँदैन । सन्दर्भ र शब्दको अर्थ सामर्थ्यका आधारमा परिवेशको पहिचान गर्न सकिन्छ (निरौला, २०७३ : ८३) । खास गरी कथामा भन्दा लघुकथामा परिवेशको अवस्था सङ्क्षिप्त र सीमित रहने गर्छ ।

मूल कथालाई उत्कर्षमा पुऱ्याउने कार्य परिवेशको हो । यो कथाका तुलनामा लघुकथामा तीव्रबोधक र मर्म संवेदक रूपमा आएको हुन्छ (सुवेदी, २०७२ : ९) । समग्रमा परिवेश भनेको घटना घट्ने स्थान, समय र अवस्थालाई बुझ्काउँछन् । परिवेशको सजीव, चित्रणले लघुकथा, पठनीय, रोचक र उत्कृष्ट बन्ने देखिन्छ । त्यसकारण लघुकथामा परिवेश संवेदक र तीव्र रूपमा उपस्थित हुन आवश्यक छ ।

### २.३.४ उद्देश्य

निरुद्देश्य कुनै पनि साहित्य सिर्जना गरिँदैन । लघुकथाले देखाउन खोजेको विचार वा सारवस्तु नै लघुकथाको उद्देश्य हो । उद्देश्यलाई कथाकारले कथाका माध्यमबाट पाठकलाई प्रस्तुत गर्न खोजेको एउटा सन्देशका रूपमा लिन सकिन्छ । वर्तमानको सन्दर्भमा यथार्थ रूपमा प्रकटीकरण गर्नु लघुकथाको प्रमुख उद्देश्य रहेको पाइन्छ ।

विशेष गरी समसामयिक, सामाजिक, राजनैतिक, आर्थिक, धार्मिक, सांस्कृतिक, विकृति, विसङ्गति र बेथितिप्रति तीक्ष्ण व्यङ्ग्य प्रहार गरी सत्यको उद्घाटन गर्नु नै लघुकथाको उद्देश्य हुन्छ (नेपाली विकिपिडिया) । विशेषतः लघुकथाको मुख्य उद्देश्य भनेको समाज, राष्ट्र अनि विश्वसँग सम्बन्धित घटनाहरूको विसङ्गत पक्षमाथि झटारो हान्नु हो (भट्ट, २०६५ : ५७) । लघुकथाको उद्देश्यलाई विचार पक्षका रूपमा पनि लिन सकिन्छ, जसले लघुकथाको औचित्य वा प्रयोजनलाई प्रस्तुत गर्न सक्छ । त्यसैले कथा लेखन विना उद्देश्य हुन सक्दैन । त्यसले प्रक्षेपण गर्ने मूल मर्म वा भावलाई समेट्न सक्ने गुण उद्देश्यमा रहनु आवश्यक मानिन्छ ।

### २.३.५ दृष्टिविन्दु

कथानकमा पात्रहरूले भोगेको अवस्था वा घटनाको व्याख्या गर्न कथाकारले रोजेको स्थान नै दृष्टिविन्दु हो । दृष्टिविन्दु कथालाई प्रस्तुत गर्ने पद्धतिसँग सम्बन्धित हुन्छ । कथालाई कसले व्यक्त गर्दै छ भन्ने कुरालाई यसले महत्त्व दिन्छ । कथाकारले म वा ऊ कुनै पात्रलाई उपस्थित गराएर कथालाई व्यक्त गर्न लगाउँछ ।

कथा र उपन्यासमा जस्तै लघुकथामा पनि प्रथम पुरुष र तृतीय पुरुष दृष्टिविन्दु हुन्छ । दृष्टिविन्दु कथाको कथन गर्ने विन्दु वा कोण हो । यसलाई दृष्टिकोण वा कथन

पद्धति पनि भनिन्छ । प्रायः प्रथम पुरुष (म, हामी) र तृतीय पुरुष (ऊ, उनी) आदिका माध्यमबाट दृष्टिविन्दु अगाडि बढेको हुन्छ । यसले पात्रको परिचय एवम् स्थितिलाई दर्शाउँछ (भट्ट, २०६५ : ५७) । कथामा मुख्यतः दुईवटा दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

म पात्रलाई उपस्थित गराएर कथा कथन गर्न लगाइन्छ भने आन्तरिक दृष्टिविन्दु हुन्छ । ऊ वा कुनै नाम भएको व्यक्तिलाई उपस्थित गराएर कथा कथन गर्न लगाइन्छ भने बाह्य दृष्टिविन्दु हुन्छ । लघुकथाका सन्दर्भमा जुनसुकै दृष्टिविन्दु प्रस्तुत गर्न सकिन्छ (गौतम, २०७२ : १९) । कथामा प्रस्तुत गरिने आन्तरिक दृष्टिविन्दु प्रथम पुरुषका रूपमा र बाह्य दृष्टिविन्दु तृतीय पुरुषका रूपमा आएको हुन्छ । जे जसरी जुन दृष्टिविन्दुको प्रयोग भए तापनि दृष्टिविन्दु कथाका लागि नभई नहुने माध्यमका रूपमा रहेको छ ।

### २.३.६ भाषाशैली

साहित्यका अन्य विधाका झैँ लघुकथालाई प्रस्तुत गर्ने माध्यम भाषा नै हो । भाषालाई व्यक्त गर्ने तरिका नै शैली हो । भाषाले अभिव्यक्तिलाई सुन्दर बनाउँछ भने शैलीले भाषालाई सुन्दर बनाउँछ । भाषाशैली लघुकथा निर्माणको एक सबल पक्ष भएकाले पाठकलाई प्रभावित तुल्याउन भन्न खोजिएको कुरा स्पष्ट हुने गरी सरल र सहज भाषाशैलीको प्रयोग गर्नुपर्छ ।

सरल, सुबोध्य, सङ्क्षिप्त, सघन, खँदिलो, प्रभावपूर्ण, सटिक र स्पष्ट भाषामा लेखिने लघुकथामा बिम्बात्मक, प्रतीकात्मक, आलङ्कारिक, कसिलो, छरितो, सूत्रात्मक, तीव्र, व्यञ्जनात्मक तथा व्यङ्ग्यात्मक शैलीको अवलम्बन गर्नु उपयुक्त हुन्छ (गौतम, २०७२ : १९) । थोरैमा धेरै तथा भन्न खोजेको कुरालाई सन्देशमूलक ढङ्गबाट नाटकीय रूपमा व्यक्त गर्नका लागि लघुकथामा हृदयस्पर्शी किसिमबाट व्यक्त गर्ने सरस भाषाको प्रयोग गर्दै सरल एवम् सारगर्भित अर्थात् कृत्रिमताविहीन बिम्बात्मक र व्यङ्ग्यात्मक शैलीको आवश्यकता पर्दछ (निरौला, २०७३ : ८३,८४) । समग्रमा सरल, सरस, सहज, सटिक र सम्प्रेष्य भाषामा निर्मित हुने लघुकथामा लेखकले आफ्नो खुबी या लक्ष्य अनुरूपको शैली प्रयोग गर्दछ ।

## २.४ नेपाली लघुकथाको विकासक्रम

लघुकथाको विकास र परम्पराका सम्बन्धमा मुख्यतः दुई मत उल्लेख्य रहेका छन् । त्यस्ता मान्यताहरू पूर्वीय र पाश्चात्य रहेका छन् । पूर्वीय वैदिक तथा पौराणिक साहित्यमा प्रचलित छोटा-छोटा सूक्तिमय आख्यानहरू र पाश्चात्य साहित्यका छोटा आकारका एस्सेका नीतिकथा र सूक्तिकथाहरू, बाइबलका आख्यानात्मक सूक्तिहरू, पूर्व र पश्चिममा प्रचलित साना-साना लोककथात्मक र औपदेशिक कथाहरू आदि लघुकथाका सूत्रधार तथा बीजविन्दुका रूपमा रहेका छन् (गौतम, २०७२ : १६-१७) । यिनैका पृष्ठभूमिमा देखिएको लघुकथाको विकास वर्तमान समयसम्म गतिशील अवस्थामा अघि बढ्दै गइरहेको देखिन्छ । नेपाली साहित्यका क्षेत्रमा लघुकथा लेखनको प्रारम्भ र विकासको बीजविन्दु पूर्वीय र पाश्चात्य क्षेत्रमा देखिएका कथात्मक रूपले प्रदान गरेका छन् । नेपाली लघुकथाका सन्दर्भमा खोज, अध्ययन र अनुसन्धान कार्य अन्य विधामा जे जति भएका छन् त्यति यसमा हुन सकेको देखिँदैन ।

कथा कथिने परम्पराको इतिहास लामो छ । सम्भवतः मानव जातिको उद्भव र विकासको इतिहास हो । यसरी कथा परम्पराको विस्तार हुँदै आधुनिक कथा हुँदै आजका लघुकथाको रूप विकसित भएको देखिन्छ । भन्न त लघुकथाको जन्म वेदका संवाद, सूक्ति, सूत्र, पञ्चतन्त्र, हितोपदेश, बौद्ध जातकका कथा, जैनका कथाबाट भएको हो भनिँदै आएको छ । जे जसो भनिए तापनि यसको विकास र लोकप्रियता आजको परिवेशकै कारणले भएको हो । मानव जीवन जति अस्तव्यस्त भए तापनि उसले फुर्सद निकालेर रमाउँछ, हाँस्छ र आफ्नो जीवन यापन गर्छ । जुन व्यक्तिले जस्तो जीवन बाँच्छ उसले त्यस्तै संस्कारलाई अंगाल्छ । एउटा रक्सी सेवन गर्ने व्यक्तिले रक्सी खाएर आफ्नो जीवनको फुर्सदिलो समय बिताउँछ । अर्को तास खेल्ने व्यक्तिले फुर्सदिलो समय तास खेलेर समय बिताउँछ । यसरी सबैका मनोरञ्जन गर्ने तरिका पृथक हुन सक्छन् । कोही नाचेर र गाएर मनोरञ्जन गर्छन् । कोही लेखेर र पढेर मनोरञ्जन गर्छन् । कोही खेलकुदका कार्यक्रममा सहभागी भएर, कोही अरूलाई हँसाएर, कोही साहित्य सिर्जना गरेर । यी सबै समयका माग, आवश्यकता र चाहना हुन् ।

यिनै आवश्यकता र चाहनालाई मध्यनजर गर्दै एक सचेत सर्जकले विविध विधाका कृति प्रकाशन गरेर आफ्नो मनोञ्जनको माध्यम बनाउन पुग्छन् । आफूलाई सचेत नागरिकका रूपमा चिनाउन पुग्छन् । जसलाई केहीले पेशा भन्न सक्छन् । कोहीले नशा

भन्न सक्छन् । कसैले लत या कुलत भन्न सक्छन् । भन्नेले जे भने तापनि सभ्य समाज निर्माणका लागि आम सर्जकले आफ्ना सिर्जनमा सामाजिक यथार्थको चित्रण गर्दछन् । यस प्रकार आजका मान्छेको इच्छा लघुकथातर्फ आकर्षित भएका छन् । किनकि लघुकथाको आकार निश्चय नै छोटो हुन्छ तर लामो कथाको सारांश भने लघुकथा होइन ।

नेपाली लघुकथाको विकासक्रमको चर्चा गर्ने क्रममा गोपाल अश्कले पहिलो चरण (वि.सं. १९९२-२०१९), दोस्रो चरण (वि.सं. २०२०-२०३९) र तेस्रो चरण (वि.सं. २०४० देखि हालसम्म) गरी वर्गीकरण गरेका छन् (अश्क, २०६५ : ५९-७०) । अर्का अध्येता कुमारप्रसाद कोइरालाले पहिलो चरण (वि.सं.२०००-२०१९), दोस्रो चरण (वि.सं.२०२०-२०३९) र तेस्रो चरण (वि.सं.२०४० देखि हालसम्म) गरी तीन चरणमा विभाजन गरेका छन् (कोइराला, २०७२ : १३) । यसैगरी, पुष्करराज भट्टले पृष्ठभूमि चरण र पौराणिक कालदेखि वि.सं. २००६) पहिलो चरण, (वि.सं २००७-२०२९) दोस्रो चरण, (वि.सं.२०३०-२०४५), तेस्रो चरण (वि.सं.२०४६-२०५२) र चौथो चरण (वि.सं.२०५३-हालसम्म) गरी पाँच चरणमा विभाजन गरेका छन् (भट्ट, २०७२ : २६) । लक्ष्मण अर्यालले पृष्ठभूमि चरण (सुरुदेखि २००६), पहिलो चरण (वि.सं. २००७-२०१९), दोस्रो चरण (वि.सं. २०२०-२०४६), र तेस्रो चरण (वि.सं. २०४७-हालसम्म) गरी चार चरणमा विभाजन गरेको पाइन्छ ।

उनले तेस्रो चरणलाई पूर्वार्ध चरण (वि.सं. २०४७-२०५२) र उत्तरार्ध चरण (वि.सं. २०५३-हालसम्म) गरी दुई चरणमा विभाजन गरेका छन् (अर्याल, २०७३ : ८७-८८) । यसैगरी, डा. लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारीले आधारभूमिको चरण (सुरुदेखि २००६ सम्म), पहिलो चरण (वि.सं. २००७-२०१९), दोस्रो चरण (वि.सं. २०२०-२०३९), तेस्रो चरण (वि.सं. २०४०-२०५२), र चौथो चरण (वि.सं. २०५३ देखि हालसम्म) गरी पाँच चरणमा विभाजन गरेका छन् (अधिकारी र अन्य, २०६९ : २५३) ।

नेपाली लघुकथाको विकासक्रमका सम्बन्धमा गरिएका प्रस्तुत अध्ययनले एकै प्रकारको मत प्रदान गर्न सकेको देखिँदैन । विकासक्रमका बारेमा अध्ययनकर्ताले भिन्न-भिन्न मत र भिन्न-भिन्न समय विन्दुलाई प्रस्तुत गर्ने काम गरेका छन् । माथि प्रस्तुत गरेका अध्येताको नेपाली लघुकथाको विकास र परम्पराको अध्ययनपश्चात् नेपाली लघुकथाको विकासक्रमलाई पृष्ठभूमि समयसहित निम्नानुसार चार चरणमा वर्गीकरण गर्न सकिन्छ ।

क) पृष्ठभूमिकालीन समय (सुरुदेखि २००६ सम्म)

ख) प्रथम चरण (वि.सं. २००७-२०२९ सम्म)

ग) दोस्रो चरण (वि.सं.२०३०-२०४५ सम्म)

घ) तेस्रो चरण (वि.सं. २०४६-हालसम्म)

### २.४.१ पृष्ठभूमिकाल (सुरुदेखि २००६ सम्म)

नेपाली साहित्यका विकास परम्पराको अध्ययन गनुपूर्व पूर्वीय वैदिक तथा पौराणिक साहित्यमा प्रचलित छोटा-छोटा सूक्तिमय आख्यान र पाश्चात्य साहित्यका छोटा आकारका एस्सेका नीतिकथा र सूक्तिकथा, बाइबलका आख्यानात्मक सूक्ति, पूर्व र पश्चिममा प्रचलित साना-साना लोककथाका सूत्रधार तथा बीजविन्दुका रूपमा रहेका छन् (गौतम, २०७२ : १६- १७) । यिनै पूर्वीय तथा पश्चिमी साहित्यको प्रभाव हिन्दी तथा नेपाली लघुकथा लेखनमा परेको पाइन्छ । नेपाली लघुकथा लेखनमा पाश्चात्य तथा हिन्दी कथा लेखनको प्रभाव बढी रहेको देखिन्छ भने पूर्वीय साहित्य लेखन परम्परामा लगभग ई.पू. १००० वर्षअघिदेखि लघुकथा लेख्ने परम्परा रहेको पाइन्छ ।

नेपाली साहित्यको विकासको अध्ययन परम्परा हेर्दा जाँदा प्राचीन, धार्मिक एवम् पौराणिक साहित्यको अध्ययनलाई हेर्नुपर्ने हुन्छ । धार्मिक, पौराणिक आख्यानका अनुवाद, पञ्चतन्त्र, हितोपदेशसँग सम्बन्धित अनुवाद, इसपका नीतिकथा जस्ता परम्परित आख्यानक अनुवादले समेत प्रभाव पारेको छ । प्राथमिक तथा माध्यमिककालीन सत्सङ्गको वर्णन भएको कथा, राजा प्रपञ्चको एउटा किस्सा र मुन्सीका तीन आहानमा लोकतत्त्वको प्रयोग पाइन्छ (भट्ट, २०७२ : २६) । यस क्रममा लक्ष्मण गौतमले मुन्सीका तीन आहानमध्ये एक आहानमा लोकतत्त्व केही कम भएको, सामाजिक तत्त्वसमेत कम भएकाले वि.सं. १९८०-१९८५ मा कृष्णचन्द्र अर्ज्यालबाट लेखिएको लौकिक न्याय मनिमालाको, 'खानु त पाँचमुठी बस्नु त नेपाल' जस्ता २७ वटा लघुकथालाई नेपाली लघुकथाको पृष्ठभूमि मान्नुपर्छ (गौतम, २०६७ : ७) भन्ने धारणा अघि सारेका छन् ।

यसैगरी, अर्का अध्येता लक्ष्मण अर्यालले नेपाली भाषा र साहित्यका सन्दर्भमा जे.ए.एटनले गरेको योगदान पनि महत्त्वपूर्ण मान्न सकिन्छ भन्दै यिनले नेपाली भाषाको संरचनासँग पाठकवर्गलाई परिचित गराउने उद्देश्यले फारसीका एक दोभासे मुन्सीसँग कथांशहरू लिएर अनुवाद गरी तीन आहान आफ्नो 'अ ग्रामर अफ द नेप्लिज ल्याङ्ग्वेज'

नामक व्याकरण कृतिमा उदृत गरेको (अर्याल, २०७३ : ८९) सन्दर्भ प्रस्तुत गरेका छन् । पृष्ठभूमि चरणमा चर्चा गर्नुपर्ने अर्का लेखक गोपालसिंह नेपाली हुन् । उनी भारतीय भूमिमा बसोबास गर्ने नेपाली साहित्यकार हुन् । यिनको 'कल्पना' (१९९२) लाई कविता भनिए पनि यसमा लघुकथात्मक तत्त्वको उपस्थिति पाइन्छ । हिजो आजका गद्यकविता भन्दा भिन्न, पूर्णतया आख्यान तत्त्वको उपस्थिति भएकोले यस कृतिलाई पनि नेपाली लघुकथाको आधारभूमि मान्न सकिन्छ । अनुवाद र तिलस्मी लघुकथात्मक स्वरूपका रचनालाई छाड्ने हो भने 'लौकिक न्याय मणिमाला'ले यस आधारभूमिको चरणका लघुकथाको प्रतिनिधित्व गरेको देखिन्छ (गौतम, अधिकारी, २०६९ : २५४) ।

नेपाली लघुकथाको पृष्ठभूमि चरण लघुकथाका तत्त्वहरूको उपयोग गरी लेखिएका सशक्त लघुकथाहरूको प्रयोग भूमि होइन । जसको यस पृष्ठभूमि चरणमा चर्चा गरिएको छ । तिनले लघुकथा नै नाम दिएर विधागत प्रस्तुति दिएका थिएनन् । यहाँ उल्लेख गरिएका सर्जक र तिनका लघु सिर्जनामा लघुकथात्मक तत्त्वको आभाष पाइने हुनाले यी लघुकथाका प्रारम्भिक सिर्जना हुन सक्ने ठानी यिनको चर्चा गरिएको हो । यति बेलाका कथात्मक सिर्जनामा अनुवाद परम्पराको प्रबलता पाइन्छ । नीति र उपदेश दिनु, लोककथात्मक तत्त्वको उपस्थिति बढी पाइनु, सामाजिक तत्त्वहरूको उपयोग केही मात्रामा गरिनु, केही मौलिक रचनाको पनि उपस्थिति पाइनु, पृष्ठभूमि चरणका वैशिष्ट्य हुन् । लघुकथामा भाषाको सघन उपस्थिति भए पनि यस चरणमा त्यसको अभाव भएको देखिन्छ (अर्याल, २०७३ : ९०) । आखिर जे भए पनि नेपाली साहित्यका क्षेत्रमा लघुकथा लेखनको प्रारम्भ र विकासको बीज विन्दु पूर्वीय र पाश्चात्य क्षेत्रमा देखिएका कथात्मक रूपले प्रदान गरेका छन् ।

### २.४.२ प्रथम चरण (वि.सं. २००७-२०२९ सम्म)

लघुकथा लेखनको पहिलो चरण लघुकथा लेखनमा सचेत प्रयासको थालनी भएको चरण हो । यस चरणका प्रमुख सर्जक पूर्णप्रसाद ब्राह्मण (वि.सं.१९७९-२०४६) हुन् । लघुकथाकार पूर्णप्रसाद ब्राह्मणको २००७ सालमा प्रकाशित 'झिल्का' लघुकथा सङ्ग्रहबाट नेपाली लघुकथाको प्रथम चरण सुरु भएको मानिन्छ । समाजमा घटेका र घट्न सक्ने सामाजिक घटनालाई पूर्णप्रसाद ब्राह्मणले २२ वटा छोटा कथाको सङ्कलन झिल्काभित्र समेटेका छन् । लैनसिंह वाङ्देलले जयनारायण गिरीको 'कसिङ्गर' (२००८)

को लघुकथा सङ्ग्रहको भूमिकामा यसै कृतिलाई नेपाली लघुकथाको प्रथम सङ्गृहीत कृतिका रूपमा मानेका छन् । जयनारायण गिरीभन्दा पहिले पूर्णप्रकाश ब्राह्मणको कृति 'झिल्का' प्रकाशित भएको देखिएकाले यो नै आधिकारिक रूपमा पहिलो कृति बनेको छ र यही विन्दु अर्थात् २००७ देखि नेपाली लघुकथा लेखनको सचेत प्रयास भएको मान्न सकिन्छ (अर्याल, २०७३ : ९०) ।

नेपाली लघुकथाको प्रथम चरणको आरम्भ पूर्णप्रकाश ब्राह्मणको 'झिल्का' (२००७) नामक कृतिबाट भएको र यसपछि जयनारायण गिरीको 'कसिङ्गर' (२००८) पूर्णप्रकाश ब्राह्मणको अर्को कृति 'म लोग्ने हुँ' (२००८), शशिकला शर्माको 'उसको सुरुवात' (२०१९), विश्वम्भर प्याकुरेलको 'इन्द्रेणीको गुम्बजभित्र' (२०१९) जस्ता कृति प्रकाशित भएको देखिन्छ । यसैगरी हरिभक्त कटुवालको सम्पादनमा 'बान्की' पत्रिकाको प्रकाशन (२०२८) भएको देखिन्छ । यस पत्रिकामा विभिन्न स्रष्टाका लघुकथालाई समावेश गरिएको (भट्ट, २०७२ : २७) सन्दर्भलाई उल्लेख गरेका छन् ।

यस्तै श्रीओम श्रेष्ठले मधुपर्कमा 'लघुकथा र यसका प्रकाशन' शीर्षकको लेखमा नेपाली भाषामा प्रकाशित भएका आरम्भिक लघुकथाहरूको उल्लेख गरेका छन् । २००६ सालमा वनारसबाट प्रकाशित 'उदय' पत्रिकामा छोटा कथा नामले फलेन्द्र, नरेन्द्रविक्रम पन्त, वनमालिका तीन कथा प्रकाशित भएका छन् । यस्तै 'प्रतिभा' पत्रिका (२००७) मा फणिन्द्रराज खेतालाको 'रण्डी र चण्डी' रत्नमणि नेपालको 'विवाह' आदि लघुकथा प्रकाशित भएका छन् (श्रेष्ठ, २०५६ : ५९-६३) भनी उल्लेख गरेका छन् । यस समयमा प्रकाशित लघुकथाका प्रमुख प्रवृत्ति यस प्रकार छन् :

- लघुकथाको शिल्प र संरचनामा कथा लेखन कार्य भएको,
- लघुकथाको कृतिगत स्वरूपको विकास र विस्तार भएको,
- विभिन्न पत्रिपत्रिकाको प्रकाशन भई लघुकथा प्रकाशनलाई महत्त्व दिइएको,
- वि.सं. २००७ सालमा भएको परिवर्तन र त्यसले समाज अनि मानिसलाई पारेको प्रभावको प्रस्तुति,
- नारीहरूले तत्कालीन समयमा भोग्नु परेका समस्याको वर्णन,
- नेपाली समाजमा हुने विभिन्न अन्याय, अत्याचार, दमन, शोषणको कथामा प्रस्तुति,

- विभिन्न मानवीय समस्या र तिनले मानिसको मानसिकतामा पारेको असरको चित्रण,
- अस्तित्ववादी, विसङ्गतिवादी चिन्तनका साथै स्वच्छन्दतावादी चेतनाको विकास जस्ता प्रवृत्ति रहेको पाइन्छ ।

### २.४.३ दोस्रो चरण (वि.सं. २०३०-२०४५सम्म)

नेपाली लघुकथा लेखनको दोस्रो चरण वि.सं. २०३० देखि २०४५ सम्मको समयावधिलाई लिन सकिन्छ । यस समयमा नेपालीहरू निरंकुश एकतन्त्रीय पञ्चायती व्यवस्थाबाट निर्देशित हुनुपरेको अवस्था हो । यतिबेला स्रष्टाहरू खुलेर आफ्ना विचार र चिन्तनलाई अभिव्यक्त गर्न सक्ने अवस्था रहेको थिएन । यस समयलाई पुष्करराज भट्टले विकासकाल मानेका छन् । यस समयका लघुकथामा तत्कालीन समयको चित्रणलाई प्रस्तुत गरेको पाइन्छ । जसको प्रस्तुतिको शैली प्रयोगवादलाई आत्मसात् गरेको देखिन्छ ।

यस समयमा प्रकाशित कृतिमा रमेश नेपालीको ‘पाटीकी बौलाही’ (२०३२), अनिता तुलाधरको ‘फुलु’ (२०३४), ध्रुव मधिकर्मी र श्याम आशाको ‘लघु’ (२०३५), लव गाउँलेको ‘गाउँलेका मसिना कथाहरू’ (२०३७), जगदीश नेपालीको ‘केही लघुकथाहरू’ (२०३९), विनयकुमार कसजूको ‘पशुतन्त्र’ (२०३९), रत्न कोजुको ‘बूढो वर्तमान’ (२०४२) आदि कथाकारले कृतिगत रूपमा लघुकथा प्रकाशन गरेका छन् ।

यसबाहेक विभिन्न स्रष्टाले फुटकर रूपमा पत्रपत्रिकामा कथा प्रकाशन गरेका छन् । त्यस्ता पत्रिकामा ‘चौतारो’, ‘प्रयोग’, ‘दर्पण’, ‘दुबो’, ‘नागबेली’, ‘नवरत्न’, ‘चार हस्ताक्षर बाह्र स्वर’ जस्ता उल्लेखनीय रहेका छन् । यसका साथै लघुकथा सम्बन्धी विभिन्न गोष्ठी र कार्यपत्रसमेत प्रस्तुत गरेर लघुकथाको विकास र विस्तारमा सहयोग पुऱ्याएको छ (भट्ट, २०७२ : २८) भन्ने कुराको अध्ययन गरेको पाइन्छ । माथि उल्लेखित कृतिहरू स्रष्टा र विभिन्न पत्रपत्रिकामा फुटकर लघुकथा प्रकाशन गर्ने स्रष्टाहरूले तत्कालीन समयलाई आत्मसात् गर्दै त्यसैको प्रतिबिम्बन र आफ्ना वैचारिक दर्शनलाई कथामार्फत् प्रस्तुत गरेका छन् । यस समयमा देखिएका स्रष्टाहरूका विभिन्न विषयगत प्रवृत्तिहरूलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिन्छ :

- मानिसका जीवनमा देखिएका विसङ्गत क्रियाकलापको प्रस्तुति,

- समाजमा रहेका विभिन्न कुरीति, कुसंस्कार, बेथिति, भ्रष्टाचार जस्ता कार्यको उद्घाटन,
- धार्मिक, सांस्कृतिक, राजनीतिक, शैक्षिक, आर्थिक, प्रशासनिक जस्ता क्षेत्रमा देखिएका विकृतिप्रति व्यङ्ग्य र विरोध,
- निरंकुश, पञ्चायती व्यवस्थाप्रति जनताको आक्रोश र विरोधको स्वर,
- मानिसले स्वतन्त्रतापूर्वक बस्न, बाँच्न र बोल्न पाउने प्रजातान्त्रिक पद्धतिको चाहना,
- कथामा विभिन्न प्रतीक तथा बिम्बहरूको प्रस्तुति,
- विषयवस्तुगत विविधताका साथै शैलीमा पनि विविधताको उपयोग आदि ।

### २.४.४ तेस्रो चरण (वि.सं. २०४६ देखि हालसम्म)

२०४६ सालदेखि हालसम्मको समयावधि नेपाली लघुकथाको तेस्रो चरणको अवधि हो । कसैकसैले यस चरणलाई तेस्रो र चौथो भनी छुट्याएका छन् । यस चरणमा लघुकथाको छुट्टै प्रवृत्ति स्थापना हुनुभन्दा पनि तेस्रो चरणको पूर्वार्ध समयकै प्रवृत्तिको विकास र विस्तार पछिल्लो समयमा भएको पाइएकाले छुट्टै चरण भनी स्थापना गर्नुभन्दा पनि यस चरणलाई पूर्वार्ध (वि.सं.२०४६-२०५२) र उत्तरार्ध (वि.सं.२०५३-हालसम्म) गरी दुई उपचरणमा विभाजन गर्नु उपयुक्त देखिन्छ (अर्याल, २०७३ :९३) भन्ने धारणा प्रस्तुत गरेको पाइन्छ । नेपाली साहित्यको विकासमा देखिएको लघुकथाको तेस्रो चरणलाई २०४६ देखि यताको समयमा वर्गीकरण गरिएको छ ।

पञ्चायती व्यवस्थाले मानिसमा उत्पन्न गराएको निराशा, आक्रोश र विद्रोहको स्वरले २०४६ सालमा निरंकुश पञ्चायती शासनको अन्त्य र प्रजातन्त्रको स्थापना भएको थियो । यस समयमा स्रष्टाले आफ्ना विचार, धारणा र चिन्तनलाई विना रोकतोक स्वतन्त्र ढङ्गले प्रस्तुत गर्ने मौका प्राप्त गरेका छन् । यस समयावधिलाई पुष्करराज भट्टले वि.सं.२०४६ देखि २०५२ र वि.सं.२०५३ देखि यता गरी दुई चरणमा विभाजन गर्न सकिने आधार प्रस्तुत गरेका छन् (भट्ट, २०७२ : २८-२९) । २०४६ सालपछि नेपाली लघुकथा लेखनको विकासमा तीव्रता आएको देखिन्छ । जसको प्रमुख कारण राजनीतिक परिवर्तन नै हो ।

यस समयमा प्रकाशित भएका कृतिहरू आमोद भट्टराईको 'हस्ताक्षर' (२०४७), नारायण तिवारीको 'दसैं खर्च' (२०४७), भागीरथी श्रेष्ठको 'रङ्गीन पोखरी' (२०५०),

रामबहादुर बानियाँ क्षेत्रीको 'यो जीत कस्को' (२०५० ध्रुव मधिकर्मीको 'बुद्ध कहीँ छैन' (२०५१), सुमन सोरेभको 'आधुनिक लघुकथाहरू' (२०५२), विनयकुमार कसजुको 'लिस्नो' (२०५३), कपिल लामिछानेको 'अन्यथा' (२०५४), विश्वराज अधिकारीको 'सूर्य' (२०५४), 'अभिनय' (२०६०), इन्दिरा प्रसाइँको 'बयान' (२०५५), रवीन्द्र समीरको 'तेस्रो आँखा' (२०५३) र 'ईश्वरका कथा' (२०६५), गोविन्द भट्टराईको 'भाग्यले लुटेको जिन्दगी' (२०५९), अच्युत घिमिरेको 'शिखर चढिरहेको मानिस' (२०६०), शिवहरि अधिकारीको 'दुःखेको मन' (२०६२), भीम राना 'जिज्ञासु'को 'कर्फ्यु लागेको दिन' (२०६५), दिलीप शाहको 'जालो' (२०६६), सन्तोष श्रेष्ठको 'अधुरो सपना' (२०६७), साधना प्रतीक्षाको 'सन्दिग्ध समयका पाइलाहरू' (२०६८), रामचन्द्र नेपालको 'प्रतिबिम्ब' (२०६९), कल्याण पन्तको 'समय सन्दर्भ' (२०६९) र 'प्रसाद' (२०७१), टीकाराम रेग्मीको 'विपर्यास' (२०७१), कमल दीक्षितका लघुकथा सिर्जना गरी सङ्ग्रह प्रकाशन गरेका छन् (भट्ट, २०७२ : २९-३१) । फुटकर रूपमा लघुकथा प्रकाशन गर्नका लागि विभिन्न पत्रपत्रिकाले विशेष महत्त्व दिएका छन् । त्यस्ता पत्रपत्रिकामा 'प्रसुन', 'वेदना', 'गुञ्जन', 'मधुपर्क', 'दायित्व', 'मन्थन', 'बिसौनी', 'वैजयन्ती' आदि रहेका छन् ।

यसका साथसाथै विभिन्न क्षेत्रबाट लघुकथा प्रकाशनमा विशेषाङ्क पनि प्रकाशित हुँदै आएकाले पनि यसले विकास र विस्तारको अवसर प्राप्त गऱ्यो । यस समयमा प्रकाशित भएका सङ्ग्रह र फुटकर लघुकथाको अध्ययन विश्लेषणबाट निम्न अनुसारका विषयगत प्रवृत्तिहरू रहेका छन् भन्ने कुरा उल्लेख गर्न सकिन्छ :

- प्रजातान्त्रिक व्यवस्थाले निम्त्याएको विकृति र विसङ्गतिको प्रस्तुति,
- राजनीतिक परिवर्तन भए पनि सर्वसाधारणका इच्छा, चहाना, आकाङ्क्षा पूरा हुन नसक्दा उत्पन्न भएको मानिसको असन्तुष्टि व्यक्त,
- लेखनमा विभिन्न नयाँ-नयाँ बिम्ब, प्रतीकको खोजी र प्रयोग,
- समाजको राजनीतिक मूल्य मान्यतामा देखिएका विकृतिप्रति व्यङ्ग्य,
- २०५० पछि उत्पन्न भएको द्वन्द्व र त्यसले नेपाली समाजमा पारेको हिंसाको प्रभाव,
- विभिन्न सामाजिक, आर्थिक, सांस्कृतिक जस्ता पक्षमा देखिएको मूल्यहीनताको चित्रण,
- प्रवासी नेपाली जीवनका पीडाका साथै नारीवादी चिन्तनको प्रस्तुति आदि ।

## २.५ निष्कर्ष

लघुकथा आख्यान विधा अन्तर्गत पर्ने एक उपविधा हो । लघुकथा लघु र कथा मिलेर बनेको समस्त शब्द हो । जहाँ लघुको अर्थ छोटो र कथाको अर्थ आख्यान भन्ने हो । यस आधारमा हेर्दा लघुकथा छोटो आख्यान भएको साहित्यिक रचना हो । नेपालीको लघुकथा अङ्ग्रेजीमा सर्ट स्टोरी, मिनी स्टोरी, माइक्रो स्टोरी, सडेन फिक्सन, लिटिल सर्ट स्टोरी शब्दका रूपमा परिचित छ भने हिन्दीमा यसलाई कहानी वा कहावत भन्ने गरिन्छ । संरचनात्मक हिसाबले जे जस्तो नाम दिइए पनि नेपालीमा यसलाई लघु वा सानो आकारको कथा भनेर बुझिन्छ । यसको स्वरूप छोटो भए पनि यो आफैँमा एउटा पूर्ण रचना हो । त्यसैले वर्तमान समयमा अत्यन्त लोकप्रिय र अधिकांशले अध्ययन गर्ने विधाका रूपमा लिन सकिन्छ ।

वर्तमानको प्राविधिक युगमा मानिसमा ठूलाठूला सिर्जनात्मक ठेली पढ्ने फुर्सद छैन । पाठकहरूले त्यस्तो सिर्जनालाई रुचाउँछन् जुन छोटो समयमा पठन गर्न सकियोस् र पाठकलाई आनन्दसहित मनोरञ्जन प्रदान गर्न सकोस् । लघुकथाले आख्यानका लागि आवश्यक अवयव वा तत्त्वलाई नै आत्मसात् गरेको हुन्छ । लघुकथामा यिनको सीमित प्रयोग गरिएको हुन्छ । वर्तमानमा लघुकथा पाठ्य र श्रव्य मात्र नभई नाटकीकरणसमेत गर्न थालिएको पाइन्छ । पूर्ण लघुकथा बन्नका लागि कथावस्तु वा कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली जस्ता तत्त्वको आवश्यकता पर्दछ । यिनै तत्त्वगत आधारको प्रयोग गरिँदा लघुकथा जीवन्त र उद्देश्यमूलक बन्न जाने देखिन्छ ।

नेपाली लघुकथाको विकासक्रमलाई हेर्दा विभिन्न अध्येताले आफूले प्राप्त गरेको ज्ञान र अनुभवलाई आधार मानी व्याख्या विश्लेषण गरेको पाइन्छ । समग्रमा के भन्न सकिन्छ भने, नेपाली लघुकथाको विकासक्रमलाई हेर्दा नेपाली लघुकथा आजसम्म आइपुग्दा विभिन्न मोड र धारा पार गर्दै आइरहेको मात्र होइन । यसले आफ्नो विधागत मौलिक पहिचानलाईसमेत स्पष्ट पारेको छ । आजभोलि लघुकथाको सिर्जनात्मक विस्तार तीव्र गतिमा भएको पाइन्छ ।

परिच्छेद : तीन

# कल्याण पन्त र उनका लघुकथाको अध्ययन

### ३.१ कल्याण पन्तको सङ्क्षिप्त चिनारी

कल्याण पन्तको जन्म २०२५ साल जेठ ५ गते मङ्गलवारका दिन पिता बटुकृष्ण पन्त र माता ईश्वरी पन्तका कोखबाट डौलियाडाँडामा भएको हो । डौलियाडाँडा, गण्डकी अञ्चलअन्तर्गत लमजुङ जिल्लाको पूर्वी-दक्षिणी भागमा पर्दछ । सात वर्षको उमेरसम्म उनी १७ सदस्यीय संयुक्त परिवारमा हुर्के, खेले र बढे । २०३३ सालमा पिताका ३ दाजुभाइमा अंशवण्डा भएपछि करिब तीन किलोमिटर पर गाउँबाट पाङ्ग्रेफाँट भन्ने बेंसीमा झरे । त्यसपछि एक/एक दिदीभाइ, बाबुआमासहित ५ जना परिवारमा बसेर उनको बाल्यकाल बित्यो ।

कल्याण पन्त बाल्यावस्थादेखि गम्भीर प्रकृतिका थिए । कल्याण पन्तको प्रारम्भिक शिक्षा घर नजिकै रहेको शुभोदय प्राथमिक विद्यालयबाट ५ वर्षको उमेरमा सुरु भएको हो । त्यतिखेर गाउँकै विद्यालयमा कक्षा तीनसम्म मात्र पढाइ हुन्थ्यो । सोही कारण उनले कक्षा चारदेखि १० कक्षासम्म अध्ययनका लागि बजार क्षेत्रमा एउटा मात्र माध्यमिक विद्यालय थियो । २०३३ सालमा चार कक्षा पढ्नका लागि उनी वीरभक्ति माध्यमिक विद्यालय, तार्कुघाटमा भर्ना भए । २०४२ सालमा उनले त्यही विद्यालयबाट एस.एल.सी. उत्तीर्ण गरेको पाइन्छ ।

उच्च शिक्षाका लागि लमजुङबाट नजिक पर्ने स्थान पोखरा, चितवन वा काठमाडौं जानुपर्ने बाध्यता थियो । उनको रोजाइ चितवन बन्यो । २०४३ सालमा डाक्टर बन्ने लक्ष्यका साथ भरतपुरस्थित वीरेन्द्र बहुमुखी क्याम्पसअन्तर्गत विज्ञान तथा प्रविधि सङ्कायमा जीवविज्ञान विषय लिई भर्ना भएर अध्ययनलाई अगाडि बढाए (शोधनायकबाट प्राप्त जानकारी) । २०४५ सालमा आइ.एस्सी.सम्मको अध्ययन त्यहीँबाट पूरा गरे । २०४६ सालको जनआन्दोलन चलिरहेकै बेला उनले पाँच महिना आफूले एस.एल.सी. पास गरको वीर भक्ति माध्यमिक विद्यालयमा पढाए । आइ.एस्सी.मा द्वितीय श्रेणी हासिल गरेपछि उनको लक्ष्य बदलियो । विश्वविद्यालयतिर प्राध्यापन गर्ने सुर कसे । २०४७ सालमा उनी अमृत साइन्स कलेज (अस्कल), लैनचौर, काठमाडौमा स्नातक तह (बि.एस्सी. प्रथम वर्ष) मा भर्ना

भए । केही महिनाको अध्ययनपछि उनी पोखरास्थित पृथ्वीनारायण क्याम्पसमा स्थानान्तरण हुन पुगे । त्यहीँबाट २०४९ सालमा अध्ययन पूरा गरे । त्यस समय स्नातक तह (बि.एस्सी.) को मुख्य विषय जीवविज्ञान थियो । सोही बेला पाँच महिना कास्की जिल्लास्थित भविष्य निर्माण माध्यमिक विद्यालय, कृस्ती नाच्नेचौरमा अध्यापनमा लागे (शोधनायकबाट प्राप्त जानकारी) । २०५० साल भाद्रमा उनी त्रिभुवन विश्वविद्यालय कीर्तिपुर क्याम्पसमा स्नातकोत्तर तह (वनस्पतिशास्त्र विभाग) मा भर्ना भए । २ वर्षको अध्ययनपछि उनले विज्ञानाचार्यको उपाधि हात पारे । विभिन्न परियोजनामा प्रकृतिविद्, वातावरणविद् आदि हुँदै पन्त हाल पोखरास्थित पृथ्वीनारायण क्याम्पसमा विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत वनस्पतिशास्त्र विभाग, स्नातक तहमा २०५५ साल मंसिरदेखि प्राध्यापनरत रहदै आएका छन् । विभिन्न ठाउँमा शिक्षादीक्षा गर्ने क्रममा विद्यालयमा छँदा होस् या उच्च शिक्षा अध्ययन गर्ने क्रममा कल्याण पन्तले प्रायः आयोजना भइरहने साहित्यिक कार्यक्रममा सहभागिता जनाउन नछोडेको बुझिन्छ । त्यसरी लेखन कार्यलाई पनि उनले निरन्तरता दिएको पाइन्छ ।

### ३.१.१ पारिवारिक पृष्ठभूमि

कल्याण पन्तको परिवार गाउँको संयुक्त परिवार थियो । गाउँमा उनको घर तीनतले घरको रूपमा चिनिन्थ्यो । घरको आकार ठूलो भएकोले सबैले ठूलाघरे भन्थे । उनका हजुरबुबा समाजकै जेठाबाठा र शिक्षित थिए । गोरखापत्र राष्ट्रिय दैनिकलगायत विभिन्न खालका धार्मिक, सामाजिक पुस्तक पढिरहन्थे । यसको छाप पन्तलाई थियो । यतिमात्र नभई उनका हजुरबुबा गणेशबहादुरका पिता पद्मविलास पन्त माध्यमिक कालीन मोतीमण्डलीका कवि थिए । पद्मविलासका पाण्डुलिपि घरमा थुप्रै थिए । बाँसको कलमले नेपाली कागजमा लेखिएका ती पाण्डुलिपि अत्यन्तै सुन्दर थिए । तिनै पाण्डुलिपिका कविता, निबन्ध र गजलले पन्तलाई साहित्यमा प्रवेश गर्ने मौका मिल्यो । त्यसो त उनका हजुरबुवाले पनि थुप्रै कविता लेख्ने गर्थे । पिता बटुकृष्ण पन्तले पनि बेलाबखतमा उत्प्रेरणा गरिरहन्थे (शोधनायकबाट प्राप्त जानकारी) । उनले आठ कक्षामा पढ्नुपर्ने तीन वटा पाठ आफ्ना पिताले लेखेको बताउँदा ती एक-एक अक्षर हेरेर दङ्ग परेको अनुभव उनी सुनाउँछन् । आफू पनि त्यसरी भविष्यमा कहिले लेख्न सकिएला भन्ने चिन्ताले पिरोलेको र साहित्यिक कार्यक्रममा भाग लिँदा आफू पनि साहित्यमा समाहित भएको शोधनायक कल्याण पन्त बताउँछन् ।

### ३.१.२ पेशा व्यवसाय

साहित्य क्षेत्रमा क्रियाशील भए पनि कल्याण पन्तको मूलतः पेशा प्राध्यापन हो । उनी त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पसमा वनस्पतिशास्त्र विषय पढाउने गरी २०५५ सालमा आंशिक शिक्षक पदमा प्रवेश गरेका हुन् । त्यसपछि तत्कालीन त्रिभुवन विश्वविद्यालयले निर्णय गरेको कोर्स करार र शिक्षण सहायक हुँदै २०७४ सालदेखि उप-प्राध्यापक पदमा कार्यरत छन् । यसका अलवा पन्तले विश्वविद्यालय अनुदान आयोगद्वारा गुणस्तर प्रत्यायोजन मापन गरिएको जनप्रिय बहुमुखी क्याम्पसमा विएस्सी तहमा प्राध्यापन गराउँदै आएका छन् ।

हालसम्मका दिनमा उनको २० वर्षको प्राध्यापन क्षेत्रमा अनुभव रहेको देखिन्छ । प्राध्यापनको अतिरिक्त विषयगत तालिम दिने, अनुसन्धान गर्ने, बाह्य परीक्षकको रूपमा विभिन्न जिल्लामा परीक्षा सञ्चालन गर्ने, गराउने आदि कार्यमा पनि उनी उत्तिकै सक्रिय रहेका छन् ।

## ३.२ कल्याण पन्तको बहुआयामिकता

कल्याण पन्त मूलतः पेशागत रूपले त्रिभुवन विश्वविद्यालयका उप-प्राध्यापक हुन् । उनको परिचय यत्तिमा मात्रै सीमित छैन् । उनी साहित्यकार पनि हुन् । सुरुका दिनमा कवितामा कलम चलाए पनि पछिल्लो क्रममा भने गद्यलेखनमा लागि परेका छन् । यसका अतिरिक्त सामाजिक क्षेत्रमा पनि उनको सक्रियता देखिन्छ । करिब एक दर्जन सामाजिक संस्थामा उनी सङ्लग्न छन् ।

विज्ञान तथा प्रविधि सङ्कायमा प्राध्यापन गर्ने भए तापनि पन्तले विभिन्न पत्रपत्रिका सम्पादन, ज्योतिषीय गतिविधिमा सहभागिता, अखबारी लेखन गर्दै आएका छन् । जीवविज्ञानसँग सम्बन्धित तालिम तथा सम्मेलनमा सहभागिता जनाएका पन्त प्रकृति, वातावरण र अनुसन्धानसँग पनि सम्बन्धित व्यक्तित्व हुन् । उनीसँग चितवन राष्ट्रिय निकुञ्जमा टेम्पल टाइगर जङ्गल लजको मातहतमा रहेर सन् १९९७ देखि १९९८ सम्म वन्यजन्तु तथा वनस्पति पहिचानका लागि काम गरेको अनुभवसमेत छ ।

विभिन्न सङ्घसंस्थाका साहित्यिक तथा गैह्र साहित्यिक सङ्घसंस्थाका मुखपत्रको सम्पादनसमेत गरेका छन् । उनले हालसम्म 'पोखरा दीप' (साप्ताहिक), 'नव परिवेश' ( विज्ञान साहित्य), 'नवपरिवेश ज्योतिष विशेषाङ्क' (वार्षिक), 'प्रवर्द्धन' मासिक (वाणिज्य),

‘ज्योतिष दीपिका’, ‘पोखरा पुञ्ज’ स्मारिका, ‘पन्त हेल्थ खबर पत्रिका’ (मासिक), ‘लमजुङ सङ्गम’ (वार्षिक स्मारिका), ‘तिलिचो’ स्मारिका, ‘वीर भक्ति’ स्मारिका, ‘जनप्रिय रजत वार्षिक स्मारिका’लगायतका दर्जन बढी स्मारिका तथा पत्रपत्रिका सम्पादन गरिसकेका छन् । यसैगरी, विगत २०५९ सालदेखि माछापुच्छ्रे एफ.एम ९१ मेगाहर्जबाट स्वास्थ्य, विज्ञान तथा वातावरण नामक कार्यक्रमसमेत सञ्चालन गर्दै आएका छन् ।

कल्याण पन्तले ज्योतिष विधामासमेत विद्वत्ता प्राप्त गरेका छन् । उनले दक्षिण एशियाली ज्योतिष महासङ्घको उपाध्यक्ष र नेपाल ज्योतिष परिषद् कास्की शाखाको अध्यक्षसमेत भएर कार्य गरिसकेका छन् । सोही योगदानको कदरस्वरूप उनलाई ज्योतिष विश्वबन्धु सम्मान (सन् २००४, कलकत्ता, भारत), ज्योतिष शिरोमणि उपाधि (सन् २००४, कलकत्ता, भारत), ज्योतिष रत्न विशेष सम्मान (२००७) लगायतका सम्मान प्राप्त भएका छन् ।

भविष्य निर्माण माध्यमिक विद्यालय कृस्ती, अनलिमिटेड प्राइभेट लिमिटेड संस्था र रिजनल कलेज अफ हेल्थ एण्ड साइन्सले उत्कृष्ट शिक्षकका रूपमा उनलाई सम्मान गरेका छन् । यस्तै, लमजुङ-पोखरा सम्पर्क समितिले सामाजिक संलग्नतामा रहेबापत सङ्घसंस्थाले उनलाई सम्मानसमेत गरेका छन् । साहित्यिक क्षेत्रमा विशेष गरी लघुकथामा उनको दक्षता देखिन्छ । विभिन्न कार्यक्रममा लघुकथाका माध्यमबाटै उनी चर्चामा छन् । २०७२ सालमा गोरखापत्र संस्थानद्वारा आयोजित राष्ट्रव्यापी खुला लघुकथा प्रतियोगिता कार्यक्रममा उत्कृष्ट १० अन्तर्गत उनले चौथो स्थान हासिल गरेका थिए ।

**३.३ कल्याण पन्तको लघुकथा यात्रा**

कल्याण पन्त नेपाली साहित्यका क्षेत्रमा लघुकथा विधामा क्रियाशील स्रष्टा हुन् । लघुकथाका माध्यमबाट परिचित पन्तका हजुरबुबा गणेशबहादुर पन्त असाध्यै पढालु थिए । पन्तले आफ्नो लेखन यात्राका बारेमा समय सन्दर्भ कृतिमा भनेका छन् । ‘फुर्सदको समयमा गोरखापत्र पढ्ने, कविता लेख्ने गर्नुहुन्थ्यो । एकपटक उनी कक्षा आठमा छँदा एक साहित्यिक कार्यक्रममा कविता वाचन गरेको देखेर हजुरबुबा निकै खुसी हुनुभएको थियो । उहाँले मेरो बुबा पनि कवि हुनुहुन्थ्यो भन्नुभयो र तत्कालै उहाँ कविताका पाण्डुलिपि देखाउनु भयो । नेपाली कागजमा बाँसको कलमले लेखिएका ती अक्षर असाध्यै सुन्दर थिए (समय सन्दर्भ,

२०६९ : प्राक्कथन) ।' यसरी हजुरबुबाको प्रेरणा पाएका लघुकथाकार कल्याण पन्त साँच्चै उनकै लेखनबाट लालायित भएर साहित्यप्रति ढल्किएको पाइन्छ ।

माध्यमिक विद्यालयमा छँदा पन्तले साहित्यि कार्यक्रममा भाग लिन छाडेनन् । एक पटक उनी कक्षा ८ मा पढ्दा कवितामा तृतीय स्थान हासिल गरे । मूल्याङ्कन समितिमा पोखराका साहित्यकार कुलबहादुर के.सी.लगायतका थिए । उनले शब्दको चयन र अत्यानुप्रास अत्यन्तै सुन्दर ढंगले गरेको प्रशंसासमेत गरे । के.सी.को यो वाक्यले पनि साहित्यलाई छोड्न नहुने विचार उठेको पन्त बताउँछन् (शोधनायकबाट प्राप्त जानकारी) । त्यसो त उनले महाकवि लक्ष्मीप्रसाद देवकोटाको लेखनशैलीलाई औधी मन पराउँछन् । पन्तले फाट्टफुट्ट कविता, गजल, मुक्तक, लघुकथा लेखे । पछिल्ला दिनमा बिस्तारै गद्यमा पनि हात हाले ।

पृथ्वीनारायण क्याम्पस, पोखरामा बिएस्सी अध्ययन गर्ने सिलसिलामा साहित्यकार सूर्य खड्का बिखर्चीसित संगत हुन पुग्यो । यसले पनि उनलाई थप साहित्यमा लाग्न र लेख्न उत्प्रेरणा गरेको बताउँछन् । 'रूपाङ्कन' साहित्यिक मासिक पत्रिकामा उनको विज्ञान सम्बन्धी लेख प्रकाशन भएको थियो । काठमाडौंमा बसेर एम.एस्सी. पढ्ने क्रममा पनि खाने मुखलाई जुँघाले छेक्दैन भन्ने भनाइलाई चरितार्थ गर्दै उनले विज्ञान सम्बन्धी लेख, कविता, गजल आदि लेख्दै गए । यी लेख र कविता 'मिर्मिरे', 'मधुपर्क', 'युवामञ्च', 'गोरखापत्र' आदिमा प्रकाशन हुँदै गए । यसले उनलाई थप हौसला प्रदान गऱ्यो र पछिल्ला दिनमा उनले लघुकथालाई अँगालेको पाइन्छ ।

२०३७ सालदेखि विद्यालयमा कविता प्रतियोगितामा भाग लिएका पन्तले २०४१ सालताका निबन्ध लेखनमा सहभागी बनेर आफ्नो साहित्यिक यात्रालाई लम्काउँदै आए । कविता र निबन्ध विधामा सामान्य कलम चलाएका कल्याण पन्तले २०५३ सालको जेठ १९ गतेका दिन गोरखापत्रको शनिबारीय अङ्कमा उनले 'सङ्घर्षहीन नारी समाज' शीर्षकको लघुकथा प्रकाशन गरे । यस्तै २०५९ सालदेखि बिस्तारै उनका लघुकथा विभिन्न साहित्यिक र दैनिक पत्रपत्रिकामा फाट्टफुट्ट प्रकाशन हुँदै जान थालेपछि त्यसबाट प्राप्त प्रतिक्रियाले उनमा उत्साह जागेपछि कृति प्रकाशनको सोच पलाएको देखिन्छ ।

कथाकार पन्तले मानव जीवनमा हुने गरेका विकृति, विसङ्गति, अन्याय र अत्याचारका घटनालाई लघुकथाका रूपमा जोड्दै जान थाले । अन्ततः उनी २०६९ सालमा 'समय सन्दर्भ' लघुकथा सङ्ग्रह लिएर नेपाली साहित्यमा देखा परे । त्यसपछि २०७१

सालमा उनको दोस्रो लघुकथा सङ्ग्रह 'प्रसाद' प्रकाशन भयो । यसरी साहित्यमा प्रवेश गरेका पन्त लमजुङमा जन्मेर हाल पोखरालाई कर्मथलो बनाउँदै आएका छन् । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) गण्डकी समितिका कार्यसमिति सदस्य र केन्द्रीय समितिका आजीवन सदस्यसमेत रहेका पन्त पछिल्लो समय आदर्श समाज राष्ट्रिय दैनिक पत्रिकामा बुधवार नियमित स्तम्भ लेखनसमेत गर्दै आएका छन् ।

### ३.३.१ समय सन्दर्भ कृतिमा सङ्गृहीत लघुकथाको अध्ययन

समय सन्दर्भ लघुकथा सङ्ग्रह कल्याण पन्तको पहिलो कृति हो । कृति ७८ पृष्ठ संख्यामा संरचित छ । कृतिमा विभिन्न विधाका ७२ वटा लघुकथा समावेश छन् । यसबाहेकका अन्य पृष्ठमा बाह्य कभर साजसज्जा, कथा सङ्ग्रहको विवरण, समर्पण, भूमिका, प्रकाशकीय र प्राक्कथनले पुस्तकलाई पूर्ण गरेका छन् । बाह्य कभर रङ्गीन क्लेबरमा छ । यसमा कटेरो, बलिरहेको टुकी, चिठीको खाम एउटा लहरमा राखिएको छ भने अर्को लहरमा गगनचुम्बी भवन, बिजुली बत्ती र मोबाइल चित्राङ्कित छ । यिनीहरूको बीचमा समय जनाउने घडी राखिएको छ । कृतिको प्रकाशन नेपाल गद्य लेखक परिषद्, पोखराले गरेको हो । सङ्ग्रहको अन्तिम पृष्ठमा लेखकको पासपोर्ट साइजको फोटोसहित प्राज्ञिक तथा सामाजिक परिचय उल्लेख छ । अन्तमा आइ.एस.बी.एन. बार कोड राखिएको छ । उक्त लघुकथा कृतिभित्रका ७२ वटा लघुकथाको अध्ययन निम्नानुसार गर्न सकिन्छ :

**कपटी** - जागिर खोज्दा खोज्दा हैरान परेको म पात्रले पत्रिकामा शिक्षकको विज्ञापन देखेपछि घनिष्ट मित्र केशरराजलाई बताउँछ । बेरोजगार केशरराजले म पात्रलाई सहयोग गर्ने आश्वासन दिन्छ तर सुटुक्क आफू गएर त्यस ठाउँमा जागिर खान्छ । साथीको सहयोगको अपेक्षा गरेर बसेको म पात्र केशरराजले आफूलाई थाहै नदिई कपटीपूर्ण व्यवहार गरेको आशय कथामा व्यक्त गरेका छन् । यस कथामा साथीलाई अति विश्वास गर्नुहुन्न भन्ने सन्देश दिइएको छ ।

**मामा** : श्रीमान् विदेश भएकी सुनिता छोरो पढाउन सहरमा बसेकी छन् । अपरिचित युवक बच्चाको मामा बनेर भेट्न आइरहने गरेको छ । वास्तविक मामा आएर चिनाउँदा बच्चा दङ्ग पर्दै मेरो मामा त अर्कै हुनुहुन्छ, यो को हो ? भन्दै आमासँग प्रश्न गर्छ । वास्तविक

मामालाई नचिन्ने तर अर्कै व्यक्तिलाई आफ्नो मामाको नातो लगाएर बच्चालाई हात लिई घरमै बोलाउने विसङ्गति समाजमा देखिएको कुरा कथाकी पात्र सुनितामार्फत् व्यक्त गरिएको छ ।

**जमाना** : यस कथामा समयको परिवर्तनसँगै सबै कुरामा परिवर्तन भएको कुरा देखाइएको छ । हजुरबुबाको पालामा चिठीमार्फत् सूचना आदानप्रदान गर्ने, तन्त्रमन्त्र र टुनामुनामा विश्वास गर्ने गरिन्थ्यो भने अहिले नातिको पालामा चिठीको सट्टा इमेल, इन्टरनेटको प्रयोग गरिएको छ । तन्त्रमन्त्र र टुनामुनाको ठाउँमा अस्पताल र डाक्टरको प्रयोग गरिएको प्रसङ्ग उल्लेख छ । नाति र हजुरबुबाको रूपान्तरण भएको चित्रण कथाले गरेको छ ।

**ओखति** चालीस वर्षसम्म कर्मकाण्डको काम गरेका लीलाप्रसाद जन्मजात शाकाहारी थिए । उनी परम्परावादी र विदेशी संस्कृतिको विरोध गर्ने व्यक्ति पछि उनी अमेरिकामा गए । अमेरिकाको चिसोका कारण बिरामी भएका उनलाई छोराले मनतातो पानीमा ओखति बनाइदिए । छ महिनापछि स्वेदश फर्किदा छोराले औषधिको बोत्तल झोलामा राखिदिए । बुढाले घरमा आएपछि ग्याष्टिकलाई यो ओखतिले सन्चो गर्छ भन्दै रक्सीको बोत्तल झिके । पण्डित बुढाले रक्सीलाई ओखति भनेर खाएको सुनी सबै दंग परे । यसरी शाकाहारी पण्डितलाई अमेरिकामा ओखतिका नाममा छोराले रक्सी खुवाएको र घर आउँदा पनि उनले रक्सीलाई औषधि सम्झेर लिएर आएको सन्दर्भलाई कथामा अभिव्यक्त गरिएको पाइन्छ ।

**छोरो** : पुरुषप्रधान नेपाली समाजमा छोरो जन्मेपछि खुसीयाली मनाउने परम्पराअनुसार तिलकरामको परिवार पनि छोरो जन्मदा हर्षित भए । खेतवारी बेचेर विदेश पढ्न पठाएको छोरोले पढाइ सकेर सहरमा आई जागिर खान थाल्यो । बाबु तिलकराम छोराको डाक्टर पढेकी केटीसँग विहे गराउने मनशाय लिएर सहर जाँदा छोराले दुई महिना अगाडि नै अन्तरजातीय विवाह गरेको थाहा पाएपछि उनको सपना चकनाचुर भयो । आमा बाबुप्रतिको कृतघ्न बनेको छोराको सन्दर्भ कथामा प्रस्तुत गरिएको छ ।

**चन्द्रमान** : मेधावी विद्याथी चन्द्रमान डाक्टर बन्ने उद्देश्य राखेर सहरमा पढ्न गयो । उपयुक्त वातावरण नपाएको कारण ऊ पढाइमा बिग्रदै गएको कुरा क्याम्पसका प्राचार्यले दयाराम सरलाई बताउनुभयो । यो थाहा पाएपछि चन्द्रमानलाई पनि आफ्नो गल्ती महसुस

भयो र पढाइमा सुधार गर्ने प्रतिबद्धता व्यक्त गऱ्यो । सहर भन्दैमा शिक्षाको वातावरण राम्रो नहुने कुरा कथामा व्यक्त भएको छ ।

**भुल** : द्वारिकानाथले धर्रामा राखेको घडी बिर्सिएर अन्यन्त्र खोजे, पाएनन् । घडी नलगाई मिटिङमा गए । अघिल्लो दिनमा आफ्ना साथी केदार, बुद्धि, केशव आएको कुरा सम्भी उनीहरूमाथि शङ्का गर्दै हिँडेको बेला अचानक केदारसँग भेट भयो । आफ्नो जस्तै घडी केदारको हातमा देखेपछि उनलाई रिस उठ्यो । मिटिङ सकेर घर फर्कदा श्रीमतीले घडी दिइन् । घडी देखेर द्वारीकानाथ अलमलमा परे । सामाग्री हराउन साथ अर्कालाई आशङ्काले हेरी हाल्नु ठीक होइन भन्ने सन्देश कथामा दिइएको पाइन्छ ।

**व्यापार** : छोराले विदेशबाट पठाइदिएको मोवाइलमा घण्टी नबज्ने भएपछि मङ्गलराज मोवाइल बनाउन बजारमा भएको मितको छोराको पसलमा गए । मित छोराले मोबाइल लिए र एक घण्टामा आउने सल्लाह दिए अनि मोबाइल खोलेर व्याट्री चेक गरे, मोवाइल त्यत्तिकैमा ठिक भयो । मित बा आउनसाथ सम्मानपूर्वक कुर्चीमा बसाली चिया खुवाएर मोवाइलको स्वीच अन गरी दिए । मितबाले पैसा सोध्दा बालाई कति भन्नु पाँचसय मात्र भने, व्यापारमा मीठो बोलेर, सत्कार गरेर आफ्नो आर्को नभनी पैसा लिने गर्छन् भन्ने तथ्य कथामा देखाइएको छ ।

**छिमेकी** : भूकम्पपीडितलाई क्षतिपूर्ति दिनका लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा क्षतिपूर्ति समिति बन्यो । भूकम्पबाट पीडित नभएकाले पनि आफ्नो नाम दर्ता गरेका थिए तर उनीहरूले राहत पाएनन् । त्यसपछि उनीहरूले उजुर गरे । छानबीन समितिमा भएका सुब्बासाब उनीहरूकै छिमेकी थिए । उनलाई भूकम्पपीडित को-को हुन भन्ने थाहा थियो । त्यसैले उनले वास्तविक पीडितलाई मात्र क्षतिपूर्ति दिलाए । सम्बन्धित निकायका कर्मचारी नै छिमेकी भएकाले कर्मचारीले इमान्दारीपन देखाएका छन् ।

**अनुमति** : गोविन्दराजको छोरा प्रेमराजको विवाह भएको पाँच वर्षसम्म पनि सन्तान नभएकाले बाबु आमालाई चिन्ता लाग्न थाल्यो । नातिनातिना खेलाउन नपाएकाले उनीहरूको बुहारीप्रतिको दृष्टि बदलिन थाल्यो । सासुले बुहारीसँग सन्तान जन्माउनुपर्ने कुरा

गरेपछि बुहारीले तपाईंका छोरालाई सन्तान जन्माउन अनुमति दिन भन्नुहोस् भन्ने कुरा व्यक्त गरिन् । आफ्नो छोराको गल्ती नदेखेर गल्तीजति बुहारीमा थुपार्ने संस्कृति नेपाली समाजमा हुर्केको अवस्थाको चित्रण गरिएको छ ।

**विश्वासघात** : कथाका म पात्रले नयाँ मोडलको सबै सिस्टम भएको आइफोन किन्ने विचार गरेर नयाँ प्रविधिको बारेमा थाहा भएको साथी रामकुमारलाई सोध्न गए । राजकुमारले चालिस हजारसम्ममा किन्ने सल्लाह दिए । उनी आइफोन किन्ने कुरा मनमा खेलाउँदै हिँडे । शुभसाइत हेरेर मोवाइल किन्न जाँदा उही रामकुमारले तीस हजारमा लगिसकेको कुरा थाहा पाए । म पात्रलाई आफ्नो मित्र रामकुमारले विश्वासघातले गरेको प्रसङ्ग कथामा प्रस्तुत गरिएको छ ।

**चालीसे** : बाबुको श्राद्धमा कपाल खौरिएका माधवले हरबखत टोपी लगाउँथे । एक दिन उनी जिल्ला कार्यालयमा पुगेर हेलमेट फुकाल्दा टाउकोमा टोपी नभएको थाहा पाए । त्यसपछि लाजले हेलमेट लगाएरै कार्यालयका हाकीमसँग कुरा गरे । उनी स्कूल जानुभन्दा अगाडि घर पुगेर सडकबाटै श्रीमतीसँग टोपी मागे तर श्रीमतीले कतै खोज्दा पनि टोपी भेटिनन् । अन्तमा टोपी हेलमेट भित्रै अल्भ्mेको रहेछ । यो देखेर उनले आफूलाई चालिसे लागेको अनुभव गरे । कथामा उमेर ढल्कदै गएपछि स्मरण शक्ति कम हुन्छ भन्ने भावलाई व्यक्त गरिएको पाइन्छ ।

**त्रास** : रामशरण कलेज जाँदा बाटोमा पर्ने सफा र सानदार मिठाइ पसलमा नास्ता गरे । उनले एकसय दिएर बिल तिरे । साहुले उनलाई पन्ध्र रूपैया फिर्ता दिनुपर्नेमा चार सय पन्ध फिर्ता दिए । रामशरणलाई फिर्ता आएको पैसा लिउँ कि नलिऊँ हुँदाहुँदै लिए र आफ्नो बाटो लागे । उनलाई बाटोमा त्यो पैसा सम्झेर डर लाग्यो । अनावश्यक त्रास उत्पन्न भयो र भोलिपल्टदेखि कलेज जाँदा त्यो बाटो हिँड्नै छाडे । अनावश्यक पैसा हात पारेपछि मनमा डर भइरहन्छ भन्ने तथ्यमा प्रस्तुत गरिएको छ ।

**इज्जत** : भूगोलका पिता भएका श्यामशरण अङ्ग्रेजी पनि फरर्र बोल्थे । उनलाई देश विदेशका नक्सा पनि कन्ठस्थै थिए तर व्यवहारमा भने अलि कमजोर थिए । विद्यार्थीलाई

मित्रराष्ट्रतिर भ्रमण लिएर जाँदा आफूले विद्यार्थीको पथप्रदर्शक बन्न नसक्ने भएपछि पर्यटन कार्यालयमा पसेर स्थानीय युवालाई भ्रमणमा संलग्न गराए र उनैलाई भ्रमणको नेतृत्व लिन लगाए । उनको चलाखीपूर्ण व्यवहारले विद्यार्थीका साम् इज्जत बचेको छ । व्यवहार र सिद्धान्त फरक हुन्छ भन्ने कुरा कथामा प्रस्तुत गर्न खोजिएको छ ।

**भ्रम** : मेजर माइलाले समाचारमा मोहनराजको असामयिक निधन भएको कुरा सुनेपछि आफ्नो चिनजानका साथीलाई सम्झन पुग्छन् र नरमाइलो मान्दै श्रीमतीलाई फोन गरी मोहनराज दाइ कहाँ गएर सहयोग गरिदिन भन्छन् । श्रीमतीले भर्खर त्यहीँबाट दुई हजार सापटी लाएर आएँ भनेपछि उनी आफू भ्रममा परेको सम्झन्छन् । कहिलेकहीँ समाचारमा प्रसारित उस्तै नामले भ्रम सिर्जना गर्दछ भन्ने भाव कथामा पाइन्छ ।

**जुक्ति** : काठमाडौं घर भएका शम्भुराम जग्गा बेच्न पहाड गएका थिए । नेपाल बन्द भएर घर फर्किदा समस्या भएपछि उनले जुक्ति निकाले र बीच सडकमै टाउको समाएर थचक्क बसे । उनको अवस्था देखेपछि बन्दकर्ताले एम्बुलेन्स बोलाए र उनलाई आफ्नै घर नजिकको राजधानी अस्पतालतिर लगे । अस्पतालमा गई जाँच गर्दा सबै ठिक भएको देखेपछि डाक्टरले घर पठाए । बन्दको दिनमा पहाडबाट आएको देखेर दङ्ग पर्दै सोध्दा समस्यमा पर्दा जुक्ति लगायो भने असम्भव भन्ने केही हुँदैन भनेर जवाफ दिए ।

**भिन्नता** : राजधानीमा बस्ने जीवन आफ्नो साथी मदनलालको गाउँमा जाँदा बाटामा सोध्दै गए । गाउँका मानिसले राम्रोसँग बताइदिए । पानी माग्दा मोही दिए, लट्ठी दिएर सहयोग गरे तर बजारमा भने केही सोध्दा पनि नभनी दिने, सहयोग नगर्ने जस्तो व्यवहार गरे । उनले गाउँको र सहरको परिवेशमा धेरै भिन्नता पाए । सहरको तुलनामा गाउँमा सहयोगी भावना हुन्छ भन्ने यथार्थता प्रस्तुत गरिएको छ ।

**मानवधर्म** : बिरामी भइ बेहोस् भएको अवस्थामा मेडिकल हल अगाडि लमतन्न भएर लडेको एक युवालाई विभिन्न किसिमका आशङ्का गरी कसैले उठाउने हिम्मत गरेनन् । सबै तमासे बने । रातको आठ बजे प्रहरी आएर अस्पताल लगे । एक वर्षपछि त्यस ठाउँमा अस्पताल निर्माण भयो । त्यसको उद्घाटन गर्न अथितिको रूपमा उनै युवा आए र भावुक

हुँदै एक वर्ष अगाडिको आफ्नो घटनाको बारेमा बताउँदै अब यहाँ मेरो जस्तो अवस्था कसैको हुने छैन । मैले आफ्नै लगानीमा यो अस्पताल बनाएँ भनेपछि दर्शक लज्जित भए । मानवीय भावनाले आफ्नो कर्तव्य भुल्नु हुँदैन भन्ने सन्देश कथाले दिएको छ ।

**बेवारिसे** : युवाहरूमा बढ्दै गएको विदेशप्रतिको मोहका कारण छविलालले आफ्नै मितदाइको सल्लाह अनुसार खाडी मुलुकमा छोरी पठाए । दुई महिना काम गरेपछि कम्पनी बन्द भई छविलालकी छोरी पूर्णिमा विक्षिप्त अवस्थामा स्वदेश फर्किई । त्यसपछि मितदाइलाई भेट्दा सांसदलाई भेट्नु पर्ने जवाफ दिए । सांसद, मन्त्री, पिए हुँदै म्यानपावर कार्यालयमा कुरो पुऱ्याउँदा सुनुवाई नभई व्यवारिसे छोडिएको छ । म्यानपावरले विदेशमा मान्छे जिम्मा नलिने प्रवृत्ति कथामा प्रस्तुत गरिएको छ ।

**परिवर्तन** : सामाजिक कार्य र राजनीतिमा सक्रिय रहेका सूर्यनाथ परिस्थिति अनुसार आफ्नो व्यवहार परिवर्तन गर्न सिपालु छन् । सुरुमा कर्मचारीहरूले देश बिगारे भन्ने र उनीहरूको विरोध गर्ने सूर्यनाथपछि कर्मचारीकै पक्षमा रहेका छन् । कर्मचारी एकजुट भइ सरकार विरुद्ध आन्दोलनमा लागेपछि सूर्यनाथले पनि कर्मचारीको पक्षमा उफ्री-उफ्री नारा लगाएका छन् । समय र परिस्थितिअनुसार आफ्नो व्यवहार परिवर्तन गरिएको प्रसङ्ग देखाइएको छ ।

**मत्स्यन्याय** : देशका हरेक क्षेत्रमा बढ्दै गएको भ्रष्टचार विरुद्ध लाग्ने खरदार हितराज असल र नियमसंगत काम गर्ने कर्मचारी थिए । उनकै कार्यालयका प्रमुख गम्भीरमान भने भ्रष्टचार गर्ने हाकिम थिए । जागिरबाट अवकाश लिएपछि उनले राजनीतिमा हात हाले र सभासद् बन्न सफल भए । त्यही समयमा हितराजलाई दुर्गममा सरुवा गरियो । उनी मन्त्रालय जाँदा उनै गम्भीरमान भ्रष्टचार निवारणका बारेमा सचिवलाई सल्लाह दिँदै गरेको देखे । इमान्दार कर्मचारीको मूल्याङ्कन नहुने तर भ्रष्टचारी र चाकडीबाजको मूल्याङ्कन, सम्मान हुने तितो यथार्थता कथामा प्रस्तुत गरिएको छ ।

**शिक्षामन्त्री** : अध्ययन र व्यापारमा असफल भएका वेदमान राननीतिमा प्रवेश गरी शिक्षामन्त्रीसम्म बन्न पुगे । शिक्षामन्त्री भएका वेदमानलाई आफू पढेकै स्कूलको समारोहमा अथितिको रूपमा आमन्त्रण गरियो । उच्च पदमा पुगेका उनलाई गाउँलेले विश्वविद्यालयको

सहकुलपति तथा शिक्षाविद् भन्दै भव्य स्वागत गरे । समारोहमा भाषण गर्दै धेरै पटक एस.एल.सी. फेल हुनेलाई विशेष सम्मानस्वरूप उपाधि दिने व्यवस्था गर्नेछु भने । शिक्षा क्षेत्रमा बजेट भाषणमार्फत् आफ्ना कुरा सार्वजानिक गर्ने उद्देश्यले आफू अनुकुलका निर्णय गर्ने विकृति लघुकथाकारले देखाएका छन् ।

**सम्बन्ध :** भद्रमान र धर्मेन्द्र घनिष्ट साथी थिए । भद्रमान व्यापार गर्न चाहन्थे भने धर्मेन्द्र राजनीति गर्न चाहन्थे । उनीहरू आ-आफ्नो लक्ष्य प्राप्तिका लागि केही वर्ष मिलेर काम गर्ने सम्झौता गरे । धर्मेन्द्रलाई चुनावमा जिताउन भद्रमानले सहयोग गरे र उनले चुनाव जिते । धर्मेन्द्रले पनि भद्रमानलाई कपडा पसलको म्यानेजरमा नियुक्त गरे । भद्रमानको लगनशीलता र मिजासिलोपनाले गर्दा उनी लखपति व्यापारी बने भने धर्मेन्द्र सफल राननीतिज्ञ बने । इमान्दारी साथ मिलेर काम गर्दा सम्बन्ध बलियो हुने र काममा सफलता हात पार्ने तथ्य कथामा प्रस्तुत छ ।

**विस्थापन :** रामले वृद्ध आश्रम खोलेर एकसय वृद्धावृद्धाका लागि गास, बास र कपासको राम्रो प्रबन्ध मिलाए । धार्मिक ग्रन्थका पुस्तकहरूको पनि व्यवस्था गरे र वृद्धवृद्धालाई प्रशन्न बनाए । एक वर्षपछि राम युरोपतिर गए । त्यसपछि वृद्धवृद्धाहरूलाई विदेशी संस्कृतिको प्रभाव छोड्न सफल भए । उनीहरू विदेशी फिल्म हेर्न थाले, वेदपूराण र भागवत जस्ता ग्रन्थका सट्टा विदेशी अनुदित ग्रन्थहरू पढ्न थाले । यसरी वृद्धवृद्धालाई विभिन्न प्रलोभन देखाई विदेशी धर्मप्रति आकर्षित गराएर धर्म परिवर्तन गर्न खोजेको प्रसङ्ग कथामा प्रस्तुत गरिएको छ ।

**साहित्यकार :** साहित्यकार बन्न खोज्ने विश्वनाथ चञ्चलले धेरै कथा, निबन्ध, उपन्यास र नाटक लेखे तर पनि उनका रचना त्यति सान्दर्भिक र लेखाइ शैली उत्कृष्ट नभएकाले उनलाई लेखक नभइ प्रकाशक बन्न उत्प्रेरित गरिएको छ । उनले लेखेको तिनै कृतिलाई न्यायाधीश वरुणसिंहको नाम राखेर छपाउने काम भयो । न्यायाधिश वरुणसिंहको नामबाट छापिएका कृतिको एक समारोह बीच विमोचन भयो । सबैले उनका कृतिको प्रशंसा गर्दै भाषाशैली गहन र बोधगम्य छ भने । वरुणसिंह पुरस्काकृत र अभिनन्दित भए । साहित्यकारको सही मूल्याङ्कन हुन नसकेको प्रसङ्ग कथामा उल्लेख गरिएको छ ।

**सिफारिस** : मेधावी छात्र अजुर्नले आफ्नो स्वाभिमान गुमाउन नचाहेका कारण विभिन्न पदमा दरखास्त दिँदा ऊ असफल हुन पुग्यो । उसका आफ्ना भनसुन गर्ने मान्छे पनि थिएनन् । जागिरमा कतै पनि छनोट हुन नसकेपछि अन्तत ऊ राजनीतिमा लाग्यो र स्थानीय चुनावमा नेता बन्यो । उसको भाषण र नेतृत्वकला देखेर पुराना नेताहरूले ठूलो पदमा पुऱ्याइदिने आश्वासन दिएर राजनीति छोड्न आग्रह गरे । उसको इच्छा अनुसारको मन्त्रालयको अधिकृत पदमा सिफरिस गरिदिन्छौँ भने । राजनीतिमा खुट्टा तान्ने प्रवृत्ति रहेको कुरा कथामा प्रस्तुत गरिएको छ ।

**परिस्थिति** : मुखिया बुद्धिप्रसादले रेडियोबाट जसको जोत उसको पोत भन्ने समाचार सुनेपछि बिरुलालले पाँचवर्ष अघिदेखि  कमाउँदै आएको खेत उसलाई नदिने विचार गरे । बिरुलाललाई बोलाएर उसको पुरानो हिसाबकिताब तत्कालै छिनोफानो गरी अर्को सालबाट मोही परिवर्तन गरेर बिजुक्छेलाई खेत कमाउन दिने निर्णय गरे । मुखियाको निर्णय सुनेर बिरुलाल गहभरी आँसु बनाउँदै घरतिर लाग्यो । देशको परिवर्तित नियमको असर गाउँका कृषकमा परेको कुरा कथामा प्रस्तुत गरिएको छ ।

**सहिष्णुता** : चन्द्रसिंहको भैँसीले हरिलालको लहलहाउँदो मकै खाइदिएपछि हरिलालले तथानाम गाली गरे तर पनि सहनशील चन्द्रसिंहले नम्र हुँदै बसेर कुरा गरौँ नोक्सान भएको तिर्छु भने । हरिलालले भनेजति पन्ध्र पाथी मकै तिरे । त्यसको केही समयपछि बाढीले हरिलालको घर बगायो । यस्तो विपत्का समयमा उनै चन्द्रसिंहले हरिलाललाई आर्थिक सहयोग गरे । छिमेकीमा सहिष्णुताको भावना हुनुपर्छ भन्ने सन्देश कथाले दिएको छ ।

**फुरौला** : माघे संक्रान्तिको दिनमा ठूलाकाजीका घरमा रोटी फुरौला पकाएका थिए । ठूलाकाजीको नाति सिरक भित्र गुटमुटिँदै रोटी फुरौला खाइरहेको थियो । सत्तरी वर्षको बीर्खेबहादुर काजी कहाँ काम गर्न जाँदा उसको चार वर्षे नातिले फुरौला ल्याइदिन अनुरोध गऱ्यो । बारीमा खन्दा खन्दै बिर्खे बेहोस् भएर ढल्यो र मृत्युवरण गर्न पुग्यो । उता अबोध नाति हजुरवाले फुरौला ल्याउने आशामा बाटो हेरेर बसिरह्यो । गरीबहरूले चाडपर्वको वेलामा पनि धनी कहाँ गएर काम गर्न पर्ने र काम गर्दागर्दै मृत्युको मुखमा पुग्नुपर्ने बाध्यताको चित्रण कथामा गरिएको छ ।

**कारिन्दा** : सत्तरी वर्षे कर्मवीर बूढा एउटा निवेदन दर्ता गर्न दस बजे नै कार्यालयमा पुगे । निवेदन दर्ता गर्नेको भिड थियो, दस बजे नै गएर सुरुमा बसेका कर्मवीरको निवेदन ३ बजेसम्म पनि दर्ता नभएपछि बूढा रिसाए । खाजा खान भट्टीमा गएका कारिन्दा पछि ठूलो भीड लाग्यो धेरैले पैसा दिएर निवेदन दर्ता गराएका रहेछन् । एक जना युवकको सल्लाह अनुसार कर्मवीरले पनि बाध्य भएर निवेदनका साथमा पैसा दिए त्यसपछि मात्र उनको दर्ता भयो । आर्थिक कारेबार बिना काम नबने विसङ्गतिको चित्रण कथामा गरिएको छ ।

**नतिजा** : चारवटा सुब्बा पदको लागि विज्ञापन भएकोमा छ हजार जनाले दरखास्त दिए । परीक्षा भयो । नेता र मन्त्रीका आफ्ना मानिस पास भएनन् । त्यसपछि धाँधली भएको भनी जुलुस निस्कियो । मन्त्रालयमा दवाव गयो अनि अन्तर्वार्ता  स्थागित गरियो । अन्तर्वार्ताको मिति पछाडि सारेर अन्तर्वार्ता लिँदा मन्त्रीका मान्छे परे, नेताका मान्छे  एकजना पनि परेनन् । फेरी धाँधलीको आवाज उठ्यो र तलदेखि माथिसम्म छानवीन भइ परीक्षा समितिका पदाधिकारी हिरासतमा परे । आखिरमा योग्य उम्मेद्वारलाई फालेर मामा ससूरा, हजुरबा नाताका व्यक्तिलाई नियुक्त गरियो । कर्मचारी नियुक्तिमा नातावादलाई प्रश्रय दिएको सन्देश कथामा प्रस्तुत भएको छ ।

**विश्वास** : नास्तिक विचार भएका मास्टर रामविलासका परिवारमा ग्रहदशाप्रति नकारात्मक सोच थियो । जब उनीहरूलाई एकपछि अर्को आपद पर्‍यो तब ग्रह दशामा विश्वास गर्न थाले र ज्योतिष कहाँ पुगे । ज्योतिषले उनीहरूलाई परेको सबै समस्या भनेपछि उनीहरूले ग्रहदशामा पूरा विश्वास गरे र झारफुक गर्न तिर लागे । मानिसले आपद् परेको अवस्थामा मात्र ग्रहदशाप्रति विश्वास गर्छ भन्ने प्रसङ्ग कथामा प्रस्तुत गरिएको छ ।

**निरीह कर्मचारी** : सुब्बा पदका लागि उम्मेद्वारी दर्ता गराएका रामनाथ पौडेल अन्तर्वार्ताका लागि कार्यालयमा गए । पाँच जना विज्ञहरू अन्तर्वार्ता लिन बसेका थिए । उनलाई एउटा मात्र अनावश्यक प्रश्न सोधेर बाहिर पठाइयो र शून्य अङ्क दिइयो । बेलुका हाकिम कृष्णमानलाई फोन आउन थाले । पहिले त उनले रामनाथलाई छनोट गर्न नसक्ने कुरा गरे तर अन्तमा जि.एम ले फोन गरेर दबाब दिएपछि रामनाथ छनौट भए अनि कृष्णमानकै अफिसमा काम गर्न थाले । त्यसपछि हाकिम कृष्णमान निरीह बनेर सरुवाका लागि केन्द्रमा

धाउन थाले । हाकिमले दबाब दिएपछि तल्लो तहका कर्मचारी निरीह भएर बस्नुपर्ने बाध्यताको चित्रण कथामा गरिएको छ ।

**सुब्बासाब** : नागरिकता बनाउन सदरमुकाम गएको विवेकले सुब्बा कर्णप्रसादलाई भेट्यो । सुब्बासाबले विवेकलाई बिहीवार आउन भने । विवेक बिहीवार फेरी कार्यालय पुगी सुब्बासाबलाई भेट्यो । सुब्बासाबले नागरिकता नबनेको कुरा सुनाउँदै फेरी अर्को बिहीवार आउनु भने । त्यसपछि विवेक दिक्क भएर एकजना नेतालाई लिएर गयो । नेताले सुब्बासाबसँग विवेकको नागरिकताको कुरा गर्नासाथ उनले नागरिकता बनाई दिए । कार्यालयमा भएका भ्रष्ट कर्मचारीको चरित्रलाई कथामा चित्रण गरिएको छ ।

**चुनाव** : पुराना सांसद शंखनाथले राम्रा काम गर्न नसकेको आरोप लाग्दा लाग्दै पनि आउने चुनावमा उनैलाई टिकट दिए । उनीप्रति रुष्ट बनेका कार्यकर्ताले उनको विरुद्धमा सर्वज्ञमानलाई उठाए । उच्च वर्गका शंखनाथले उद्योगपति र ठूला व्यापारीहरू हात लिए भने मध्यवर्गीय सर्वज्ञमान इमान्दार साथ प्रचारप्रसारमा लागे । शंखनाथले प्रशस्त धन खर्च गरेका कारण उनको जित भयो भने समाजसेवी इमान्दार सर्वज्ञमानको हार भयो । शंखनाथले जितेपछि सर्वज्ञमानका कर्मचारी पनि शंखनाथको पक्षमा नारा लगाउँदै हिँडे । आफ्नै भन्नेहरू पनि शक्तिका पछि लाग्छन् भन्ने सन्देश कथाले दिन खोजेको छ ।

**को प्रदीप** : प्रदीप र म पात्र बच्चैदेखिका साथी थिए । प्रदीप बोर्डिङमा पढे भने म पात्र सरकारी स्कुलमा । दुवैको पढाइ राम्रो भएकाले डाक्टर पढ्न एउटै कलेजमा भर्ना भए । उनीहरूको स्वभाव फरक भएकाले फरक-फरक बाटो अँगाले । म पात्र लगनशीलताका साथ पढेर आफ्नो पढाइ पूरा गरी आफ्नो काम गर्न थाले । प्रदीप पढाइलाई छोडेर हिंसाका कार्यहरू गर्न थाले । इमान्दारी साथ काम गर्ने म पात्रले खासै प्रगति गर्न सकेनन् । हिंसाबाट राजनीतिमा लागेका प्रदीप मन्त्री बनेर उच्च जीवन बिताउन थाले । प्रदीप मन्त्री भएको सुन्दा म पात्रले आश्चर्य व्यक्त गरेका छन् । अन्यत्र असफल भएको मानिस राजनीतिमा सफल हुन्छ र मन्त्री बन्छ भन्ने तीतो सत्य कथाले देखाएको छ ।

**चाकडी** : उच्च मा.वि. स्थापनाका लागि गाउँलेहरूले आर्थिक समितिको अध्यक्षमा रत्नमानलाई छाने । सामाजिक भावनाको कमी भएका रत्नमानले गाउँलेको प्रस्तावलाई अस्वीकार गरे । उनको सहयोग विना भवन बनाउन युवाहरू जुटे । दश महिनामा नै भवन निर्माण गरे । रत्नमान भने शिक्षाका हाकिम, मन्त्रीलाई पटक-पटक भेटी विद्यालयको स्वीकृतिपत्र युवालाई दिन अनुरोध गरे । भवनको उद्घाटन कार्यक्रममा प्रमुख अतिथिले समाजसेवी रत्नमानजस्ता व्यक्तिको सक्रियता सधैँ आवश्यक पर्छ भन्दै रत्नमानको प्रशंसा गरे । यो सुनेर सबै आश्चर्यमा परे । चाकडी गर्नेहरू काम नगरी चाकडीकै भरमा कामको जश लिन्छन् भन्ने प्रसङ्ग कथामा छ ।

**कमाईं** : म पात्रका बाबु उच्च रक्तचापका कारण एकहप्तादेखि अस्पतालको सघन कक्षमा उपचाररत थिए । उनको अन्तिम अवस्था हुँदासम्म पनि नर्सले उपचारका लागि भनर विभिन्न औषधि उनले नखाए तापनि मगाइरहे । अन्ततः उनको मृत्यु भयो, मृत्युपछि पनि नर्सहरूले औषधि मगाइ नै रहेका थिए । म पात्र जस्तै अन्य बिरामीका आफन्त पनि औषधि लिन दगुरी रहेका थिए । नेपालमा औषधिको क्षेत्रमा हुने गरेको भ्रष्टाचारको प्रसङ्ग कथामा समावेश गरिएको छ ।

**भनसुन** : विकल र गोपाल सानैदेखि मेहनेती विद्यार्थी थिए । गोपालभन्दा विकल अझै सिपालु थियो । १२ कक्षामा विकलले विशिष्ट श्रेणी र गोपाललले प्रथम श्रेणी ल्याए । दुवै डाक्टर बन्ने रहरले इन्ट्रान्स परीक्षा दिए । गोपालले नाम निकाल्नका लागि भनसुन गर्‍यो भने मेधावी छात्र विकलले कसैलाई भनसुन गरेन । अन्ततः भनसुन गर्ने गोपालको नाम निस्कियो भने मेधावी छात्र विकलको नाम निस्किएन । विकलको नाम नस्किेकोमा सबै चकित भए । योग्यताको करद नभइ भनसुनको भरमा नाम निस्कने परिपार्टीको यथार्थ चित्रण कथामा गरिएको छ ।

**प्रतिष्ठा** : नेता र कर्मचारीसँग राम्रो व्यवहार गर्ने कमरराजले अरूप्रति कडा व्यवहार देखाउँथे । उनले व्यापार गरी प्रशस्त सम्पत्ति कमाए । सरकार परिवर्तन भएसँगै उनी विरुद्ध अदालतमा मुद्दा पर्‍यो । छ महिनापछि उनलाई कैद र एक करोड जरिवाना लगाइयो । उनले घर जग्गा बेँचे धरौटीमा रिहा भए । उनले व्यापार गरेर अरुलाई ठग्नुको सट्टा

धार्मिक कार्यमा लागेर प्रतिष्ठा कमाउने विचार गरी पण्डितको सानिध्यतामा रहे । उनलाई प्रमुख अतिथिका रूपमा आमन्त्रण गर्न थालियो समाजमा उनको छुट्टै प्रतिष्ठा देखिन थाल्यो ।

**व्यवहार :** सामाजिक कार्यमा अग्रसर रहेका बालकृष्णका दम्पत्ति दिनहुँ जस्तो समाजका काममा व्यस्त हुन्थे । बालकृष्ण महिला अधिकारका बारेमा कुरा उठाइरहन्थे । उनकी पत्नी सावित्री पनि महिला हकहितका लागि दौडि रहन्थिन् । उनी सामाजिक कार्यका साथै घरको काम पनि गर्थिन् । बालकृष्ण भने घर बाहिर महिला हकहितका कुरा गर्ने तर घरमा भएका महिलाप्रति भेदभावपूर्ण व्यवहार गर्दथे । यो देखेर उनकी श्रीमती सावित्रीले महिलाअधिकार भाषणमा मात्र होइन, व्यवहारमा पनि उतार्नुपर्छ भनिन् । घर र समाजमा दुई किसिमको व्यवहार गर्नेप्रति कथाले स्पष्ट पारेको छ ।

**बसको यात्रा :** बसको यात्रा गरेर दिनहुँ अफिस जाने निशाले बसमा यात्रा गर्दा धेरै कष्ट सहनु परेको छ । कहिले समयमा बस नपाइने अनि बस चढ्दा पनि धेरै शास्ती खेप्नुपरेको छ । बस भीड भएको बेला पुरुषले महिलाप्रति गर्ने अभद्र व्यवहारलाई कथामा प्रस्तुत गरिएको छ । कार्यालय समयमा बस चढेर कार्यालय पुग्नु अत्यन्तै गाह्रो हुने कुरा कथामा उल्लेख छ ।

**परीक्षण :** दिनहुँ बस हाँकेर हिँड्ने र होटलको खाना खाने बस चालकको दैनिकी थियो । पुसको जाडोमा एक हप्तासम्म हनहन्ती ज्वरो आएर अस्पतालमा भर्ना गरेर राखियो तर पनि उसको ज्वरो सन्चो भएन । उसको रगत परीक्षणको रिपोर्ट हेरेर डाक्टरले उसकी श्रीमती सुन्तलीलाई पनि नियालेर हेर्दै तपाईंको पनि रगत परीक्षण गर्नुपर्‍यो भने । सरुवा रोगको पहिचान श्रीमान् श्रीमती बीच नै गर्नुपर्ने सन्देश कथाले दिएको छ ।

**भाग्यमानी फुपू :** बाल विधवा भएकी कान्छी बज्यैलाई एउटै मात्र छोरा परमानन्दले पाले । केही महिना अघि बुहारीसँग खटपट भई कान्छो भदाकहाँ गएर बसिन् । उनी बिरामी भएर मृत्युशैयामा पुग्न लागेको वेलामा पनि विभिन्न परिकार बनाएर लानेहरूको भीड थियो । छोराबुहारी, भदा, आफन्तलगायतले उनको सम्पत्तिमा आँखा गाडेका थिए । उनले मर्नुभन्दा

अगाडि कान्छो भदा, छोरो, हिमाने आदिलाई सम्पत्ति भागवण्डा गरिदिइन् । सम्पत्ति नपाउनेहरू ठुस्स परे र बुढी पापी रहिछन् भने । सम्पत्ति पाउने कान्छो भदाले बोल्दाबोल्दै प्राण जाने भाग्यमानी फूपु भन्यो । सम्पत्तिले नै सबैको जाती हुन सकिन्छ भन्ने सन्देश कथामा प्रस्तुत छ ।

**मातृवात्सल्य :** एस.एल.सी. दिएर बसेकी सोह्र वर्षे मुन्नाको सोही सालमा विवाह भयो । दाजु र भाइ बीचको एक्ली छोरी मुन्ना सानै उमेरमा बुहारी बन्न पुगी भन्दै आमाले चिन्ता गर्न थालिन् । उनी निद्रामा पनि छोरीलाई सम्झेर बर्बराउन थालिन् । सबैले सम्झाउँदा पनि उनको मनमा छोरीप्रतिको प्रेम र चिन्ता गहिरो छाप बनेर रह्यो आफ्ना सन्तान जस्ती ठूला भएपनि आमाले सधैं सानै देख्छन् भन्ने प्रसङ्ग कथामा प्रस्तुत गरिएको छ ।

**नियत :** म पात्रले उद्योग दर्ता फर्म ल्याइदिनको लागि आफ्नो निकटका साथी नवीनलाई सय रूपैयाँ दिए । नवीन फर्म लिनको लागि लाइनमा बसे र रसिद काटेपछि सय रूपैयाँ दिए । उनले रसिद फर्म र २० रूपैयाँ फिर्ता लिएर साथीलाई दिए । म पात्रले हिसाब गरे । फर्मको ५० र फिर्ता २० देखे । उनले ३० रूपैयाँको हिसाब पाएनन् र नवीनलाई सोधे, नवीनले आफूले रसिद नहेरी फिर्ता लिएको र फर्म बुझाउँदा कुरा गर्ने बताए । फर्म बुझाउँदा उनले कुरा गरे तर खरदारले सम्बन्धित मान्छे खोई भनी प्रश्न गरे । कार्यालयमा कर्मचारीले सोझो व्यवहार नगर्ने प्रसङ्ग कथामा देखाइएको छ ।

**चमत्कार :** छोरी सुमित्रा र बुहारी फरक फरक दिन एउटै मातासँग हेराउन गए । छोरीसँग माताले घरको बाधक नै बुहारी हो भनिन् । बुहारीसँग घरको बाधक नै आमाछोरी हुन् भनिन् । छोरी र बुहारी माताको कुराले एक अर्काप्रति आक्रोशित भए र देख्नासाथ झगडा गर्न थाले । मिलन भइ राखेको घर परिवारमा माताहरूका कथित कुराले फाटो पार्छ भन्ने तथ्यलाई कथामा प्रस्तुत गरिएको छ ।

**आशङ्का :** कार्यालयमा जागिर गर्ने राजु अफिसको काममा व्यस्त हुन्थे । घरमा आएपछि पनि उनलाई फोन आइरहेको देखेर उनकी श्रीमतीले उनीमाथि अनावश्यक शङ्का गर्न थालिन् । एकदिन राजुको अफिसको कर्मचारीको मृत्यु भएको खबर आएपछि राजु बिहानै

चिया पनि नपिइ घरबाट निस्के । उनकी श्रीमतीले उनीमाथि शङ्का गर्दै रिसाएर बसिन् । पछि राजु घर फर्केर आफ्नो वास्तविकता बताएपछि उनले आफ्नो आशङ्का व्यर्थ भएको सम्झिइन् । नारीको शङ्कालु स्वभावको चित्रण कथामा गरिएको छ ।

**अधुरो चाहना :** हर्षप्रसादको पाँच वर्षे छोराले जुत्ता किनिदिन धेरै पटक बाबुसँग अनुरोध गर्‍यो । आर्थिक अभावका कारण हर्षप्रसादले पटक-पटक भाका सारेका थिए । जनयुद्धको समय भएकाले मानिसहरू त्रासमा बाँचिरहेका थिए । हर्षप्रसाद र उनकी श्रीमती छोराको जुत्ताका विषयमा कुरा गरिरहेको वेला बम पडकिएको आवाज सुनियो । उनीहरू डराउन थाले । भोलिपल्ट छ जनाको मृत्यु भएको खबर सुनेर दुःखी भए । छोरालाई जुत्ता किनिदिने चाहना भएकी उनकी श्रीमतीले सपनामा जुत्ता किनिदिएको कुरा गरिन् । हर्षप्रसादले आँखाभरि आँसु बनाए । गरीबीका कारण विपनामा जुत्ता किन्न नसकेका उनीहरूले सपनामा किनिदिए । छोरालाई जुत्ता किनिदिने उनीहरूको चाहना अधुरै रह्यो ।

**भग्नाशा :** सेनाको जागिर खाएका कटकबहादुरको विवाह सुशीलासँग भयो । घरको एक्लो छोरा कटकबहादुर आफ्नी नयाँ दुलही सुशीलालाई छोडेर विदेश गए । सुशीला नाम मात्र नभएर सबै काममा सुशील थिइन् । घरमा सासू ससुराको ख्याल गर्थिन् र श्रीमान्लाई पनि सम्झाउँथिन् । दसैँमा कटकबहादुर छुट्टि लिएर आउने कुरा थियो । घरपरिवार सबै खुसी थिए । यही समयमा हल्कराले कटकबहादुरले वीरगति प्राप्त गरेको चिठ्ठी लिए आउँछन् । सुन्दर र सुखी परिवार एकाएक भताभुङ्ग बन्न पुग्छ । सोही सन्दर्भलाई कथामा अभिव्यक्त गरिएको पाइन्छ ।

**संयोग :** निर्मला र दीर्घराजको विवाह भएदेखि नै कुरा मिलेन । छ महिना नपुग्दै उनीहरूबीच पारपाचुके भयो । त्यसपछि उनीहरू आ-आफ्नो पेसा व्यवासयमा व्यस्त भए । धेरै समयपछि एक्लो जीवन बिताउन कठिन हुने महसुस दुवैलाई भयो । दीर्घराजका आफन्तले उनको विवाहका लागि केटी खोजेको कुरा गरेपछि उनी विवाह गर्न राजी भए । विवाहका लागि केटीको घरमा गए । केटाकेटी जग्गेमा बसी सकेपछि बेहुलाले घुम्टो उघारेर बेहुलीको मुख हेर्दा पहिलाकै श्रीमती निर्मला रहिछन् । यो देखेर दुवै आश्चर्य चकित भए । यस्तो संयोगको चर्चा कथामा भएको छ ।

**भाग्य** : रमिला र प्रमिला घनिष्ठ साथी थिए । प्रमिला भन्दा रमिला राम्री थिइ । क्याम्पसको पढाइ सकिएपछि रमिलाको धनाढ्य व्यापारीसँग धुमधामले विवाह भयो । पछि छोराको जन्मोत्सव पनि धुमधामसँग मनाइयो । त्यहाँ मन्त्रीदेखि अन्तर्राष्ट्रिय व्यापारीसम्मका मानिस सहभागी थिए । अर्को साल प्रमिलाको विवाह गाउँको केटासँग भयो । बिहेपछि उनीहरू विदेश गई काम गर्न थाले । केही समयपछि व्यापारमा छानविन सुरु भयो । रमिलाका पतिलाई सर्वस्वसहित जेल चलान गरियो । त्यसपछि रमिला छोराछोरी च्यापेर माइत बस्न थाली । रमिलाको यस्तो दुःखद् खबर थाहा पाएर प्रमिला दुखी बनी । पहिलाको कुरा सबै सम्झी । रूप रङ्गको आधारमा जीवनमा सुखदुःख हुँदैन । जीवन भाग्यमा अडिएको हुन्छ भन्ने प्रसङ्गलाई कथाले देखाएको छ ।

**अतिथि** : प्रमुख अतिथिको निमन्त्रणा पाएका हरिकृष्ण कार्यक्रम सुरु हुनभन्दा एक घण्टा अगाडि नै विद्यालयको गेटमा पुगे तर भित्र जाने समय भएको छैन भन्दै गेट मै रोकियो । उनी चुपचाप फर्किए । पछि उनलाई लिन प्राचार्यको गाडी पठाइयो । गाडीबाट ओर्लनासाथ उनलाई भव्य स्वागत गरेर कार्यक्रम स्थलमा लगियो । सामान्य तरिकाले उही व्यक्ति आउँदा भित्र जान नदिइएको तरपछि गाडीबाट आउँदा समय छिलो भए पनि जान दिइएको प्रसङ्गको चित्रण गरिएको छ ।

**श्रीमती** : कलेज पढ्दा एउटै बेन्चमा बस्ने, एउटै डेरामा बस्ने अत्यन्तै घनिष्ठ साथीलाई म पात्रले धेरै वर्षपछि न्यूरोडमा भेटे र साथीलाई आफ्नो घरमा जान अनुरोध गरे । साथीले उनको अनुरोधलाई स्वीकारे । त्यही समयमा घरबाट श्रीमतीले घरमा समयमा आउनु पर्दैन भन्दै फोनबाट कराइन् । उनले श्रीमतीको बानी सम्झेर साथीलाई घरमा नलैजाने विचार गरी अस्पतालमा जानुपर्ने बहाना सुनाएर एक्लै घरतिर लागे । बिहेपछि साथीसँगको घनिष्ठतामा प्रभाव पर्छ भन्ने सन्देश कथाले दिएको छ ।

**प्रेम** : गाउँमा घर भएको चेतप्रसादले सहरकी केटीसँग प्रेम विवाह गऱ्यो । आफ्नो गाउँको अवस्था बताउँदा पहिला उसको सहरीया प्रेमिकाले सहर्ष स्वीकार गरी । विवाहपछि गाउँ र गाउँले जीवनमा घृणा गर्दै उनीहरू बीच दिनहुँ झगडा हुन थाल्यो । अन्ततः झगडाको कारण चेतप्रसाद दुर्व्यसनको सिकार बन्न पुग्यो । उसले मृत्युवरण गऱ्यो । यसरी गाउँले र

सहरीया परिवेश नमिलेका कारण उनीहरूको प्रेम विवाह असफल भएको प्रसङ्गलाई कथामा चित्रण गरिएको छ ।

**उत्कण्ठा** : रमा र दिनेश पहिलाका प्रेमी थिए । उनीहरूबीच प्रेम भए तापनि विवाह भने अर्कैसँग भएको थियो । उनीहरू आ-आफ्नो घरजम गरेर बसेका थिए । रमा तालिमका लागि सहर आएको बेला दिनेशलाई फोन गरिन् र उनीहरूको भेट भयो । उनीहरू बीच पारिवारिक जीवनका कुरा भए । विगतका दिन सम्झिएर रमाउन थाले र सँगै रात बिताउने विचार गरे । पुरानो माया जीवन्त हुन्छ भन्ने तथ्य कथाले देखाउन खोजेको छ ।

**कल्पना** : मोटरसाइकलमा गुड्दै रहेका म पात्रले गाडी कुरेर बाटोमा बसिरहेकी एक युवतीलाई देखे । युवतीले गन्तव्यसम्म पुऱ्याइदिने कुरा गरी । युवतीलाई मोटरसाइकलमा राखेर हिँड्दा उनी कल्पनामा डुब्न थाले । एकान्तको रेष्टुरेन्ट सम्झँदै पिँजा खाँदै गरेको कल्पना गर्न थाले । यत्तिकैमा सडक छेवैको गेटबाट सानी बच्चीले हात उठाउँदै दगुरी । बच्चीलाई देखेर युवतीले रोक्न अनुरोध गरिन् र झरेर बच्चीतिर गइन् । म पात्रको कल्पना चकनाचुर भयो । एकल यात्रामा पुरुषहरू नारीप्रति आकर्षित हुन्छन् भन्ने कुरा कथाले देखाउन खोजेको छ ।

**पिरलो** : बडाकाजीले आफ्नी छोरी विद्यालाई सुखसयलमा राखेका थिए । साथीको विवाह भनेर केही दिन अघि विद्या काठमाडौं गएकी थिइ । विवाहमा गएको हप्ता दिन भइसक्दा पनि विद्या नफर्केकीले गाउँलेले विद्याले आफैं विहे गरेको हल्ला फिँजाए । बडाकाजी र कजिनीले छोरीका बारेमा भएको हल्ला सहन सकेनन् । जसको परिणाम बडाकाजीले मृत्युवरण गर्न पुगे । कजिनी ठूलो पीरमा परिन् । गाउँलेले सम्झाउन थाले । भोलिपल्ट विद्याले म विवाह सकिएपछि साथीसँग पोखरा घुम्न आएकी छु, केही दिनमा फर्कन्छु, चिन्ता नलिनु भन्दै लेखेको चिठी आयो । नेपाली समाजमा रहेको कुविचारको चित्रण कथामा भएको छ ।

**गीता** : कक्षा नौ कक्षामा पढ्दै गरेकी गीता निराश भएको देखेर बाबुआमालाई चिन्ता लाग्यो । उनीहरूले गीतका साथी र शिक्षकसँग उनका बारेमा सोधे । गीताका अङ्ग्रेजी

विषयका शिक्षकले समस्याको समाधान गर्ने आश्वासन दिए । अन्तमा गीता र उनै अङ्ग्रेजी शिक्षक श्रीपञ्चमीको भोलिपल्टदेखि घरबाट हराएको खबर सुनिन थाल्यो । छात्रा र शिक्षकका बीचको सम्बन्धलाई देखाउँदै छात्राप्रति शिक्षकको कुदृष्टि रहने प्रसङ्गलाई देखाइएको छ ।

**अन्तर्द्वन्द्व** : विवाह गर्ने विचार गरेको द्रोणप्रसादलाई विभिन्न किसिमका केटीको प्रस्ताव आएको थियो । गाउँले केटी र सहरीया केटीको प्रस्तावमध्ये उनले सहरीया केटी मीनालाई सम्झे र विवाह गर्न उचित ठाने तर सोच्दै जाँदा सहर र गाउँको परिवेश नमिल्ने सहरमा जन्मेर हुर्केकी मीना गाउँमा आएर काम गर्न सक्दिन भन्ने सोचे अनि मीनासँग विवाह नगर्ने अठोट गरे । गाउँले केटीहरूमध्ये कुनै केटीसँग विवाह गर्ने विचार उनले गरे । द्रोणप्रसादको मनमा चलेको यस्तो अन्तर्द्वन्द्व कथामा देखाइएको छ ।

**बिहे** : विवाह गर्ने उमेर भएकी सविताका लागि ओभरसियर पदमा स्थायी जागिर खाएका केटाको प्रस्ताव आयो । केटाकेटीको देखभेट भयो । विवाहका लागि दुवै मन्जुर भए । धुमधामसँग विवाह सम्पन्न भयो । बिहेपछि सविताका श्रीमान्को पदोन्नति भयो र घर घडेरी पनि जोडे । सविताको रहनसहनमा पनि परिवर्तन भयो । यो देखेर समाजका एक पक्षले विहेले ल्याएको भाग्य भने, अर्को पक्षले सरकारी प्रतिशतको तुजुक कति दिन टिक्ला र ? भने । बिहेपछि भएको प्रगतिलाई समाजले फरक-फरक किसिमले विश्लेषण गरेको पाइन्छ ।

**अन्तर्हृदय** : सुब्बाकी छोरीको बिहेमा हिँडेका गोविन्दमानको अचानक स्कुलमा सँगै पढेकी साथी सीतासँग भेट भयो । हातमा हँसिया र नाम्लो लिएर हिँडेकी सीता र बिहेमा जान हिँडेका गोविन्दमान चौतारामा बसेर कुराकानी गर्न थाले । विगत र वर्तमानका कुरा गर्दै केही समय चौतारीमा बसे । पारस्परिक सद्भाव प्रकट गरे । छुट्टिने समयमा गोविन्दमानले खामसहित बैंकको ब्रोसर सीतालाई दिएर उकालो लागे । सीता पनि आफ्नो कामका लागी । घर गएर खाम खोलेर हेर्दा खाम भित्र हजारका दुई वटा नोट देखी । स्कुलको पुरानो साथीप्रतिको माया ममतालाई कथाले सङ्केत गरेको छ ।

**दृष्टिकोण :** विवाह गर्ने उमेर पुगेकी सरलाको विवाहका लागि धेरै केटाको प्रस्ताव आयो तर सरलाको विवाह भएन । गाउँलेले विभिन्न दृष्टिकोणले हेर्न थाले । उनका साथी विवाह गरी घरजम गरेर बसेको देख्दा सरलालाई रहर लाग्न थाल्यो । उमेर पुगेकी छोरीको विवाह नहुँदा उनका बाबुआमा पनि चिन्तित थिए । एकदिन सरलाका बाबु बजारतिर जाँदा पुराना साथी जमदारसँग भेट भयो । उनीहरू बीच पारिवारिक कुरा चल्यो । जमदारले सरलाका लागि विदेशमा रहेको केटाको कुरा ल्याए । सरलाका बाबुले सहर्ष स्वीकार गरी छोरीको विवाह गरिदिए । विवाहपछि सरलाले हर्षका साथ सबैलाई भेटेर मिठाइ बाँड्दै जापान जाने कुरा सुनाइन् । त्यसपछि उनलाई धेरैले खाना खाने निमन्त्रणा दिए । परिस्थिति अनुसार समाजले हेर्ने दृष्टिकोण फरक हुन्छ भन्ने तथ्य कथामा प्रस्तुत गरिएको छ ।

**आकाङ्क्षा** : धेरै वर्षपछि समकालीन साथी हरि र सीमा अचानक सहरमा भेट हुन्छन् । उनीहरू बीच आफ्नो जीवनका बारेमा कुरा चल्छ । सीताले आफ्नो जीवनको पीडा सुनाउँछिन् । हरिले उनीप्रति सद्भाव व्यक्त गर्छन् । आजको दिन आफ्नो घरमा केटाकेटीसँग बस्ने कुरा गर्छन् तर सीताले समाज र घर परिवारको डरछ  भन्दै हरिको कुरा अस्वीकार गर्छिन् । धेरै समयसम्म पनि एक अर्काप्रतिको मायाप्रेम अमर रहेको प्रसङ्ग कथामा उल्लेख गरिएको छ ।

**बहिरा :** वृद्धका तीन जना छोराहरू बहिरा थिए । सहरमा हुन लागेको पाँच किलोमिटर दौडमा ती बहिरा तीन दाजुभाइले पनि भाग लिए । सुरुमा एक हजार जनाले नाम लेखाए पनि दौडका नियम सुनेपछि दौडमा भाग लिने जम्मा सय जना मात्र भए । दौड सुरु भयो धेरै जनाले बीचमै दौडन छाडे । राष्ट्रिय धावकसमेत दौडन सकेनन् । यो सुनेर धेरै जना हतोत्साहित भए । अन्तमा गाउँका तिनै बहिरा तीन दाजुभाइ मात्र सफल भए । वृद्ध बाबु खुसी हुँदै छोराहरूको कानले काम नगरे पनि खुट्टा त दह्रा थिए, त्यसैले दौड जिते भने । एकचित्त भएर काम गरेमा सफलता प्राप्त गर्न सकिन्छ भन्ने सन्देश कथाले दिएको छ ।

**ठूलो मान्छे :** बाबु चित्रबहादुरसँग उनको सानो छोराले प्रश्न गरेको छ । छोराको प्रश्नले बाबुलाई उत्तर दिन नसकी मौन रहेका छन् । बाबुले ठूलो मान्छे बन्न पढ्नुपर्छ भन्ने विचार व्यक्त गरेपछि छोराले प्रथम हुने अर्विता अनि दस कक्षामा पढ्ने हरि अङ्कल किन ठूलो

मान्छे नभएको त भन्ने जस्ता प्रश्न थप्दै गयो । जसको जवाफ बाबुले दिन सकेनन् । ठूलो मान्छे बन्न पढ्नुपर्छ भन्ने बाबुको भनाइमा छोराले असहमति जनाउँदैप्रति प्रति प्रश्न गरेको प्रसङ्ग कथामा प्रस्तुत गरिएको छ ।

**मसाज** : रात्री बसमा यात्रा गरिरहेका दुई अपरिचित व्यक्ति उर्मिला र म पात्र एक अर्काबीच परिचय दिँदै अगाडि बढ्छन् । उर्मिलाले म पात्रसँग बाटामा सहयोग गर्न अनुरोध गर्छे । चितवन घर भएकी उर्मिलाले आफ्नो घरको ठेगानाससमेत बताउँछे । कही यात्रुहरू झरेपछि उनीहरू एउटै सिटमा बसी आनन्दको अनुभूति गरिरहेको समयमा युवतीको झर्ने ठाउँ आयो । छुट्टिने बेलामा म पात्रले उर्मिलाको पेसा सोधे । उर्मिलाले नजिकैको भवनमा रहेको मसाज केन्द्र देखाउँदै त्यहीँ काम गर्ने जवाफ दिइन् । उनको पेसा थाहा पाएपछि म पात्रले खल्लो अनुभव गरे ।

**माइती** : रमा, उमाकान्त र उमाका सासु ससुरा गरी चार जनाको परिवार छ । खाना खाएपछि रमाकान्त अफिसतिर लागे । सासु, ससुरा र बुहारी उमा आ-आफ्ना काममा व्यस्त थिए । त्यहीँ समयमा उमाकी भाइबुहारी  टुप्लुक्क आइपुगिन् । भाइबुहारीले आफूले ल्याएको कोसेली सासु ससुराको अगाडि राखिदिइन् । उनीहरूले सहर्ष स्वीकार गरेर आफूहरूले पनि सम्धी सम्धिनीका लागि कोसेली लैदिनु भनी आँपको पोको र दौरा सुरुवाल दिए तर बुहारीले अर्को पटक लैजाउला भनिन् । उमा र भाइबुहारीसँगै निस्किए । उमाले पछ्यौराभित्रबाट पोको झिकेर बुहारीलाई दिइन । बेलुकी ती सामान हराएको गुनासो आमाले छोरासँग पोखिन् । नारीलाई आफ्ना माइती प्यारा हुन्छन् भन्ने भाव कथाले व्यक्त गरेको छ ।

**कोसेली** : दिदीलाई भेट्न दिदीको घरमा पुगेका भाइले कोसेलीको पोको दिदीलाई सुम्पिएपछि सासु रिसाएर साँझ परेको बेलामा पनि बास बस्ने कुरा गरिनन् र उनी साँझमा फर्किए । अर्कोपटक दिदी भेट्न जाँदा कोसेली सासुलाई सुम्पिए । कोसेली पाएपछि भने उनलाई बास बस्न कर गरिन् । कोसेलीले मानिसको व्यवहारमा प्रभाव पार्दछ भन्ने तथ्य कथामा प्रस्तुत गरिएको छ ।

**सपना :** रवीन्द्रले सपनामा आफ्नै मृत्यु भएको देखे । मृत्युको खबर प्रत्रिकामा आई आफूले पढेकोसमेत देखे । बिरामी भइ अस्पताल भर्ना भइ सन्चो भएर घर फर्केका उनले आफ्नो मृत्युमा सबै गाउँले जम्मा भएको, श्रीमती र छोरो एक कुनामा बसेर रोइरहेको देखे । धेरैले उनको प्रशंसा पनि गरेको सुने । उनले आफ्नै मृत्यु भएको हेर्न नसकेर बरण्डामा बसी ईश्वरसँग आफूलाई बचाउन हात जोड्दै प्रार्थना गरिरहेका थिए । यसै समयमा श्रीमतीले उनलाई अबेरसम्म सुतिरहने भनी उठाइन् । घटना सम्झेर उनी झोक्राउन थाले । कहिलेकहीँ सपनाले पनि मानिसलाई चिन्तित बनाउछ भन्ने प्रसङ्ग उल्लेख गरिएको छ ।

**सापटी :** बच्चादेखिका साथी बखतबहादुर र म पात्र दुई दसकपछि राजधानीमा भेट भए । बखतबहादुर दस कक्षा पढेपछि व्यापारतिर लागे भने म पात्र प्राध्यापन पेसामा लागे । म पात्रले खासै प्रगति नगरेका तर बखतबहादुरले प्रशस्त धन कमाएका थिए । आफ्ना मित्रलाई बखतबहादुरले घरमा लगे । उनी सुविधासम्पन्न घरमा बसेका थिए । यो देखेर म पात्रले आफ्नो पेशालाई धिक्कारे । त्यसपछि उनीहरूबीच मित्रता बढ्दै गयो । फोनमा कुराकानी हुन थाल्यो । एकदिन बखतबहादुरले म पात्रसँग ५० हजार सापटी मागे तर उनले आफूसँग भएको २० हजार मात्र दिए । दुई दिनका लागि भनेर लगेको पैसा भाका सार्दासार्दै अन्तत उनी सम्पर्कविहीन भए । बखतबहादुरको बेइमानीपनलाई कथामा उल्लेख गरिएको छ ।

**दलाल :** विदेश बसेर आएका कृष्णप्रसादले जग्गा किन्नका लागि आफ्नै काकालाई भेटे । काकाले पण्डितलाई भेट्ने सल्लाह दिए । पण्डितले बढाइचढाइ गरेर जग्गाको प्रशंसा गरे । जग्गा वरिपरिका छिमेकीले पनि उस्तै प्रशंसा गरेपछि कृष्णप्रसादलाई विश्वास लाग्यो र जग्गा किने । पन्ध्र दिनपछि मालमा पास गर्न जाँदा काकालगायत सबैलाई देखे । घर फर्कदै गर्दा उनले आफ्नो साथीलाई जग्गा किनेको कुरा सुनाए । साथीले त्यो जग्गा मलाई बीस लाखमा लिन कर गरेका थिए मैले किनिन भनेपछि कृष्णप्रसाद झसङ्ग भए । दलाल गर्नेहरूले आफ्नो अर्को भन्दैनन् भन्ने सन्देश कथामा व्यक्त छ ।

कल्याण पन्तका समय सन्दर्भ कृति भित्रका लघुकथालाई अध्ययन गर्दा कल्याण पन्त एक सचेत सर्जक हुन् । उनले आफ्ना लघुकथामा वर्तमानका साहित्यकारलाई समेत अभिव्यक्त गरेका छन् । साहित्यिक क्षेत्रमा देखिएका गतिविधिलाई समेटेर झटारो छोडेका छन् । सबै क्षेत्रमा देखिदै आएका विकृति तथा विसङ्गतिलाई जस्तै रहरले साहित्यकार बन्न

खोज्नेप्रति पनि व्यङ्ग्यात्मक शैलीमा सुझाव दिइएको छ । लघुकथाकार पन्तले साहित्य सँगसँगै सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक, आध्यात्मिक, शैक्षिक, प्रशासनिक तथा प्रेमसम्बन्धी लघुकथा मूलरूपमा समेटिएका विषय हुन् । यसका अतिरिक्त उनको कृतिमा स्वास्थ्य, ज्योतिष र विज्ञान सम्बन्धी विषयले पनि स्थान पाएका छन् ।

### ३.३.२ प्रसाद कृतिमा सङ्गृहीत लघुकथाको अध्ययन

लघुकथाकार कल्याण पन्तको **प्रसाद** दोस्रो लघुकथा सङ्ग्रह हो । प्रत्येक पृष्ठमा चित्रात्मक अभिव्यक्ति अंकित छ । पाठ्यसामग्रीका भावचित्र उमेद पौडेलले तयार गरेको पाइन्छ । यस्तै, बाह्य पृष्ठको चित्र शिव आचार्यको रहेको छ । कृतिको बाह्य पृष्ठभूमि कालो रङ्गको छ भने किनारा नीलो रङ्गले परिवेष्टित छ । चार जना मानिसको बीचमा आर्थिक कारोबार भइरहेको बाह्य कभरले सङ्केत गरेको छ । गहुँको छवाली टाँसेर बनाएको चित्रलाई समावेश गरिएको छ । लघुकथाको शीर्षक प्रसादलाई पनि आफ्नै विशेषता भएको कलाद्वारा संयोजन गरिएको छ । कृतिको प्रकाशन प्रेमकुमारी गुरुङले गरेकी हुन् । कृतिको मुद्रण गोर्खाली अफसेट प्रेस, पोखरामा २०७१ मंसिरमा भएको हो । प्रसाद लघुकथा सङ्ग्रहको अन्तिम पृष्ठमा स्वयम् लेखकको पासपोर्ट साइज फोटोसहित सङ्क्षिप्त परिचय र चार विज्ञका प्रतिक्रिया उल्लेख छन् । आइएसबीएन, बार कोड, क्युआर कोडको अतिरिक्त पुस्तकको मूल्य एक सय १० भनेर पछाडिको पृष्ठमा राखिएको छ । पृष्ठ सङ्ख्या ५६ रहेको कृतिमा विभिन्न विधाका ५६ वटै लघुकथा समावेश छन् । उक्त कथाको अध्ययन निम्नानुसार गर्न सकिन्छ :

**प्रोफेसर** : गेटमा उभिएर ड्युटी गर्ने लिखुरे विष्णु जग्गा दलालको काम गरेर प्रशस्त धन कमाई सुखसयलको जीवन बिताएको देख्दा प्रोफेसर अचम्मित भए । उनी प्रोफेसरबाट अवकास भए तर पनि उनले आर्थिक उन्नती गर्न सकेनन् । गेटमा सलाम ठोकेर बस्ने लिखुरे बिस्नेले आर्थिक उन्नति गरेको देखेर प्रोफेसरले आफ्नो पेसाप्रति हिनताबोधको भाव व्यक्त गरेका छन् । पढे लेखेका विद्वान्ले भन्दा नपढेका मूर्खहरूले प्रशस्त धन कमाउन सक्छन् भन्ने तथ्य कथामा प्रस्तुत गरिएको छ ।

**सभासद्** : पूर्व सभासद् हर्कबहादुर चुनाव आएपछि प्रचारप्रसारका लागि गाउँमा पुगे । उनले लक्ष्मीधरलाई श्रद्धपूर्वक अभिवादन गरे । लक्ष्मीधरले नचिने जस्तो गरे । हर्कबहादुरले आफू

पूर्व सभासद् भएको कुरा बताएर उनी उकालो लागे भने लक्ष्मीधर र उनका साथी सदरमुकामतिर लागे । समयमै संविधान जारी गर्न नसकेर म्याद थप्दै भत्ता खाएका पूर्व सभासद्प्रतिको वितृष्णाको भाव लक्ष्मीधरले व्यक्त गरेका छन् । उनै सभासद्ले दोस्रोपटक पनि उम्मेदवारी पाउनुलाई विडम्बना ठान्दै लक्ष्मीधरले नचिने जस्तो स्वाङ्ग गरेको यथार्थता प्रस्तुत गरिएको छ ।

**सहानुभूति** : अंगनाका पतिको मृत्युपछि उनी र उनका दुई छोरा लवकुश टुहुरा बन्न पुगे । तेह्र दिनसम्म सहानुभूति दिने व्यक्ति कम भएनन् । टुहुरा लवकुशको जिम्मा सहरबासी सहयोगी दयावीरले लिने भए । दुई महिनापछि लव र कुशलाई सहरतिरै लागे । अंगना पनि घरवारी बन्धक राखी सहरमा गएर डेरा गरी बस्न थालिन् । दयावीर उनको आधार बने । अंगनाको सहयोगी बनेको देखेर समाजमा नानाथरी कुरा सुनिन थाले । दयावीरकी पत्नीले भीडको पछि नलागेर आफ्नो कर्तव्य निभाउन अनुरोध गरेको प्रसङ्ग कथामा उल्लेख गरिएको छ ।

**कुतत्व** : जनआन्दोलनबाट राजतन्त्रको अन्त्य भई देशमा गणतन्त्र भित्रिएको दुई वर्ष पुगिसक्दा पनि जनताका समस्या सम्बोधन हुन सकेका छैनन् । गणतन्त्रको तेस्रो वार्षिकोत्सव मनाउन मन्त्रीदेखी कार्यकर्तासम्म सबैको उपस्थिति रहेको थियो । मन्त्री र नेताहरूले भाषण गरे । उनीहरूको भाषण सुनेपछि पीडितले असन्तुष्टि व्यक्त गरे । आफ्ना पीडा सबै यथावत् नै रहेको भन्दै पीडितले नारावाजी गरेपछि माइकवालाले शान्ति, कुतत्वदेखि होसियार भन्दै आश्वासन दिन थालेको सन्दर्भ कथामा व्यक्त भएको छ ।

**अन्धो** : आन्दोलन भन्दा अगाडि मन्त्री भइयो भने गाउँको विकास गर्छु भन्ने आश्वासन दिएका बलबहादुर मन्त्री भइसकेपछि भने गाउँको वेवास्ता गरेका छन् । आफ्नो गाउँको व्यक्ति मन्त्री भएपछि गाउँलेहरू ठूलो आशा लिएर उनलाई भेट्न मन्त्रालयसम्म पुगे । मन्त्रीले उनीहरूका कुरा सुने तर मन्त्री हुनुभन्दा अगाडिका कुरा नगर्नुहोस् भनेर उनी अन्धो बनेको यथार्थ कथामा देखाइएको छ । चुनावमा गरेको कबुल मन्त्री बनेपछि बलबहादुरले बिर्सेका छन् । सोही सन्दर्भलाई कथामा व्यक्त गरिएको पाइन्छ ।

**विद्यार्थी** : म पात्र हतारहतार क्याम्पसतिर जाँदै थिए । बाटोमा उनका तीन चार जना छात्रा विद्यार्थीले हात ठड्याएर उनको मोटरसाइकल रोके र वरिपरि झुम्मिएर उनको प्रशंसा गर्न थाले । उनलाई ढिलो भएकाले बाइक स्टार्ट गरेर हिँड्न लाग्दा एउटी छात्राले साँचो घुमाइदिई अनि सबै हाँस्न थाले । हतार भएकाले उनी त्यहाँबाट बाइक हुँइक्याएर समयमै क्याम्पस पुगे । बेलुकी घर फर्केर श्रीमती र छोराछोरीलाई सबै कुरा सुनाए । आफ्नै छोराछोरी सरहका विद्यार्थीले गरेको सो क्रियाकलापमा उनकी श्रीमतीले नाजायज ठानी शङ्का गरिन् । विद्यार्थी आफ्ना गुरुलाई अभिभावक सहर ठानी नजिक हुन खोज्छन् भन्ने भाव कथामा व्यक्त भएको छ भने नारीले अनावश्यक शङ्का गर्छन् भन्ने सन्दर्भलाई पनि कथामा देखाइएको छ ।

**पुनर्मिलन** : उपाध्याय दम्पत्तिको एक मात्र छोरो बुद्धराम मध्यरातबाटै हराए । पत्रिका, रेडियो, टेलिभिजन सबैतिर सूचना दिइयो तर उनको पत्तो पाइएन । गाउँलेले विभिन्न किसिमका तर्कवितर्क गरे । छोराको आशामा बाँचेका उपाध्याय दम्पत्ति बुढेसकालमा साहारा खोज्दै त्रिवेणीधाम पुगे । भजन, कीर्तनमा व्यस्त भएका उनीहरूको बाँच्ने आशा पलाउन थाल्यो । अतिथिको रूपमा आएका सन्तले प्रवचनमा आफूले १७ वर्षको उमेरदेखि घर छोडेर ध्यानमा बसेको कुरा सुनेपछि उनीहरूले सन्तलाई गहिरिएर हेरे र एक्कासी अङ्कमाल गर्न पुगे । यसरी बाबुआमा र छोराको धेरै वर्षपछि पुर्नमिलन भएको छ ।

**आश्वासन** : नेताहरूले चुनाव अगाडि जनतालाई विभिन्न किसिमका आश्वासन दिने तर जितिसकेपछि आश्वासनलाई भुल्ने गरेको प्रसङ्ग कथामा छ । गाउँमा पुलको आवश्यकता थियो । प्रत्येक पाँच वर्षमा आउने सांसदले नापजाँच गर्छन् । पुल बन्ने आश्वासन दिन्छन् तर पुल नबन्दै उनीहरूको समय सकिन्छ । नयाँ सांसद आएपछि पनि उही प्रक्रिया दोहोरिन्छ । नेतामा पनि पुलको आवश्यकता महसुस हुन्छ तर गाउँलेलाई आश्वासन मात्र दिन्छन् । काम पूरा गर्दैनन् । नेतामा सधैँ आश्वासन दिने तर काम नगर्ने परिपार्टी भएको तथ्यलाई कथाले प्रष्ट पारेको छ ।

**सुपूत्र** : पढाइमा कमजोर भएको लालबहादुरलाई शिक्षक गोपीनाथले तँ त समाजकै कलङ्क होस्, लाले भन्दै गाली गर्थे । एस.एल.सी. पास हुन नसकेपछि सहरमा व्यापार गर्न गएको

ऊ व्यापारमा सफल भयो । स्कुलको रजत जयन्तीमा आमन्त्रित भएको लालबहादुरले विद्यालयलाई आर्थिक सहयोग गऱ्यो । तालीको गुन्जायमानले उसलाई भव्य तवरले धन्यवाद प्रकट गरियो । लालबहादुरलाई समाजको कलङ्क भनेर गाली गर्ने उनै गोपीनाथ सरले लालबहादुरको तारिफ गर्दै उनीजस्ता सुपुत्र भएमा विद्यालयको मुहार फेरिन्छ भन्दै धन्यवाद दिए । शिक्षा नभए पनि पैसालाई सम्मान गरिन्छ भन्ने भाव कथामा प्रकट भएको छ ।

**स्कुल** : नीजि विद्यालयले सुरुमा फि मात्र लिएर भर्ना गर्ने आवश्वासनपछि अभिभावकले छोरालाई एक कक्षामा भर्ना गरे । पहिलो महिना रु दुई हजार मात्र शुल्क आएपछि स्कुल राम्रै रहेछ भने । छैटौं महिनामा आइपुग्दा प्रत्येक महिना नयाँ नयाँ शीर्षकमा शुल्क जोडिँदै गएर तीन हजार पुग्यो । वार्षिक उत्सवमा एक जना अभिभावकले यो सेवा कि व्यापार भन्दै आक्रोश पोखे । नीजि विद्यालयले व्यापारिक मनोवृत्ति लिएर मनपरी शुल्क उठाएको तथ्य कथाले प्रकट गरेको छ ।

**नजर** : श्रीमान्को मृत्युपछि सिर्जनाले नामको अघिल्तिर मिस लेख्ने गरी । जाँगिरको खोजीमा अफिसमा दरखास्त दिएको उसको बायोडाटा हेरेर जागिर पक्का भयो । ऊ सुन्दर भेषभूषा लगाएर कार्यालयमा जान थाली । उसलाई धेरैले छुट्टै नजरले हेरे । एक महिना पुगेपछि नियुक्ति र तलबको कुरा गर्दा निर्देशकले पैसाको बिटो दिएर तिम्रो र मेरो तलब, अबदेखि मेरो तलब पनि तिमी नै राख्ने गर भने । उसले पैसा लिन सकिन र गहभरी आँसु बनाउँदै वृद्ध आमा र छोरीलाई सम्भन पुगी । सुन्दर युवती देखेपछि पुरुषले छुट्टै नजरले हेर्छन् भन्ने भाव कथामा प्रस्तुत गरिएको छ ।

**कन्फरेन्स** : अन्तर्राष्ट्रिय वातावरण दिवसको अवसरमा अध्यक्ष समीपलालले विभिन्न देशका पर्यटकलाई कार्यक्रममा सहभागी गराएर कार्यक्रम सफल बनाएका छन् । सबैले उनलाई बधाई दिनुका साथै उनको कामको प्रशंसासमेत गरे । सरकारी मूल्याङ्कनमा पनि उनी असल ठहरिए । उपाध्यक्षले एकल सक्रियतामा सरकारसँग सहयोग लिएर विदेशी पाहुनालाई ल्याएका भन्दै अध्यक्षको प्रशंसा गरे । यही समयमा अध्यक्षकी श्रीमतीले भाइले ठमेलबाट पर्यटक पठाएर सहयोग गरेको वास्तविकता खोलिन् । घुम्न आएका पर्यटकलाई कार्यक्रममा सहभागी गराएर सम्मेलन गराउने परिपार्टीप्रति कथाले तीखो व्यङ्ग्य गरेको छ ।

**सहयोग :** एस.एल.सी. उत्तीर्ण नगरेका श्रीराम महर्जन सबैका सहयोगीका रूपमा परिचित हुन थाले । उनी विभिन्न सङ्घसंस्थाका संरक्षक र सल्लाहकार भएर काम गरेका छन् । नयाँ शैक्षिक संस्था स्थापना गर्नका लागि पनि उनैलाई सल्लाहकार राखियो । प्रमुख अतिथिका रूपमा आमन्त्रण गरिएका उनलाई शिक्षाविद् भन्दै मञ्चमा बोलाइयो । मञ्चमा गएर उनले खामभित्र चेक राख्दै भने, मैले यसपाला यत्ति नै सहयोग गर्न सकेँ भनेर अध्यक्षलाई खाम दिए । भोलिपल्ट मिटिङमा खाम खोलेर हेर्दा खामभित्रको चेकमा म पैसामा इज्जत किन्दिन भनेर लेखेको देखेर सबै अलमलमा परे । आर्थिक प्रलोभनका कारण नपढेका व्यक्तिलाई पनि शिक्षाविद् भनेर सम्बोधन गरिएकोप्रति तीखो व्यङ्ग्य गरिएको छ ।

**क्यान्सिल :** विवाहित महिला र पुरुष परपुरुष र परस्त्रीसँग घुम्न जानका लागि एक महिना अगाडि नै योजना बनाएका थिए । योजना अनुसार बीच बाटोमा सँगै राजधानीसम्म जाने कुरा थियो । महिला आफ्नो श्रीमान्लाई भेट्न जाने कुरा थियो भने पुरुषले पनि घरमा कुरा मिलाइसकेका थिए । धेरै समयको प्रतिक्षापछि घुम्न जाने दिन आएकाले पुरुष नुवाइधुवाइ गरेर राम्रा कपडा लगाएर तयार भइ बाटोमा गएर बस चढे अनि महिलाको मोवाइलमा फोन हाने । धेरै पटक फोन हानेपछि बल्लतल्ल फोन उठ्यो र जवाफ आयो, म नजाने भए उहाँ आज घरै आउने रे । आफ्नो भन्दा परपुरुष र परस्त्री बीच बढी आकर्षण हुने गरेको विकृतिको चित्रण कथाले प्रस्तुत गरेको छ ।

**जोश :** गाउँले नेता बनेका जनार्दनको तडकभडक छुट्टै थियो । गाउँलेहरूको जागिर सरुवा बढुवा गर्ने, जागिर लगाउने जस्ता काम गर्थे । लामो समयपछि लोकसेवा आयोगले विज्ञापन खुलायो । गाउँका पढेलेखेका उनैसँग सल्लाह लिएर दरखास्त दिए । लिखित र अन्तर्वार्ता दुवै सम्पन्न भयो । भाग्यवश जनार्दनकै गा.वि.स.का दुई जनाको नाम सुब्बा पदमा निस्कियो । उनी खुसी भएर उफ्रिए । यो देखेर श्रीमतीले आफ्ना छोराछोरी हल्लिएर बसेका छन्, अरुलाई जागिर लगाउने ? भनी कराइन् । उनले श्रीमतीसँग मैले भनसुन गरेको होइन यत्तिकै जश मिलेको हो भने ।

**अवस्था :** मास्टर कमलेश्वरका दम्पत्ती नयाँ डेरामा सरेपछि विराट किराना पसलमा सामान किन्न थाले । साहुका श्रीमान् श्रीमती दुवैको बोलीबचन मीठो थियो । उनीहरू सहयोगी

स्वभावका थिए । उनीहरूको व्यवहारबाट कमलेश्वरका दम्पत्ती खुसी थिए । केही दिनमै कमलेश्वरले पसलका साहुलाई दुई लाख रूपैयाँ सापटी दिए । सापटी दिएको तीन महिनापछि साहुले एक करोडको ढुकुटी खाएर फरार भएको खबर सुनेपछि मास्टर एक्कासी तर्से । छोटो समयमै कसैप्रति धेरै विश्वास गर्नुहुन्न भन्ने सन्देश कथाले दिएको छ ।

**उल्लु** : हेडसर कक्षामा गएर पढाउन सुरु गरेको केही समयमै मोवाइलको भाइव्रेसनको आवाज आयो । सरले कक्षाका सबै विद्यार्थीलाई हेर्नु भयो र जङ्गिदै मोवाइल ल्याउनेलाई कारबाही गर्ने चेतावनी दिनुभयो । अफिसमा पनि कुरा गर्नु भयो । छानविन गरेर दोषी पत्ता लगाउने विचार गर्नुभयो । बेलुकी घरमा गएर श्रीमतीसँग पनि उक्त कुरा गर्नुभयो त्यसपछि श्रीमतीले त्यही पुरानो कोट लगाउनु भएछ भनिन् । उनले हत्तपत्त कोटको खल्ती छामे, त्यहाँ मोवाइल रहेछ जसमा तीनवटा मिसकल थिए । आफ्नै खस्तीमा भएको मोवाइल बज्दा पनि थाहा नपाएर विद्यार्थीमाथि शङ्का गरेकोमा उनी आफू उल्लु बनेको महसुस गरे ।

**प्राथमिकता** : बबेन्द्रले बिदाको दिनमा आफन्तलाई भेट्न जाने योजना बनाए र बिहान सबेरै उठी नित्यकर्म सकेर खाना खाई घरबाट निस्किए । घरबाट निस्केको केही छिनमै फोन आयो र उनी घर फर्केर अर्कै कपडा लगाएर निस्के । भेट्न आउँछ भन्ने आशामा सबैले बाटो हेरे तर उनी प्रेमिका मेनकासँग घुम्न गए । उनले आफ्नो घर परिवारका सदस्यलाई भन्दा प्रेमिकालाई प्राथमिकता दिएको प्रसङ्ग कथामा प्रस्तुत गरिएको छ । बिरामी आमा भन्दा प्रेमिकाको चाहना पूरा गर्नतर्फ लागेको सन्दर्भ कथामा आएको छ ।

**दोषः** इमरान र मणिधर दुवै एउटै घरमा डेरा गरेर बस्थे । इमरानको आर्थिक अवस्था कमजोर थियो भने मणिधरको अवस्था मध्यम थियो । घरभेटीको स्टेशनरी पसल थियो । पसलमा खरिद बिक्रीको हिसाब मिल्दैनथ्यो । घरभेटीलाई शङ्का लाग्न थाल्यो । घरभेटी आमाले इमरानप्रति शङ्का गर्न थालिन् र अप्रिय बचन बोलिन् । इमरानको आमाले इमरानलाई निर्दोष सावित गर्न विद्यालयमा प्राप्त गरेको अनुशासनका प्रमाणपत्र देखाइन् तर घरभेटीको शङ्का कम भएन । घरभेटीले उनीहरूका भाँडाकुँडा सडकमा फ्याँकिदिइन् । यसै बखत मणिधरकी आमाले घरभेटीसँग सुटुक्क माफ गर्नुहोला, हाम्रो छोराले जतनसाथ

राखेको छ भनिन् । आर्थिक अवस्था कमजोर भएका कारण इमरान निर्दोष भएर पनि ऊ माथि दोष लगाइएको तथ्य कथामा प्रस्तुत गरिएको छ ।

**उपस्थिति** : अधिवेशन गर्नका लागि शनिवार भेला डाकियो । गणपूरक सङ्ख्या नपुगेपछि सामान्य जलपान गरेर भेला स्थगित भयो । दोस्रो भेलामा पनि त्यही अवस्था सिर्जना भयो । समितिको आकस्मिक बैठक बस्यो र नयाँ ढंगबाट कार्यक्रम गर्ने योजना बन्यो । खानासहितको कार्यक्रम भनी पत्राचार गरेपछि झण्डै शतप्रतिशत उपस्थिति रह्यो । कार्यक्रमलाई भन्दा खानालाई महत्त्व दिने प्रवृत्तिप्रति कथामा तीखो व्यङ्ग्य गरिएको छ ।

**व्यवहार** : हजुरबुबा नातिनातिना सहितको संयुक्त परिवारमा सानो छोराले आफ्नो बुबासँग रसवरी ल्याइदिन अनुरोध गऱ्यो । बेलुका बुबाले ल्याएर प्यारसाथ खुवाए । भोलिपल्ट हजुरबुबाले च्याउ खान मन लागेकाले ल्याइदिन आग्रह गरे । बेलुकी बजारबाट आउँदा छोराले मासुको पोको झुन्ड्याएर आए तर बाबुका लागि च्याउ ल्याइदिएनन् । खाना खाने बेलामा बाबुले सोध्दा धेरै हुरुक्कै हुनुहुन्न भन्ने जवाफ दिए । आफूलाई जन्म दिएर प्यारसाथ हुर्काउने बाबु र आफ्नो छोराप्रति गरेको फरक व्यवहारको यथार्थ चित्रण कथामा गरिएको छ ।

**विश्लेषण** : संविधानसभामा निर्वाचित भएर संसद्मा पुगेका यज्ञनाथको गुण अवगुणको परिचर्चा भइरहेको समयमा दोस्रो पटक पनि चुनावमा टिकट पाएर भोट माग्न आउँछन् । दलाल र पूँजीवादीहरू उनको विपक्षमा थिए भने सुकुम्वासी, दलित, र जनजाति उनको पक्षमा थिए । गोप्य मतदान सम्पन्न भयो । उनी पराजित हुन पुगे । पराजित भएपछि त्यसको कारणका बारेमा विश्लेषण हुन थाल्यो । घर परिवारले पनि अघिल्लो चुनावको प्रतिबद्धता पूरा गर्नुपर्ने कारण देखाए । प्रतिबद्धता पूरा नगर्ने नेतालाई पटक-पटक जनताले विश्वास गर्दैनन् भन्ने तथ्य कथामा प्रस्तुत छ ।

**नातावाद** : बाढीपहिरोबाट पीडितलाई राहत वितरण गर्नका लागि गाउँमा एक टोली पुग्यो । पीडितहरूको नामावली सार्वजनिक गरियो । सबै गाउँलेहरू राहत लिन विद्यालयमा जम्मा भए । भेदभावपूर्ण तरिकाले राहत वितरण भयो । ठूला मानिसका आफन्तलाई ठूला बोरा

दिइयो भने अन्यलाई साना बोरा दिइयो । यसरी राहत वितरण कार्यमा पनि नतावाद हावी रहेको प्रसङ्ग कथामा उल्लेख गरिएको छ ।

**घमण्ड** : न्यायाधीश दम्पत्तीले आफ्नी छोरी अन्जुको विवाहका लागि आएका राम्रा राम्रा केटाको प्रस्तावलाई अस्वीकार गरे । उनीहरूमा आफ्नो धन र जागिरप्रति घमण्ड थियो । जसका कारण उनीहरूले जस्तातस्ता केटालाई छोरी नदिने निर्णय गरे । उनीहरूको घमण्डले गर्दा छोरी अन्जुको विवाह हुन सकेन । अन्ततः अन्जुको विवाह खाडी मुलुकको एक कामदारसँग गरिदिए । त्यसपछि समाजमा विभिन्न थरीका कुरा सुनिए । बाबुआमाको घमण्डले छोराछोरीमा प्रत्यक्ष असर पर्छ भन्ने सन्देश कथामा अभिव्यक्त भएको छ ।

**पाखे** : म पात्र एस.एल.सी. पास भएपछि पढ्नका लागि सहरमा डेरा गरेर बस्न थाले । त्यतिखेर घरभेटीकी छोरी करिश्मा दस कक्षामा पढ्थी । उसको हाउभाउ नै बेग्लै थियो । म पात्रलाई पाखेको दृष्टिले हेर्थी । उनीहरू दुवै पढाइ सकेर आ-आफ्नो शैलीले जीवन बिताउन थाले । बैङ्कको मेनेजर भएका म पात्रले रश्मीलाई एकदिन अनलाइनमा देखेर धेरैबेर कुरा गरे । अन्तमा पहिला पाखे भन्ने व्यक्ति मेनेजर भएको थाहा पाएपछि रश्मीले पश्चातापको भाव व्यक्त गर्छे । गाउँलेलाई हेलाको दृष्टिले हेरिन्छ भन्ने भाव कथामा प्रस्तुत गरिएको छ ।

**प्रसाद** : अत्यन्तै जरुरी काम लिएर कार्यालयमा पुगेका म पात्रले सबै कागजात सुब्बा सबलाई बुझाए । सुब्बासाबले तरिका मिलेन भन्दै फिर्ता गरिदिए । काम त्यही दिनमा सक्नुपर्ने थियो । सुब्बाले फिर्ता गरिदिएपछि म पात्र निराश हुँदै बाहिर निस्कदै थिए, अचानक एक जना चिनेका लेखनदास भेटिए । आफ्नो समस्या बताए । लेखनदास सुब्बाको कोठामा पसे र कुरा मिलाए अनि केही पैसा पनि दिए । काम सकिएपछि उनी गाडी चढेँ । संयोगवश म पात्र र सुब्बासाब एउटै सिटमा बस्न पुगे । सुब्बा लाजले झ्यालतिर फर्के तर पनि म पात्रले विनम्रतापूर्वक प्रसाद हात पर्‍यो हजुर भन्दै सुब्बालाई लज्जित बनाए । कथाले घुस्याहा कर्मचारीप्रति तीखो व्यङ्ग्य गरेको छ ।

**धर्म** : धर्मप्रति अत्यन्तै विश्वास गर्ने देवकीलाई आफूले गरेको धर्मकै कारण छोराछोरी पनि सफल हुन सकेको विश्वास थियो । सबै ठाउँमा धर्म गर्न पुगेकी देवकीको द्वारिका दर्शन

बाँकी थियो, उनको त्यहीँ जाने इच्छा भयो र घरसल्लाह गरिन् । बिरामी भएर औषधि खाइरहेका श्रीमान्ले बिदा दिन सकेनन् तर पनि द्वारिका दर्शन गरेमा श्रीमान्को रोग सन्चो हुने विश्वासले उनी साइत गरिन् । फर्केर घरमा आउँदा श्रीमान्को मृत्यु भइसकेको थियो । धर्ममा अन्धो भएकी देवकीले बिरामी श्रीमान्को रेखदेख नगरेर तीर्थ जाँदा श्रीमान्ले मृत्युवरण गरेको प्रसङ्ग कथामा छ ।

**कर्मफल** : ऋषिराज र एकनाथ समकालीन साथी थिए । ऋषिराज समाजसेवी थिए । घर परिवारलाई भन्दा सामाजिक कार्यलाई महत्त्व दिन्थे । एकनाथ भने पैसा कमाउनेतिर लागे । आफ्नो घर परिवार सम्पन्न बनाए तर समाजप्रति खासै वास्ता गरेनन् । अचानक उनीहरू दुवै जना एकै समयमा बिरामी भएर थला परे र एक महिनाको अन्तरमा उनीहरूको मृत्यु भयो । समाजसेवी ऋषिराजको अन्तिम संस्कारमा असङ्ख्य मानिसहरू उपस्थित थिए भने एकनाथको संस्कारमा सीमितत व्यक्तिहरू मात्र थिए । समाजले व्यक्तिको कामको मूल्याङ्कन गर्छ भन्ने यथार्थ कथामा प्रस्तुत गरिएको छ ।

**शमशेर** : शमशेरबहादुर झै झगडा मिलाउन सिपालु भएकाले उनी गाउँमा चर्चित भएका थिए । गाउँमा हुने झै झगडामा सधैँ उनलाई अगाडि सारिन्थ्यो । पहरामा भएको मूलको पानीको विषयमा दुई पक्ष बीच झगडा भयो, अरुले मिलाउन नसकेपछि शमशेरबहादुरलाई अगाडि सारियो । उनकै संयोजकत्वमा नयाँ समिति बन्यो । त्यसपछि त्यहाँ तीनवटा ट्याङ्की राखियो । एकएक वटा झगडियाले प्रयोग गरे भने एउटा ट्याङ्कीको कुरा गर्दा शमशेरले आफूले प्रयोग गरेको बताए । गाउँका टाठाबाठाले सर्वसाधारणलाई प्रयोग गरेर आफूले फाइदा उठाउँछन् भन्ने सन्देश कथाले दिएको छ ।

**वाक्क** : मजदुरी गरेर जीवन निर्वाह गरेको वीरेलाई प्रत्येक चुनावमा विभिन्न किसिमका आश्वासन देखाएर नेताले प्रचारप्रसारमा प्रयोग गरेका छन् । परिवर्तनका कुरा गरेर आन्दोलनको योजना बनाए र वीरेलाई पनि आन्दोलनमा हिँड्न आग्रह गरे तर वीरेले भने उनको आग्रहलाई अस्वीकार गर्दै कति गर्नु क्रान्ति, म त अब वाक्क भइसकेँ । म अब ज्यान गए पनि क्रान्तिमा लाग्दिन । जति लोभ देखाए पनि हाम्रा लागि केही भएन भन्दै असन्तुष्टिटको भाव व्यक्त गरेको सन्दर्भ कथामा व्यक्त भएको छ ।

**पद** : तीस वर्षसम्म एउटै विद्यालयमा कार्यरत हेडमास्टर मनरामले विद्यालयमा धेरै राम्रा काम गरेकाले प्रशंसाका पात्र बनेका थिए । अवकास हुने समय नजिकिँदै थियो । अवकास पूर्व नै पुस्तकालय भवन निर्माण गर्ने धोको थियो तर भवन निर्माणको कार्य  नसकिँदै उनी अवकास हुनुपऱ्यो । विदाइको समयमा गहभरी आँसु लिँदै भवन निर्माण कार्यमा निरन्तरतता दिने अपेक्षा व्यक्त गरे । एक हप्तापछि उनी स्कुलमा गएर भवन वरिपरि घुमे, विद्यार्थी र शिक्षकसँग कुराकानी गरे । उनले खल्लो महसुस गरे । पहिला उनीप्रति जुन मान सम्मान गरिन्थ्यो, त्यो अहिले पाएनन् । उनले व्यक्तिलाई भन्दा पदलाई सम्मान गरिँदो रहेछ भन्ने महसुस गर्दै घर फर्के । बलेको आगो ताप्ने परिपार्टीको यथार्थ चित्रण कथामा कथामा प्रस्तुत गरिएको छ ।

**त्रास** : वर्षौंपछि दुई जना स्कुले साथी अचानक बाटोमा भेट हुन्छन् र रेस्टुरेन्टतिर गएर गफगाफ गर्छन् । दुवैलाई हतार भएकाले बाइकमा चढेर फर्कन्छन् । एक हप्तापछि दोस्रो पटक फोन सम्पर्क गरी उही रेस्टुरेन्टमा भेट हुन्छन् । मीठा-मीठा गफ गरी फर्कन्छन् । बाइक चढ्दा युवतीले कसैले देख्छन् कि भित्री बाटो जाऊँ भन्छे । दुई दिनपछि नै फेरि तेस्रो पटक अर्कै रेष्टुरेन्टमा भेट हुन्छन् । पहिला भन्दा नजिक भइसकेका उनीहरू रमाइला गफमा मस्त थिए । बाहिर भने दिन बितिसकेको थियो । अन्तमा हतार-हतार बाइक स्टार्ट गरे तर युवतीले अप्ठ्यारो मान्दै भो अरुले देखे भने भन्दै त्रासको भाव व्यक्त गर्छे ।

**राष्ट्रियता** : हिमाली, पहाडी र तराई क्षेत्रका एक एक मूल सदस्यले प्रदेश रेखाङ्कनमा खुसी व्यक्त गर्दै आ-आफ्नो किसिमले अर्थ लगाए । कसैले प्रदेश विभाजनमा खुसी व्यक्त गरे भने कसैले असन्तुष्टि व्यक्त गर्दै क्रान्ति गर्नका लागि जंगल पस्ने, सडक तताउने कार्यमा लागे । अन्ततः मुलुक कमजोर अवस्थामा पुगेकाले मित्र राष्ट्रको नजिक बस्नेहरूले उनीहरूकै भाषालाई राष्ट्रिय भाषाको माग गर्न थालेको प्रसङ्ग कथामा प्रस्तुत गरिएको छ ।

**पहिचान** : लामो समयसम्म बिरामी परेकी विश्रान्तीले फुकफाकदेखि डाक्टरी उपचार सबै गरिन् तर रोग बिसको उन्नाइस भएन । उनी पटक-पटक पानी पिउँथिन्, उनी सुकेर मुरली जस्ती भइन् । केही सीप नलागेपछि उनी प्रसुती विभागमा जचाउन पुगिन् । डाक्टरले सबै रिपोर्ट हेरेपछि पाठेघरको समस्या भएको बताए । मधुमेह भनेर औषधि खाइरहेकी विश्रान्ती

पाठेघरको समस्या भनेको सुनेपछि झसंग भइन् । डाक्टरले वास्तविक रोगको पहिचान भएको र औषधि खाएपछि सन्चो हुने आश्वासन दिएकाले उनी अली ढुक्क भएकी छन् । यही सन्दर्भलाई कथामा अभिव्यक्त गरिएको छ ।

**दुनो** : दुई जना जग्गा धनीको जग्गा विवादलाई मिलाउन नेतालाई अगाडि सारियो । दुवै जग्गाधनीले आ-आफ्नो कुरा छोडेनन् । एक मध्यस्तकर्ताले झगडियालाई एकान्तमा लगेर सम्झाइँ फकाइ गरेपछि समस्या समाधान भयो । धेरैले ताली बजाए । नेतालगायत सँधियार मौन रहे । त्यसको एकहप्तापछि उनै नेतालगायतका मध्यस्तकर्ताले धमाधम प्लटिङ गर्न थाले । जग्गा विवादमा झगडियासित मिलेर नेताले आफ्नो दुनो सोझ्याएको विकृतिमूलक सन्देश कथाले दिन खोजेको छ ।

**आस्था** : विवाह भएको लामो समयसम्म सन्तान नभएपछि चन्द्रिका धर्मकर्मतिर लागिन् । उनले भगवान्प्रति आस्था राख्दै विभिन्न धार्मिक कार्य गरिन् । उनले डाक्टरसँग पनि जाँच गराइरहेकी थिइन् । अन्ततः उनको महिनावारी रोकियो । उनी र उनको परिवारको खुसीको सीमा रहेन । महिनावारी रोकिएपछि उनी डाक्टर कहाँ पुगिन् । डाक्टरले जाँच गरेपछि बधाई दिँदै हाम्रो पहिलेदेखिको प्रयास सफल भयो भनिन् । यो सुनेपछि चन्द्रिकाले मनमनै ईश्वरभन्दा डाक्टर ठूला हुने भन्दै गभर्वती हुनुको श्रेय भगवान्लाई दिइन् र भगवान्को आस्थाका कारण सबै भएको भाव व्यक्त गरिन् ।

**दुर्घटना** : विदेशमा भएका श्रीमान् घर फर्कने कुरा चल्दै थियो । बिहानै आमा, दिदी, आफन्त र छिमेकीसँग सन्चोबिसन्चोको कुरा गरे अनि गाउँ सम्झे । श्रीमती, श्रीमान् आउने प्रतिक्षामा थिइन् । उनले समाचारमा जहाज दुर्घटना भएको कुरा सुनिन् अनि श्रीमान्लाई फोन गर्दा पनि फोन नउठेपछि उनी डराइन् । बारम्बार फोन गरिन् । अन्ततः श्रीमान्ले फोन उठाए । श्रीमतीले सुक्कसुक्क गर्दै बिहान जहाज केके भयो भन्ने समाचार सुनेकी थिए भनिन् । विदेशमा भएका श्रीमान्प्रतिको मोह कथामा उल्लेख छ ।

**मातृस्नेह** : शिक्षकले कक्षामा मातृभाषा, मातृभूमि र मातृस्नेह शब्दार्थको व्याख्या गर्दै जानुभयो । अघिल्लो वर्ष आमा गुमाएकी शारदा आफूलाई सम्हाल्नै नसकेर सुक्कसुक्क

आवाज निकालेर रुन थाली । बरखी बारेर बसेका शिक्षकको पनि गला अवरुद्ध भयो र कक्षाबाट बाहिर निस्किए । आमाको स्नेह सबैभन्दा ठूलो हुन्छ भन्ने भाव कथामा व्यक्त भएको छ ।

**जिप्पर** : एक जना शिक्षक हतारहतार बाइक स्टार्ट गरेर विद्यालय पुगे । ढिलो भइसकेकाले हतारमै कक्षामा पसेर पढाउन सुरु गरे । पढाउँदै गर्दा एक दुई गर्दै सबै विद्यार्थी खस्याक खुसुक गर्न थाले । उनले रिसाएर सबैलाई गाली गरे तर विद्यार्थी त उल्टै हाँस्न थाले । यत्तिकैमा घन्टी बज्यो अनि उनी कक्षाबाट बाहिर निस्केर घरतिर लागे । मोटरसाइकलबाट ओर्लिएर गेटमा पुग्नासाथ श्रीमतीले जीब्रो काट्दै जिप्पर खुल्लै भएको जानकारी दिइन् । त्यसपछि उनले विद्यार्थीले खस्याक खुसुक गरेको कारण थाहा पाए । थाहै नपाइ हुने बेइज्जतीमा आफ्ना अति नजिकका मान्छेले मात्र थाहा दिन्छन् भन्ने प्रसङ्ग कथामा उल्लेख गरिएको छ ।

**पावर** : कविता प्रतियोगितामा निर्णायक मण्डलमा बसेकाहरूले योग्य प्रतियोगिलाई पाखा लगाएर भनसुनका आधारमा अयोग्य प्रतियोगीतालाई छनोट गरेका छन् । पढाइमा तेज नभएका र कविता वाचनमा पनि उत्कृष्ट नभएका माणिकरत्नलाई सर्व श्रेष्ठ कविको घोषणा निर्णायक मण्डलका संयोजकले भनेपछि सबै दङ्ग परे । यत्तिकैमा संयोजकलाई फोन आयो, फोन उठाउँदै मन्द स्वरमा बल्लतल्ल पगरी गुथाउन सफल भयौं भन्ने जवाफ दिए । त्यसपछि सबैजनालाई थाहा भयो, कसरी वरिष्ठ कविहरू पाखा लागेका रहेछन् । जुन ठाउँमा पनि राजनीतिक पावरले काम गर्ने विकृतिको चित्रण कथामा गरिएको छ ।

**चतुऱ्याइँ** : पम्फा बिहानै ज्योतिषी कहाँ पुगिन् । ज्योतिषीले पम्फाको चिना फुकाउनासाथ दुई तीन वटा कुरा भनिहाले वस्तुभाउलाई कुँडो नखुवाई आएको, पानी परेको बेलामा जन्म भएको, जन्मको समयमा घरमा कोही नभएको जस्ता कुरा भनेपछि पम्फाको अनुहार उज्यालो भयो । उनले गाउँभरि ज्योतिषीको प्रशंसा गर्न थालिन् । यो कुरा पढेलेखेका ज्योतिषीको कानमा पनि पुग्यो । उनीहरू ती ज्योतिषी कहाँ पुगे र पम्फाको प्रसङ्ग कोट्याए । ज्योतिषीले मुस्कुराउँदै भने विद्यामात्र भएर हुँदैन चतुऱ्याइँ पनि गनुपर्छ । टाढाको

गाउँबाट एका बिहानै आइपुग्नु र असारमा जन्म भएको थाहा पाएपछि अड्कल गर्न सक्नुपर्छ भने । परिस्थिति अनुसार जुक्ति लगाउन सक्नुपर्ने सन्देश कथाले दिएको छ ।

**स्वास्थ्य** : समयको परिवर्तनसँगै मानिसको जीवनशैली पनि परिवर्तन भएको छ । घरकै ताजा खाने कुरा खाएका हजुरबा नब्बे वर्षसम्म बाँचे । होटलका स्वादिष्ट परिकार खाएका बाबु साठी वर्षसम्म बाँचे । आमाको आधुनिकता अनि बच्चैमा सेरेल्याक र बजारका खानेकुरा खाएको नाति चौबिस वर्षकै उमेरमा एक्कासी मुर्च्छा परे । आधुनिकता र विलासिताका कारण मानिसको स्वास्थ्यमा नकारात्मक असर पर्न गएको तथ्यलाई कथामा प्रस्तुत गरिएको छन् ।

**ठगी** : एक हुल विदेशी व्यापारीलाई गाउँमा आए । दसैं विदाको समय भएको हुनाले गाउँलेसँग सल्लाह गरी विद्यालयलाई व्यापारिक केन्द्र बनाई व्यापार गर्न थाले । दसैंको समयमा उनीहरूको कपडा व्यापार राम्रो भयो । उनीहरूले गाउँ-गाउँबाट अदुवा, लसुन, मरिच, जढिबुटी मगाएर व्यापार सकिएपछि ति मगाएका सामान बोराका बोरा लिएर फर्के । एकवर्षपछि ठीक त्यही समयमा तिनै पहिला लगेका सामानमा लेवल टाँसेर व्यवस्थित बनाएर ल्याई महङ्गो मूल्यमा बिक्री गर्न थाले । यसै समयमा एक विद्यार्थी नेताले खबरदारी गर्दै हाम्रो सामान सस्तोमा लगेर त्यही ल्याएर महङ्गोमा बेची ठगी गर्ने भने । नेपाली माथि विदेशी व्यापारको नाममा ठगी गरेको प्रसङ्ग कथामा उल्लेख छ ।

**व्यापार** : व्यापारमा लागेका म पात्र सरसल्लाह लिन धेरै ठाउँमा गए । व्यापारीहरूलाई भेटे तर अन्तमा उनले आफ्नो पुरानो साथी सन्देशको सल्लाह अनुसार काम गरे । सन्देशले आठ प्रतिशत कमिसन दिने कुरा गरे । सन्देशको सल्लाह अनुसार व्यापार गर्दै जाँदा राम्रो उन्नत्ति भयो । व्यापारकै सिलसिलामा विदेशी कम्पनीसँग सम्पर्क भयो । सन्देशको पनि त्यहीँ सम्पर्क रहेछ । कमिसनको कुरा गर्दा १५ प्रतिशत दिने संकेत गरे । त्यसपछि थाहा भयो घनिष्ट मित्रले पनि व्यापारिक दृष्टिले हेर्दा रहेछन् । यसरी प्रस्तुत कथामा व्यापारमा आफन्तपन हुँदैन भन्ने भाव व्यक्त गरिएको छ ।

**उद्धार** : नदीको किनारमा लास जलाउँदै गरेका मलामीहरूले अचानक नदीमा एउटा व्यक्ति डुब्दै उत्रँदै गरेको देखि उसलाई उद्धार गर्नको निमित्त विभिन्न ठाउँमा खबर गरी उद्धार

टोली बोलाएर उद्धार गरे । उद्धारपछि उक्त व्यक्ति विस्तारै बोल्न थाल्यो । उसले आफ्नै भाषामा म अभ्यास गरेको गोताखोर हुँ, म आफै उत्रिहाल्यैं नि भन्यो । नेपालीले गरेको उद्धारलाई उसले वैगुनको रूपमा लिएको प्रसङ्ग कथामा प्रस्तुत छ ।

**क्रान्ति** : बेल्चा, गैंची समातेर दिनरात काम गर्ने मजदुरले जति क्रान्ति गरेर देशमा परिवर्तन भए पनि आफ्नो जीवनमा परिवर्तन नआएको हुनाले असन्तुष्टिको भाव व्यक्त गरेको छ । मजदुरकै परिश्रमबाट गाउँमा धेरै परिवर्तन आएको र क्रान्तिकारीको जीवनस्तर बदलिएको तर मजदुरको जीवन दुखैमा बितेको हुनाले उसले विद्रोहीहरूप्रति वितृष्णाको भाव व्यक्त गरेको छ । विभिन्न आश्वासन दिएर मजदुरलाई क्रान्तिमा प्रयोग गरेको प्रसङ्ग कथामा प्रस्तुत छ ।

**भ्रम** : भर्खर क्याम्पसमा भर्ना भएर पहिलो दिन क्याम्पसमा प्रवेश गरेका विद्यार्थीहरूले चश्मा लगाएकी मोटीमोटी सुन्दर महिला र एउटी दुब्लीपातली महिलालाई एकै साथ देख्दा उनीहरूले मोटीलाई झुकेर अभिवादन गरे र दुब्लीलाई हात मात्र केही उचाले । कक्षा कोठामा गएर बसेपछि उही मोटी हातमा रजिस्टर र डस्टर लिएर कक्षाभित्र पसिन् । सबै जुरुक्क उठे तर उनी चुपचाप रजिस्टर र डस्टर छोडेर बाहिर गइन् । एकैछिनपछि दुब्ली महिला आएर ४५ मिनेटसम्म पढाएर बाहिर गइन् । कक्षा सकेर बाहिर निस्कँदा उही मोटी भुइँ पुछ्दै थिइन् । उनीहरूको शारिरीक बनावट र लवाइले विद्यार्थीहरू भ्रममा परेको तथ्य कथाले प्रस्तुत गरेको छ ।

**समाज** : पढेलेखेकी समीक्षालाई सहरीया उद्योगपति माग्न आउँदा पढेलेखेको केटासँग विवाह गर्ने भन्दै उद्योगपतिलाई दिइएन । पछि पढेलेखेको गाउँले केटासँग समीक्षाको विवाह भयो । उनको विवाह भएपछि समाजमा विभिन्न कुराहरू सुनिन थाले । सहरीया धनी केटालाई नदिई गाउँले केटालाई दिए । पढेर मात्र हुन्छ र भन्ने कुरा सुनिए । १० वर्षपछि समीक्षा सुनले पहेँलै भएर तामझामका साथ माइती आउँदा समाजले पढाइ भनेको पढाइ नै हुँदो रहेछ भनेर प्रशंसा गर्न थाले । समाजले परिस्थिति हेरेर मूल्याङ्कन गर्छ भन्ने सन्देश कथाले दिन खोजेको छ ।

**विद्रोह :** नयाँ सरकार गठन भएपछि सडकमा नाराबाजी हुन थाले । पुत्ला जलाउने । नेतालाई गाली गलौज गर्ने जस्ता विद्रोही काम हुन थाले । प्रहरीका जवानले धमाधम विद्रोहीलाई भ्यानमा लोड गर्न थाले । पूर्व मन्त्री बखानसिंह पनि आन्दोलनकारीका बीचमा थिए । उनलाई डिएस्पीले अभिवादन गर्दै हजुर मन्त्री हुँदा भनेको सम्भिरहेछु भनेर भित्र लगी थुनामा राखे । केन्द्रबाट फोन आउँदा डिएस्पीले आफू मन्त्री हुँदा ठोक्ठोक् भन्नेलाई पनि थुनिएको छ भने । पदमा हुँदा एउटा र पदमा नहुँदा अर्को व्यवहार गर्ने गर्ने नेताको द्वैत चरित्रलाई कथाले उजागर गरेको छ ।

**भागबन्डा :** लोकसेवाको परीक्षा दिएका भतिजले कार्यालय प्रमुख आफ्ना काकालाई जानकारी गराए । काकाले लोकसेवाको लिखित परीक्षामा भनसुन नचल्ने भएकाले लिखितको नतिजा प्रकाशन भएपछि सम्भाउन भने । भतिजले लिखितमा एक नम्बरमा नाम निकालेको जानकारीपछि काका खुसी भए । अन्तर्वार्ता सम्पन्न भयो । समितिको मिटिङमा लामो छलफलपछि नतिजा सूची बन्यो र नतिजा प्रकाशन भयो तर भतिजको नाम निस्किएन । काकासँग सोध्दा काकाले राजनीतिक भागबण्डाका कारण फालिनु परेको तीतो सत्य व्यक्त गरे ।

**डिस्काउन्ट :** बल्लतल्ल पैसाको जोहो गरेर अस्पतालमा उपचार गराउने सहर भरेको विकराम उपचार गराएर लेखाशाखामा बिल तिर्न लाइनमा बस्छ । लाइनमा बसेका सबै सुकिला मुकिला हेर्दा धनी जस्ता देखिन्थे । उनीहरू सबैले बिल तिर्दा डिस्काउन्ट भन्दै बिल तिरे । उसले पनि बुभ्हीनबुभ्ही त्यही शब्द उच्चारण गऱ्यो । लेखापालले उसलाई भपाऱ्यो अनि उसले चुपचाप बिल तिऱ्यो । डिस्काउन्ट भनेर बिल तिर्नेहरू कार चढेर हिँड्नेहरू पनि थिए । धनीमानी र टाठा बाठालाई जहाँ पनि छुट हुन्छ तर गरीब र सोभ्हासाभ्हा भने जहाँ पनि हेपिन्छन् भन्ने यथार्थता कथामा चित्रण गरिएको छ ।

**परिवेश :** समय परिवर्तनसँगै मानिसको जीवनशैली फेरिएको छ । हजुरबुबाको जीवनशैली गाउँले परिवेशको छ । हजुरबुबा कुवाको पानी खानुहुन्छ भने नातिनातिना जारको पानी खान्छन् । अन्य खानेकुरामा पनि त्यस्तै फरक छ । नातिनातिना कोही विदेशमा छन् भने कोही सहरमा छन् । उनीहरूको जीवनशैली छुट्टाछुट्टै किसिमको छ । आमा भने सधैँ

छोराछोरीका लागि भान्सा कुरेर बसिरहनुहुन्छ । सबैको जीवनशैली बदलिए पनि नारीको जीवन भने चुलाचौका मै बितेको यथार्थ कथामा उल्लेख गरिएको छ ।

**निरीक्षण** : दल-दल बीच एकता कायम भएपछि बहुमतीय सरकार बन्यो अनि त्यसैअनुसार मन्त्रालयको भाग बन्डा गरियो । मन्त्री परिषद्को बैठकमा योजनाकारहरू जनतासँगै प्रत्यक्ष जानुपर्ने निर्णय भयो । देशभर सडक निर्माण कार्य भइरहेकाले यातायात मन्त्री निरीक्षणका लागि सडक निर्माणस्थल तिर लागे । उनलाई देखेपछि पारिश्रमिक नपाएका मजदुरहरूले गुनासो पोख्ने विचार गरे । उनीहरू बीच कानेखुसी भयो । मूल नाइके होला भन्ने अनुमान गरे तर बेलुकी रेडियोले समाचार फुकेपछि बल्ल यातायात मन्त्री निरीक्षण गर्न आएको कुरा थाहा पाए ।

**संस्कृति** : लामो समयसम्म विदेश बसेर आएका छोरालाई विमानस्थलमा लिनको लागि बाबु, आमा, दिदी, बहिनी लगायतका आफन्तहरू जम्मा भए । एकै छिनमा जहाज आएर रोकियो अनि उनी झरे र हात फिजाउँदै आएर बुढी आमा, दिदी, बहिनीसँग अङ्कमाल गर्दै मुख र गाला जोडे । उनको क्रियाकलाप देखेर सबै सर्माए । एक जना पण्डितले विदेशी संस्कृतिको प्रभाव भने । विदेशी संस्कृतिले नेपालीलाई पारेको प्रभावलाई कथामा उल्लेख गरिएको छ ।

**प्रवृत्ति** : विभिन्न किसिमका कामका लागि सर्वसाधारण बिहानैदेखि फाइल हातमा बोकेर लाइन बसिरहेका थिए । कर्मचारीका आफन्तहरूले लाइनमा नबसी नै फाइल बुझाएका थिए । कर्मचारीले उनीहरूकै काम गरिरहेका थिए । दिन बित्न लागिसक्दा पनि सर्वसाधारणको पालो आएन । उनीहरू कराए, हाकिमलाई भने तर पनि काम नबनेपछि उनीहरूले धमाधम फोनहान्न थाले र केही बलिया युवाहरूलाई  बोलाए । त्यसपछि सबै कर्मचारी आ-आफ्नो स्थानमा बसेर पन्ध्र मिनेटमै सर्वसाधरणका काम सकिदिए । सरकारी कार्यालयमा सर्वसाधारणले भोग्नु परेका सास्तीको चित्रण कथामा गरिएको छ ।

**शान्ति** : एक अभिमुखीकरण कार्यक्रममा व्यापारी, उद्योगपति र शिक्षकलाई निद्रासँग सम्बन्धी प्रश्न सोधियो । व्यापरीले मध्यरातमै ब्युँझिने कुरा बताए उद्योगपतिले २ बजेपछि निद्र नलाग्ने बताए भने शिक्षकले ५ बजे निद्राले छोड्ने कुरा बताए । व्यापारी र

उद्योगपतिलाई भन्दा शिक्षकलाई आनन्द हुने प्रसङ्ग कथामा प्रस्तुत गरिएको छ । यसरी लघुकथाकार कल्याण पन्तको प्रसाद लघुकथा सङ्ग्रहमा समाविष्ट ५६ वटा लघुकथामा सरसर्ती नजर लगाउँदा लघुकथाकारले राजनीतिक विषयलाई लिएर १४ वटा लघुकथा लेखेका छन् । सांस्कृतिक विषयमा १० वटा लघुकथा लेखेका पन्तका लघुकथामा सामाजिक विषयलाई समेटेका आठ वटा लघुकथा पाइन्छ । यसैगरी, शैक्षिक र प्रेमपक्ष अभिव्यक्त सात वटा लघुकथा कृतिमा समाविष्ट रहेका छन् । समय सन्दर्भ कृतिमा जस्तै उनले आर्थिक विषयका चार, धार्मिक विषयका तीन, स्वास्थ्य विषयसँग सम्बन्धित दुई र ज्योतिषलाई विषय बनाएर एउटा लघुकथा लेखेका छन् । कथाकारले आफ्ना कथामा मूलतः राजनीतिमा देखिएका विचलन र विकृतिलाई जोड दिएको पाइन्छ । त्यसरी नै कथामा सांस्कृतिक, सामाजिक र शैक्षिक क्षेत्रका विकृतिलाई औंल्याइएको छ । यसका अतिरिक्त प्रेमसम्बन्धी विषयलाई लिएर कथाकारले छुट्टै तवरले कलम चलाएका छन् । समाजमा भइपरि आउने आर्थिक र धार्मिक पाटोलाई समेत खोतल्दै स्वास्थ्य र ज्योतिष क्षेत्रको विषयवस्तुमा प्रतीकात्मक तवरले कथामा विविधता पस्केको देखिन्छ ।

## ३.४ निष्कर्ष

लघुकथाकार कल्याण पन्तले समाजमा देखेका सन्दर्भलाई जस्ताको तस्तै आफ्ना कथामा उतारेका छन् । सोही कारण उनलाई सामाजिक यथार्थवादी कथाकार हुन् भन्न सकिन्छ । उनले समाजमा देखिएका आर्थिक, राजनैतिक, सामाजिक, प्रशासनिक, शैक्षिकलगायत मानवजीवनका विविध सामाजिक यथार्थलाई लिएर लघुकथा लेखेकाले उनका कथामा मानवजीवनका विविध पाटालाई जस्ताको तस्तै देख्न र मानवतावादी स्वर, अभाव र गरीबीको चित्रण पनि भेट्न सकिन्छ । पन्त सामाजिक अराजकताप्रति विद्रोह र व्यङग्य व्यक्त गर्ने व्यङ्ग्यवादी कथाकार हुन् । यसर्थ उनलाई विद्रोह र व्यङ्ग्यवादी कथाकारमा रूपमा लिन सकिन्छ । संस्कार, संस्कृति र सांस्कृतिक पक्षलाई लिएर लघुकथा लेखनमा क्रियाशील रहेका पन्त धार्मिक तथा आध्यात्मिक कथाकार पनि हुन् । उनले केही कथाका माध्यमबाट आफूलाई अध्यात्मवादी कथाकारका रूपमा प्रस्तुत गरेका छन् । उनका केही कथामा राष्ट्रप्रेम, प्रकृति प्रेम, मातृत्व प्रेम, प्रेम तथा प्रणय पक्ष व्यक्त गरिएको छ । यिनै विशेषता तथा प्रवृत्तिका आधारमा कल्याण पन्तका लघुकथाको अध्ययन शीर्षकको प्रस्तुत शोधपत्रको अध्याय चारमा उनका प्रकाशित कृतिका लघुकथाको अध्ययन पछि उनका प्रवृत्तिगतत विशेषताले निरूपण गरिएको छ ।

परिच्छेद : चार

# कल्याण पन्तका लघुकथागत प्रवृत्ति

## ४.१ कल्याण पन्तका लघुकथागत प्रवृत्तिको विश्लेषण

लघुकथाकार कल्याण पन्त वर्तमान समयमा नेपाली समाजमा देखिएका विकृति, विसङ्गति, अराजकता, अस्थिरता, दुःख, पीडालाई लिएर कथा लेख्ने कथाकार हुन् । पन्तले आफ्ना लघुकथामा वर्तमान समयमा मानव जीवनमा देखापरेका विभिन्न विकृति र विसङ्गतिप्रति व्यङ्ग्य एवम् विद्रोह गरेको पाइन्छ । यो उनको लघुकथा लेखनको मुख्य प्रवृत्ति हो । पन्तले विसङ्गतिमूलक घटनालाई कथामा चित्रात्मक शैलीमा उतारेका छन् । उनका कथामा समावेश गरेका चित्रले पनि त्यो अभिव्यक्त गरेका छन् ।

पन्त विविध विषयमा व्यङ्ग्यात्मक तथा प्रतीकात्मक शैली अपनाई विकृति, विसङ्गति र असङ्गत व्यावहारिक घटनाको चित्रण गर्ने कथाकार हुन् । व्यञ्जनात्मक, लाक्षणिक, अर्थपूर्ण यथार्थ आख्यान उनका कथामा पाइन्छ । समसामयिक विसङ्गतिमाथि तिखो व्यङ्ग्यात्मक प्रहार नै उनका कथाको मूल ध्येय हो । पन्तका कथामा बौद्धिक, तार्किक र वैचारिक स्वार्थको भण्डाफोर गरिनुका साथै बेरोजगार, ढिलासुस्ती, प्रलोभन र विपन्नताको पर्दाफास गरेको देखिन्छ । राष्ट्रियता, स्वाभिमान, स्वदेशप्रेम, नैतिक गुणप्रति कथाकारले सबै सजग हुनुपर्छ भनेर खबरदारी गरेका छन् । सङ्क्षिप्तता, एकोन्मुखता, प्रभावोत्पादकता र तीव्रता लघुकथाका अभिलक्षण र विशेषता हुन् (गौतम, २०७२ : ९४-१०१) कल्याण पन्तका लघुकथामा पनि त्यो पाउन सकिन्छ । यसका साथै, उनका कथागत प्रवृत्ति कल्पना, कौतूहलता, रहस्यात्मक र चित्रात्मक प्रस्तुतिले कथालाई ओज थपेका छन् । शिक्षा, स्वास्थ्य, साहित्य, भाषा, संस्कृतिलगायत कथामा विद्रोहात्मक चेतना पाइन्छ । यी र यस्तै सन्दर्भलाई हेर्दा कथाकार पन्त घटना, समस्या, द्वन्द्व, पात्र, परिवेशलाई ख्याल गर्दै संवादयुक्त, सन्देशमूलक लघुकथा लेख्न सक्ने सामर्थ्य भएका सचेत लघुकथाकार हुन् ।

लघुकथाकार कल्याण पन्तका कथालाई अध्ययन गरेर हेर्दा उनका कथामा निहित केही लघुकथागत प्रवृत्तिलाई छुट्टाछुट्टै अध्ययन गर्न आवश्यक देखिन्छ । सामान्यतया लघुकथा आख्यानको लघुतम प्रभेद भएकाले ‘लघुतम’को मान्यता अनुरूप सङ्क्षिप्तता यसको महत्त्वपूर्ण विशेषता हो । यही सङ्क्षिप्तताभित्रै सर्वाङ्गपूर्णता लघुकथामा हुन्छन् ।

लघुकथाको सारवस्तु, विचारवस्तु, कथ्य र उद्देश्य एउटा मात्र हुने भएकाले एकोन्मुख हुनु लघुकथाको अर्को महत्त्वपूर्ण विशेषता हो । लघुकथा छोटो हुने भएकाले भन्न खोजिएका कुरालाई सुत्रात्मक शैलीमा व्यक्त गर्ने ढाँचा यसमा अवलम्बन गरिएको हुन्छ । प्रभावोत्पादकता र तीव्रता बिना लघुकथाको औचित्य नहुने भएकाले प्रस्तुति र तीव्रतायुक्त समापन लघुकथाको महत्त्वपूर्ण अभिलक्षण र विशेषता हो ।

लघुकथा आख्यानको एक विधा हो जो कथासँग नजिक रहे तापनि कथाको सङ्क्षिप्त रूप होइन । यो एउटा स्वतन्त्र विधा हो । यसका प्रवृत्ति एवम् विशेषता नै यसको लोकप्रियताका कारण हुन् (अश्क, २०६५ : ९४) । लघुकथाका आफ्ना छुट्टै प्रवृत्ति एवम् विशेषता भएको हुनाले नेपाली साहित्यमा यसको विशेष महत्त्व रहेको पाइन्छ । लघुकथाका यिनै प्रवृत्ति एवम् विशेषतालाई आत्मसात गरेर लघुकथा रचना गर्ने कथाकार हुन् कल्याण पन्त । लघुकथाकार कल्याण पन्त वर्तमान समयमा नेपाली समाजमा देखिएका विकृति, विसङ्गति, अराजकता, अस्थिरता, दुःख, पीडालाई लिएर कथा लेख्ने कथाकार हुन् । जसले गर्दा उनलाई समसामयिक लघुकथाकार भन्न सकिन्छ । समसामयिक लघुकथामा, विषयगत र शिल्पशैलीगत विविधता पाइन्छ । तिनलाई अनेक आधार र वर्गमा विभाजित गर्न सकिन्छन् (कोइराला, २०७२ : १३) । समसामयिक लघुकथामा अनेक विशेषता छन् कल्याण पन्तले पनि अनेक प्रवृत्ति अँगालेर लघुकथा लेखेका छन् । यिनै आधारमा उनका काव्यप्रवृत्तिलाई निम्नानुसार बुँदागत अध्ययन तथा विश्लेषण गर्न सकिन्छ,

- सामाजिक यथार्थता,
- राजनीतिक विकृति र विसङ्गतिको चित्रण,
- विद्रोहात्मकता र व्याङ्ग्यात्मकता,
- धार्मिक तथा आध्यात्मिक चिन्तन,
- संस्कार र संस्कृतिप्रतिको चिन्तन,
- सूत्रात्मकता,
- एकोन्मुखता,
- सङ्क्षिप्तताभित्र सर्वाङ्गपूर्णता,
- प्रभावोत्पादकता र तीव्रता,
- चित्रात्मक प्रस्तुति ।

### ४.१.१ सामाजिक यथार्थता

कथाकार पन्तले आफ्ना लघुकथामा नेपाली समाजमा विद्यमान समस्याको यथार्थ रूपमा चित्रण गर्ने काम गरेका छन् । नेपाली समाज पितृसत्तात्मक, वर्णव्यवस्थामा आधारित र अनेक प्रकारका अन्धविश्वासमा जकडिएको छ । समाजको यही विकृत र विसङ्गत अवस्थालाई कथ्य बनाएर सर्वाधिक लघुकथा कृति सिर्जना गर्ने काम सर्जकले गरेका छन् (कोइराला, २०७२ : १४) । लघुकथाकार कल्याण पन्त पनि समाजमा भएका विकृति र विसङ्गतिलाई उजागर गर्ने स्रष्टा हुन् ।

पन्तले आफ्ना कथामा हाम्रो समाजमा हामीले देख्दै र भोग्दै आएका विविध समस्यालाई खँदिला वाक्यमार्फत् प्रस्तुत गरेका छन् (पौडेल, २०७१ : प्रसाद) । पन्तले विद्यमान नेपाली समाजका पीडा, भ्रष्टाचारप्रति चिन्ता व्यक्त गरेका छन् तिमिल्सिना, २०७१ : प्रसाद) । कथाकार पन्तले **समय सन्दर्भ** (२०६४) र **प्रसाद** (२०७१) दुवै कृतिमा सङ्गृहीत कथामा सामाजिक यथार्थता प्रस्तुत गरेका छन् । समय सन्दर्भ लघुकथा सङ्ग्रहमा सङ्गृहीत २० ओटा कथामा सामाजिक विषयवस्तुलाई समेटिएको छ । यस्तै, प्रसाद लघुकथा सङ्ग्रहमा रहेका सात ओटा कथामा सामाजिक विषयवस्तुलाई समेटिएको पाइन्छ । कथामा समाजमा देखिएका विकृति र विसङ्गतिलाई यथार्थ रूपमा प्रस्तुत गर्ने काम उनले गरेका छन् ।

अति घनिष्ठ साथीले धोखा दिएको, सद्दे घरलाई भूकम्पले भत्काएको भनेर राहत लिन खोज्दा छिमेकी कर्मचारीले रोकेको, आफ्नो यथार्थता बताउँदा आफू उसैबाट ठगिएको, एकल महिलालाई समाजले हेर्ने दृष्टिकोण, घमण्डले निम्त्याउने परिणाम, परिस्थिति अनुसार समाजको हेर्ने दृष्टिकोण जस्ता विषयवस्तु कथामा समावेश गरिएका छन् । हरेक लघुकथामा सामाजिक यथार्थताको साथै, मीठासपूर्ण प्रस्तुति पाइन्छ । यसरी सामाजिक यथार्थतालाई आफ्ना कथामार्फत् उजागार गरेका हुनाले उनलाई सामाजिक यथार्थवादी कथाकारका रूपमा लिन सकिन्छ ।

### ४.१.२ राजनीतिक विकृति र विसङ्गतिको चित्रण

कथाकार कल्याण पन्तले आफ्ना कथामा नेपालको राजनीतिक अवस्था र यसमा देखिएका विकृति र विसङ्गतिको चित्रण गर्ने काम गरेका छन् । २००७ सालपछि नेपालमा राजनीतिक अस्थिरता बढ्दै गएकाले नेपालीले सुखको अनुभूति गर्न पाएका छैनन् । नेपालीले

भोग्नु परेका दुःख पीडालाई विषय बनाएर थुप्रै स्रष्टाले लघुकथा रचना गरेको देखिन्छ (कोइराला, २०७२ : १४) । कथाकार कल्याण पन्तले आफ्ना दुई लघुकथा सङ्ग्रहमा सङ्गृहीत केही कथामा राजनीतिक विकृति र विसङ्गतिको भण्डारफोर गरेको पाइन्छ । समय सन्दर्भ (२०६९) मा राजनीति विषयसँग सम्बन्धित चारवटा कथा छन् भने प्रसाद (२०७१) मा सोही विषयसँग सम्बन्धित १४ वटा कथा छन् ।

समयको क्रमसँगै राजनीतिक अस्थिरता बढ्दै गएकाले उनले पछिल्लो कृतिमा राजनीतिक विकृति र विसङ्गतिको भण्डारफोर गर्दै कथा रचना गरेका छन् । सभासद, कुतत्व, आश्वासन, नातावाद, परिवर्तन, सिफारिस जस्ता कथामार्फत् राजनीतिमा देखिएको विकृति र विसङ्गतिको चित्रण गर्दै निष्ठावान् र आदर्शवान् नेतृत्वको कमी भएको कुरा कथाकारले औंल्याएका छन् । देशको नेतृत्व गर्ने राजनीतिकर्मीले भ्रष्टाचार गर्ने, नातावाद कृपावादको धारणा लिएर राष्ट्रको भलाई भन्दा आफ्नो स्वार्थ पूरा गर्न लागेका स्वार्थी, लोभी नेताको व्यवहारलाई छर्लङ्ग पार्ने काम गरेका छन् । कथाकार पन्तले आफ्ना लघुकथामा नेपाली समाजमा विद्यमान समस्याको यथार्थ रूपमा चित्रण गर्ने काम गरेका छन् । कथामा सामाजिक जीवनमा भोगिने र जानिने यथार्थतालाई उनले आफ्ना कथामार्फत् सूत्रबद्ध गर्दै पटाक्षेप गरेका छन् ।

पन्तका कथामा नेपाली समाजमा हामीले देख्दै र भोग्दै आएका विविध समस्यालाई खँदिलो वाक्यमार्फत् पस्तुत गरेका छन् । सन्देशमूलक छोटाछरिता कथा प्रस्तुत गर्दै व्यक्तिगत र संस्थागत रूपमा हुने विकृति र विसङ्गतिलाई चित्रण गर्ने काम कथाकारले गरेका छन् । पन्तले विद्यमान नेपाली समाजका पीडाहरू, भ्रष्टाचार, राष्ट्रियतामा देखापरेका समस्याहरू, नेताका स्वार्थी, लोभी, पापी मनोवृत्ति वा राजनैतिक मूल्यप्रति चिन्ता व्यक्त गरेर आफूलाई सामाजिक यथार्थवादी कथाकारका रूपमा उभ्याएका छन् । यसरी कथाकार पन्तले पछिल्लो समयमा देशमा देखिएको राजनीतिक अवस्थाको चित्रण गर्ने काम गरेको पाइन्छ ।

### ४.१.३ विद्रोहात्मकता र व्याङ्ग्यात्मकता

कथाकार कल्याण पन्तले आफ्ना कथामा नेपाली समाजमा देखापरेका विकृति र विसङ्गतिप्रति असन्तुष्टि जनाउँदै व्यङ्ग्यात्मक शैलीमा विद्रोहको भावना प्रकट गरेका छन् । सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक पक्षमा देखा परेका विकृतिको विद्रोह कथामा

पाइन्छन् । लघुकथा प्रायः व्यङ्ग्य प्रधान हुन्छन् । सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक धार्मिक क्षेत्रका विडम्बना र व्यक्तिविशेषका अनैतिकता, भ्रष्टाचार, दुराचार, मूल्यहीनताप्रति व्यङ्ग्य गरेर लेखिएका लघुकथा झन् धेरै देखिन्छन् (कोइराला, २०७२ : १४) । कथाकार पन्तले आफ्ना धेरै कथामा समाजमा देखापरेका कुसंस्कार र कुरीतिको विद्रोह गर्दै सभ्य समाजको स्थापना हुनुपर्ने सन्देश प्रस्तुत गरेका छन् । छोटो आयाम हुने लघुकथामा थोरै वाक्यमार्फत् व्यङ्ग्यात्मक रूपमा झटारो हान्ने काम हुन्छ । लघुकथाकार पन्तले आफ्ना कथामार्फत् युगीन पीडा, छट्पटी र अन्तर मनका व्यथालाई कलात्मक अभिव्यक्ति दिँदै चेतनाको सन्दर्भलाई सम्प्रेषण गरेका छन् (पन्त, २०७४ : ३) । यस्तो प्रवृत्तिलाई कथाकार पन्तले पनि प्रयोग गरेको पाइन्छ । कन्फरेन्स, परिवेश, सहानुभूति, शिक्षामन्त्री, चन्द्रमान, कारिन्दा, दृष्टिकोण मामा, प्रसाद जस्ता थुप्रै कथामा विद्रोहात्मकता र व्यङ्ग्यात्मकताको भाव भेट्न सकिन्छ ।

### ४.१.४ धार्मिक तथा आध्यात्मिक चिन्तन

लघुकथाकार कल्याण पन्त धर्म तथा अध्यात्ममा विश्वास गर्ने सर्जक हुन् । उनले आफ्ना सिर्जनामा कुनै न कुनै पक्षबाट अध्यात्म वा ज्योतिष विधालाई जोडेको पाइन्छ । उनका दुईवटा कृतिमा धर्मसँग सम्बन्धित भएर लेखिएका केही लघुकथा समावेश भएको पाइन्छ । मानव धर्म, विस्थापन, चमत्कार, सपना जस्ता आध्यात्मिक चिन्तन प्रस्तुत गरेका छन् । आजका मानिसले धर्मलाई वेवास्ता गरेका र विदेशी धर्मको प्रभाव परेको जस्ता विषयवस्तु समावेश गरी समाजमा धर्मको नाममा विकृति भित्रिदै गएकोप्रति असन्तुष्टि प्रकट गरेका छन् । साथै, धर्मका नाममा अझै पनि अन्धविश्वासी प्रवृत्ति रहेको कुरा व्यक्त गर्दै यसलाई सुधार गर्नुपर्ने सन्देश उनले आफ्ना कथामा प्रस्तुत गरेका छन् ।

### ४.१.५ संस्कार र संस्कृतिप्रतिको चिन्ता

नेपालीको पहिचानका रूपमा रहेको नेपाली संस्कार र संस्कृतिलाई समेटेर कथाकार पन्तले लघुकथा सिर्जना गरेको पाइन्छ । उनका संस्कृतिसँग सम्बन्धित लघु कथामा समाजमा विद्यमान विसङ्गति विरुद्ध कथाकारले रुढीवादी संस्कृति र परम्परालाई चिर्न भरमग्दुर प्रयास गरेका छन् । अवस्था अनुसार अनुकूल हुन सक्ने, आफ्नो कर्तव्य भुल्न नहुने छोराछोरीको व्यवहारमा समान रूपले हेर्नुपर्ने गाउँ र सहरमा सहयोगी मानवीय चेतना

भिन्न देखिन नहुने जस्ता सन्देश दिँदै सांस्कृतिक विकृतिको व्यङ्ग्य गरिएको पाइन्छ । उनका लघुकथा सङ्ग्रहमा सङ्गृहीत धेरैजसो कथामा संस्कार र संस्कृतिका नाममा विसङ्गति फैलाइएको कुरालाई प्रष्ट पारिएको छ । संस्कृति सम्बन्धी कथामा कन्फरेन्स, संस्कृति, परिवेश, ठगी, व्यवहार, छोरो, भिन्नता, चाकडी, माइती जस्ता कथामा नेपाली समाजमा संस्कृतिका नाममा मौलाउँदै गएको विकृतिप्रति व्यङ्ग्यात्मक रूपमा भ्कटारो हान्ने काम गरेका छन् ।

### ४.१.६ सूत्रात्मकता

लघुकथाका अभिलक्षण र विशेषतामध्ये सूत्रात्मकता पनि प्रमुख मानिन्छ । भन्न खोजेको कुरालाई सोभ्को र वर्णनात्मक तरिकाले नभनी सूत्रात्मक अभिव्यक्तिका माध्यमबाट अभिव्यञ्जित गर्नु सूत्रात्मकता हो । संवाद वा नाटकीयता, वाक्यरचना, प्रयोगशीलता आदिका रूपमा सूत्रहरूका माध्यमबाट लघुकथाको कथ्य/भाव/विचार/सारवस्तुलाई अभिव्यक्त गरिने भएकाले सूत्रात्मकता लघुकथाको मुख्य अभिलक्षण र विशेषताका रूपमा रहेको हुन्छ (गौतम, २०७२ : ९९) । लघुकथा छोटो हुने भएकाले यसमा सूत्रात्मक शैली अपनाउनु पर्छ । यही शैली वा प्रवृत्ति कथाकार पन्तमा पाइन्छ । अकस्मात् ढङ्गबाट रहस्योद्घाटन गर्नु लघुकथाको विशेषता रहेको र कल्याण पन्तभित्र उक्त सामर्थ्य रहेको छ (न्यौपाने, २०७४ : ३) । उनका लघुकथा छोटा र सन्देशमूलक भएकाले सूत्रात्मकता उनका प्रवृत्तिका रूपमा रहेका छन् । उनका हरेक कथामा सूत्रात्मकता देख्न सकिन्छ ।

### ४.१.७ एकोन्मुखता

एउटा मात्र निश्चित उद्देश्य र अभिप्राय हुनु, एउटामात्र अन्तर्वस्तुको प्रतिपादन हुनु र घटना, सहभागी, परिवेश आदिले एउटै केन्द्रीय कथाका वरिपरि परिक्रमा गर्नु एकोन्मुखता हो । यो लघुकथाको मुख्य विशेषता र अभिलक्षण हो । लघुकथामा एकोन्मुखता अनिवार्य हुन्छ र एकोन्मुखताकै कारण लघुकथामा तीव्रता हुन्छ (गौतम, २०७२ :९८) । लघुकथाको अनिवार्य तत्त्वको रूपमा रहेको एकोन्मुखता कथाका पन्तका सबै कथामा पाइन्छ । समय सन्दर्भ र प्रसाद दुवै लघुकथा सङ्ग्रहमा सङ्गृहीत लघुकथामा एउटामात्र निश्चित उद्देश्य रहेको पाइन्छ । विभिन्न विषयवस्तुसँग सम्बन्धित लघुकथामा एकोन्मुखता भेट्न सकिन्छ जसले गर्दा एकोन्मुखता पन्तको प्रवृत्ति एवम् विशेषता हो भन्न सकिन्छ ।

### ४.१.८ सङ्क्षिप्तताभित्र सर्वाङ्गपूर्णता

आयाम वा आकारगत दृष्टिले लघुकथा छोटो रचना भएकाले यो सङ्क्षिप्त हुन्छ । कथा भन्ने शैलीका दृष्टिले पनि यसमा सङ्क्षेप पद्धति अवलम्बन गरिएको हुन्छ । लघुकथा सङ्क्षिप्त वा छोटो हुन्छ । यही सङ्क्षिप्तताभित्र सर्वाङ्गपूर्ण हुनु लघुकथाको निजी पहिचान वा अभिलक्षण र विशेषता हो (गौतम, २०७२ :९६) । लघुकथाको यही विशेषतालाई अवलम्बन गर्ने काम कथाकार पन्तले गरेका छन् । लघुकथाको यो महत्त्वपूर्ण अभिलक्षण उनका हरेक कथामा पाउन सकिन्छ । उनका दुवै कृतिभित्र सङ्गृहीत कथा सङ्क्षिप्त तर पूर्ण छन् । छोटो विषयवस्तु भए तापनि पूर्णता उनका कथामा पाउन सकिन्छ । उनका लघुकथा निश्चित स्थान, आयाम केन्द्रित रहेका छन् । जसका कारण सङ्क्षिप्तताभित्र सर्वाङ्गपूर्णतालाई कथाकार पन्तको प्रवृत्तिका रूपमा लिन सकिन्छ ।

### ४.१.९ प्रभावोत्पादकता र तीव्रता

लघुकथा पढ्दा पाठकका मनमा रहस्यको पटाक्षेप भई गहिरो प्रभाव छोड्नु र कथ्य/भाव/विचार/सारवस्तुको पुष्टिका लागि उत्तरोत्तर पछिल्ला वाक्यहरू तीव्र र तीव्रतर हुँदै जानुलाई प्रभावोत्पादकता र तीव्रता भनिन्छ । भन्न खोजेको कुरालाई प्रभावपूर्ण तरिकाले कौतुहल उत्पन्न गराई भन्नु र त्यस कौतुहलसँगै अन्त्यमा तीव्र भट्काको अनुभूतिका साथै भावलाई चरमोत्कर्षमा पुऱ्याएर प्रभावोत्पादकता र तीव्रताको सिर्जना हुनु लघुकथाको मुख्य विशेषता अभिलक्षण हो (गौतम, २०७२ : १०१) । कथाकार पन्तका लघुकथामा यस किसिमको अभिलक्षण पाउन सकिन्छ । सूत्रात्मक शैलीमा रचना भएका उनका कथा पढ्दै जाँदा कौतुहलता उत्पन्न हुने र पछिल्ला वाक्यले कौतूहलतासँगै अन्त्यमा तीव्र झट्काको अनुभूति गराउने किसिमका छन् । कथा पढ्दै जाँदा उत्तरोत्तर वाक्यले प्रभाव पार्नुका साथै तीव्रताको सिर्जना गरेको पाइन्छ । पन्तका कथामा भन्न खोजेको कुरालाई प्रभावपूर्ण तरिकाले झटारो हानेको पाइन्छ । प्रभावोत्पादकता र तीव्रतालाई पन्तको लघुकथात्मक प्रकृति हो भन्न सकिन्छ ।

### ४.१.१० चित्रात्मक प्रस्तुति

आफ्ना कथाका विषयवस्तुलाई चित्रमार्फत् सङ्केत गर्ने काम कथाकार पन्तले गरेका छन् । उनको समय सन्दर्भ कृतिमा सङ्गृहीत कथामा चित्रको समावेश भएको पाइँदैन ।

'प्रसाद' (२०७१) मा सङ्गृहीत सम्पूर्ण कथाको विषयवस्तुको सङ्केत चित्रमार्फत् गरिएको पाइन्छ । कथाको विषयवस्तुलाई झल्काउने चित्र उनका कथामा समावेश गरिएको छ । जुन चित्रको अवलोकनबाट पनि कथाको भाव बुझ्न सकिन्छ । चित्रका कारण कथा रोचक र आकर्षक बन्न पुगेका छन् । चित्रात्मकता उनको लघुकथागत प्रवृत्तिका रूपमा रहेको छ ।

## ४.२ कल्याण पन्तका लघुकथागत विशेषता

लघुकथाकार कल्याण पन्तको पहिलो प्रकाशित लघुकथा सङ्ग्रह समय सन्दर्भ आकार र आयामका दृष्टिले यो कृति सानो भए तापनि यसमा समावेश गरिएका कथाका विषयवस्तुले व्यापक क्षेत्र ओगटेका छन् । वर्तमान समयमा नेपाली समाजमा देखिएका विकृति, विसङ्गति, अराजकता, अस्थिरता, दुःख, पीडा आदिलाई लघुकथाका माध्यमबाट सशक्त रूपमा प्रस्तुत गर्ने जमर्को कथामा गरिएको छ । वर्तमान समयमा आफ्नो स्वार्थपूर्तिका लागि जुनसुकै कार्य गर्न पछि नपर्ने मानवीय प्रवृत्तिको चित्रण उनका केही कथामा गरिएको छ । वर्तमान समयमा नेपाली समाजमा हुने गरेका यथार्थतालाई पनि प्रस्तुत गरिएको पाइन्छ ।

कथामा पछिल्लो समयमा सम्मानको नाममा हुने गरेका अस्वस्थ प्रतिस्पर्धाले कालो सूचीमा परेकालाई सम्मान र परिश्रमीलाई उपेक्षा गरेका कुरा व्यक्त गरिएको छ । यस्तै, श्रम र सम्मानका नाममा भएका शोषण, आफ्नो विवेक र पसिना बगाएर परिश्रम गर्दा पनि प्रतिफल नपाउँदाको अवस्थालाई कथाकारले निकै रोचक तवरले प्रस्तुत गरेका छन् । स्वार्थी व्यक्तिका कारणले सोझासाझा मानिसले भोग्नुपरेको दुःख टिठलाग्दो तवरले कृतिमा प्रस्तुत गरिएको छ । यो मात्रै होइन विदेशी राष्ट्रको हेपाहा प्रवृत्तिले आम नेपालीले भोग्नुपरेको अवस्थालाई पनि कथाकारले सबल रूपमा प्रस्तुत गरेका छन् । पहिला शिक्षित, ज्ञानी र समाजसेवी बन्छु भन्नेहरू दुई नम्बरीमा लागेर रातारात करोडपति बन्ने र बनाउनेहरूको कथा व्यथा हाम्रा घर आँगनका कथा हुन् । त्यसैले कल्याण पन्तले ती विषयलाई टपक्क टिपेर कथाको मालामा खिपेका छन् । मान्छे मुखले एउटा र व्यवहारले अर्को कुरा गरेर दोहोरो भूमिका निर्वाह गर्ने व्यक्तिको व्यवहारले इमान्दार व्यक्तिले पाएको सास्तीलाई पनि कथाकार पन्तले आफ्ना कथाका विषयवस्तु बनाएका छन् ।

पछिल्लो समय मानिसमा मानवीयता हराएको छ । यो मात्र होइन, मानिसमा पैसामुखी प्रवृत्ति बढ्दै गएका कारण मानिसको ध्यान पैसा कमाउनमा नै केन्द्रित बन्दै

गएको छ । व्यापारीहरू व्यापारका नाउँमा लुट मच्चाइरहेका छन् । कसरी बढीभन्दा बढी पैसा कमाउन सकिन्छ भन्ने सोच भएका व्यापारीले आफ्ना मान्छेलाई ठग्न छोड्दैनन् भन्ने सन्दर्भलाई उनले 'व्यापार' शीर्षकको लघुकथामा आफ्नै मीत छोराले मोबाइल बनाउन गएका मीत बाको नबिग्रेको मोबाइल ब्याट्री मिलाएर स्वीच अन गरेको मात्र थियो उसले पैसा लिने बेलामा बालाई कति भन्नु र पाँचसय मात्र दिनुहोस् भन्दै मागेको सन्दर्भ प्रस्तुत गर्दै वर्तमान समयमा व्यापारका नाममा हुने गरेको लुटप्रति व्यङ्ग्य प्रहार गरेका छन् (पन्त, २०६९ : ८) । सोझासाझा र इमान्दार व्यक्तिले नेपाली समाजमा भोग्नुपरेका विविध समस्या जस्ता विषयवस्तुलाई समेटेर व्यङ्य प्रहार गर्ने कथाकार पन्त लघुकथाकार मात्रै होइनन् व्यङ्ग्यवादी कथाकार पनि हुन् ।

हामी २१ औं शताब्दीका कुरा गर्छौं । आफूलाई मुखले सभ्य र सम्भ्रान्त ठान्छौं तर पितृसत्तात्मक नेपाली समाजमा छोरो जन्मदा हरेक बाबुआमा खुसी हुन्छन् । उसको खुसी र लालनपालनमा लागि पर्छन् । आफूले दुःख कष्ट भोगेर उसलाई सक्षम बनाउन भनेर लागि पर्छन् । जब छोरो सक्षम बन्छ अनि उसले आमा बाबुको दुःख अनि मायाममता बिर्सेर आफ्नै पारामा रमाउन थाल्छ । छोराको यस्तो व्यवहार देखेर बाबुआमाका सपना चकनाचुर हुन्छन् भन्ने विषयवस्तु 'छोरो' शीर्षकको कथामा प्रस्तुत गरिएको छ (पन्त, २०६९ : ५) । वर्तमान समयमा नेपाली समाजमा हुने गरेको यथार्थतालाई यस कथामा चित्रण गरिएको पाइन्छ । कथाकार पन्त समाजमा विद्यमान संस्कारको परिवर्तन चाहने स्रष्टा भएकाले उनलाई प्रगतिवादी सर्जक मान्न सकिन्छ । पछिल्लो समय सबै सन्दर्भ र विषयमा कब्जा जमाउन सफल बनेको संस्कार दलाल हो । कुनै वस्तु किन्नु, बेच्नु, साटफेर गर्नु हुँदाहुँदै कसैसँग भेटघाट गराइदिनुमा पनि दलाली हुन थालेका छन् । यही सन्दर्भलाई पनि उनका कथामा समेटिएको छ । अर्कालाई ठगी गरेर पैसा कमाउन पल्केका दलालहरूले आफ्नो अर्को कोही भन्दैनन् भन्ने प्रसङ्गलाई जोड्दै 'दलाल' शीर्षकको कथामा आफ्नै काकाले अरू दलालसँग लागेर साझो भतिजालाई ठगेको कुरा व्यक्त गरेका छन् (पन्त, २०६९ : ७२) । नेपाली समाजमा भ्रष्टाचार गर्ने, ठगी गर्ने, दलाल गर्नेहरू सम्पन्न छन् भने इमान्दार र परिश्रम गर्नेहरू विपन्न छन् । उनीहरूलाई जीवन निर्वाह गर्न धौधौ परेको प्रसङ्गलाई जोड्दै 'अधुरो चाहना' कथामा आफ्नो छोराको एकजोर नयाँ जुत्ता लगाउने चाहना पूरा गर्न भाका सार्दासादै अन्ततः बारी बन्धक बेच्नुपरेको बाध्यता व्यक्त गरिएको छ । बारी बेचेर पैसा जम्मा गरेको बेला देशमा भएको अशान्ति बाधक बनेको पाइन्छ । यसमा देशमा

भएको गरीबी र अशान्तिको चित्रण गरिएको छ । मानिसमा बढ्दै गएको अविश्वास, चाकडी गरेर आफ्नो स्वार्थ पूरा गर्ने प्रवृत्ति जस्ता विषयवस्तुलाई मुख्य विषय बनाएर अहिलेको समयसँग मेल खाने प्रसङ्ग कथामा प्रस्तुत गरिएको छ । कथामा विषयवस्तुमा यस्तै समय सन्दर्भ रहेका छन् । यसैले पन्तलाई समसामयिक यथार्थवादी कथाकारका रूपमासमेत लिन सकिन्छ ।

कथाकार पन्तले विसङ्गतिमूलक घटना कथामा चित्रात्मक शैलीमा उतारेका छन् । शिक्षण पेसा मर्यादित हुन नसकेको, सभासद गैर जिम्मेवारी बनेका, व्यवस्था फेरिए पनि प्रवृत्ति नफेरिएकामा उनले चिन्ता व्यक्त गरेका छन् । नेताको बोलीमा विश्वास र विद्यार्थीमा अनुशासन नभएको सन्दर्भ उनका लघुकथाका विषय हुन् । सरकारी कामकाजमा लालच रहेको शिक्षितवर्गले जन्मभूमिलाई लत्याउन थालेको, शिक्षामा व्यापारीकरण बढ्दै गएको, चाकरीमा पगरी गुथ्ने चलन बढ्दै गएकोमा उनलाई चित्त बुझेको छैन । त्यसैले लघुकथा लेखेका छन् । एकातर्फ चाकडीले प्रश्रय पाएको छ अर्कोतर्फ ठगीधन्दा बढेको छ । त्यसले आम नेपालीको जनजीवन धरासायी बन्दै गएको छ भन्ने भाव उनका कथामा पाइन्छ । यस्तै पछिल्लो समय व्यक्ति पूजा र यौनधन्दा बढ्दै र फस्टाउँदै गएकामा उनको मन अमिलो बनेको छ । सत्ता र शक्ति प्राप्तिमा स्वार्थ लुकेको कारण कुकर्म बढेको छ । असुरक्षा, अशान्ति, राजनैतिक हस्तक्षेप बढ्दै गएको त्यही कुकर्मका कारण आम नेपालीले दुःख पाएका छन् भन्ने भाव उनका कथामा पाइन्छ ।

देशका स्वास्थ्य सेवा सुधार्नुपर्छ भनेर देशमा डाक्टर गोविन्द केसीले दर्जन बढी आमरण अनसन बसे । त्यसले के देखाउँछ भने स्वास्थ्य सेवामा अस्वस्थ प्रतिष्पर्धा छ । सोही सन्दर्भलाई लिएर पछिल्लो समय स्वास्थ्य सेवा खस्किएको छ भन्ने भाव पन्तका कथामा पनि पाइन्छ । यस्तै खेतीयोग्य जमिन नष्ट पारिएको छ मानिसहरू प्लटिङमा लिप्त बनेका छन् । धन कमाउने नाममा आफूलाई ज्योतिषी हुँ भनेर ठगी गर्नेको गिरोह नै बनेको छ भन्ने जस्ता विषयवस्तुमा पनि उनले लघुकथा लेखेका छन् । यसैगरी, लघुकथाकार पन्तले अखाद्य वस्तुको सेवनले जीवन धरापमा परेको, महँगीको मार खेप्नु परेको, विकासमा जनसहभागिता घट्दै गएको, मान्छेले आफ्नो हैसियत बिर्सदै गएको, आफ्नो संस्कृति बिर्सेर विदेशी संस्कृति अवलम्बन गरिएको, देशमा शान्ति र सन्तोष कसैलाई नभएको आक्रोश पनि कथामा व्यक्त भएको पाइन्छ । यस्ता विविध विषयवस्तु समेटेर लेखिएका कथामार्फत् कथाकारले व्यङ्ग्यात्मक तवरले कथाको अन्तिम वाक्यमा पाठकलाई छ्याङ्ग पार्ने काम

गरेका छन् । नेपाली समाजमा हुने गरेका विकृति र विसङ्गतिलाई प्रस्तुत गर्दै लेखिएका कथामा समग्रमा पाठकको मन छुने अभिव्यक्ति पाइन्छ । यसैले उनलाई समसामयिक कथाकारका रूपमा लिन सकिन्छ ।

समयको परिवर्तनसँगै मानिसको जीवन शैलीमा पनि परिवर्तन भएको पाइन्छ । मानिसको खानपान, भेषभूषा, बोलीचाली, रहनसहन आदिमा आधुनिकता भित्रिएकाले मानिसको जीवन अस्वस्थ बन्दै गएको कुरालाई स्वास्थ्य कथामा प्रस्तुत गरिएको छ । पहिलाको गाउँको वातावरण, स्वच्छ हावापानी, खानपान बिर्सेर अहिलेको सहरिया वातावरण, बजारिया रेडिमेट खानेकुरा, सबै काम साधनको माध्यमबाट गरिने हुनाले मानिसलाई व्यायामको पनि कमी भएकाले स्वास्थ्य बिग्रन गई अकालमा ज्यान गुमाउनु परेको अवस्था यस कथामा प्रस्तुत गरिएको छ । अहिलेको परिवेशसँग मिल्ने यस कथाले बढ्दो आधुनिकतामाथि व्यङ्ग्य प्रहार गरेको पाइन्छ । अहिलेको समयमा मानिसमा दिन प्रतिदिन विश्वास घट्दै गएको पाइन्छ । पैसा भनेपछि मानिसले जस्तासुकै निकृष्ट कार्य गर्न पनि  पछि हट्दैनन् । कसैलाई पनि सजिलै विश्वास गर्ने जमना छैनन् । यस्तै विश्वासघात गरेर एक करोडको ढुकुटी खाई फरार भएको प्रसङ्ग कथामा प्रस्तुत गरिएको छ । सुरुमा सबैसँग राम्रो व्यवहार गरेर सबैको मन जित्न सफल भएका कमलेश्वरले पछि ढुकुटी खाएर फरार भएका छन् ।  पैसाका लागि समाजमा हुने गरेका ठगीलाई यस कथामा व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । नेपालमा भएको शासन व्यवस्थाका बारेमा व्यङ्ग्य प्रहार गर्दै 'वाक्क' शीर्षकको कथामा राणाशासन, प्रजातन्त्र, गणतन्त्र जस्ता शासन व्यवस्थाको प्रसङ्ग प्रस्तुत गरिएको छ । शासन व्यवस्था परिवर्तनसँगै जनताले परिवर्तनको ठूलो आशा राखेका छन् । देशमा जुन शासन व्यवस्था आए पनि जनताको समस्याको समाधान नभएको र सत्ताधारी व्यक्ति आफ्नो स्वार्थपूर्तिका लागि नै व्यस्त रहेको देखेपछि वाक्क भएका जनता अब क्रान्तिमा नलाग्ने विचार यस कथामा व्यक्त गरिएको छ ।

कथाकार पन्तका प्रसाद सङ्ग्रहमा सङ्गृहीत कथामा भएका नेपाली समाजमा भएका यथार्थतालाई सूत्रात्मक रूपमा खँदिला वाक्य गठनमार्फत् प्रस्तुत गरिएको छ । उनको पहिलो कृति समय सन्दर्भभन्दा प्रसाद परिमार्जित र परिष्कृत भएको पाइन्छ । समग्रमा कथामा नेपाली समाजमा मानिसले भोग्नुपरेका विकृति र विसङ्गतिलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । लघु कथाकार कल्याण पन्तका लघुकथामा विविधतायुक्त सामाजिक, राजनैतिक, सांस्कृतिक, धार्मिक विषयका सन्दर्भ पाउन सकिन्छ ।

उनी थोरै शब्दमा धेरै भन्न सक्ने लघु कथाकार हुन् । उनले सबैभन्दा छोटो ९१ र लामो १९१ शब्द समूहको साहित्यिक स्वादका प्रतीकात्मक लघुकथा लेखेका छन् । उनका लघुकथामा साङ्केतिक तथा बिम्वात्मक भाव, विचार, कथ्य र सारवस्तुको प्रभावकारिता, बिम्ब, शिल्पशैली र उपमाको समन्वयात्मक प्रयोगसमेत पाउन सकिन्छ । यसैगरी, मौलिक, यथार्थपरक एकोन्मुखतामा तथ्य पुष्टि र व्यावहारिक दृश्याङ्कनको चित्रण उनका कथामा भएको पाइन्छ । कताकता मनोवैज्ञानिक प्रभावका सन्देशमूलक विकृति तथा विसङ्गतिपरक घटना पनि उनका कथामा उतारिएका छन् । यस्तै उनले अस्तव्यस्तता, शोषण, अन्याय, अत्याचार, भ्रष्टाचार, नातावाद, निराश, कुण्ठा आदि विषयलाई आफ्ना लघुकथामा अभिव्यक्त गरेर सचेत लघुकथाकारका रूपमा प्रस्तुत गरेका छन् ।

समय सन्दर्भ (२०६९) पछि प्रकाशित लघुकथा सङ्ग्रह 'प्रसाद' (२०७१) दोस्रो कृति हो । यस कृतिमा ५६ वटा लघुकथा सङगृहीत छन् । विसङ्गतिबोधक लघुकथा सङ्ग्रहका रूपमा प्रकाशित यसका कथामा व्यङ्ग्यात्मक र प्रतीकात्मक भाषाशैलीको राम्ररी प्रयोग भएको पाइन्छ । सूत्रात्मक रूपमा मानव जीवनको सङ्कटमय भोगाइ र अनुभूतिलाई आफ्ना कथामा टपक्क राख्ने काम कथाकारले गरेका छन् । वर्तमान समयमा मानव जीवनमा देखापरेका विभिन्न विकृति र विसङ्गतिप्रति व्यङ्ग्य एवम् विद्रोह कथामार्फत कथाकारले व्यक्त गरेका छन् । केही अङ्ग्रेजी शव्दलाई छोडेर प्रसाद लघुकथाको भाषा सरल सहज र मौलिक छ । पाठकको मन जित्न कथाकारले शब्द थुपारेका छैनन्, खँदिला वाक्य गठन र यथोचित उखान टुक्काको प्रयोगले कथामा गतिशीलता थपेका छन् । कृतिमा राजनैतिक, धार्मिक, शैक्षिक, सांस्कृतिक, आर्थिक, सामाजिक कथाका साथै प्रेम, स्वास्थ्य र ज्योतिष विधा समेत उल्लेख छ । शब्द मीतव्ययीता, वाक्य संरचना, व्यङ्ग्यात्मक र प्रतीकात्मक शैली हरेक कथामा विशेष ख्याल गरिएको छ । आकारका दृष्टिले बढीमा १ सय २४ र घटीमा ४९ शब्दका कथा लेखिएका छन् । प्रसाद लघुकथा सङ्ग्रहका कथा छोटा, मीठा र रसिला मौलिक सन्देशमूलक रहेका छन् ।

## ४.३ कल्याण पन्तका लघुकथाका सीमा र सामर्थ्य

लघुकथाकार कल्याण पन्त सिर्जनशील लघुकथाकार हुन् । उनी निरन्तर लघुकथा लेखनमा क्रियाशील छन् । उनको यो क्रियाशीलता सँगसँगै उनको कथा लेखनमा केही सीमा र सामर्थ्य अवश्य रहेका छन् । लेखन जति सजिलो मानिन्छ स्तरीय लघुकथा लेखन

त्यति सजिलो छैन । यसलाई कतिपयले सामान्य रचना प्रकारका रूपमा लिने गरेको पाइए पनि स्तरीय लघुकथा लेख्नु निकै कष्टपूर्ण र चुनौतीपूर्ण काम हो ।

लघुकथामा थोरै शब्दमा धेरै कुरा अटाउनुपर्ने र रहस्यमय तरिकाले उत्कर्षमा टुङ्ग्याएर समापन गर्नुपर्ने हुनाले स्तरीय लघुकथा लेख्नु कठीन कार्य हो (गौतम, २०७२ : १४३) । आकार-प्रकारले छोटो वा सानो हुँदैमा त्यो लघुकथा हुन सक्दैन । कहिलेकाहीँ लघुकथा लेख्दालेख्दै चुट्किला बन्ने स्थिति हुनसक्छ । त्यसबाट लघुकथाकार सचेततापूर्वक जोगिनुपर्छ । लघुकथा लेख्ने क्रममा लोककथा जस्तो बन्ने प्रबल सम्भावना रहन्छ । त्यसबाट लघुकथाकार मुक्त हुन सक्नुपर्छ । समग्रमा लघुकथाकार पन्तका कथालाई हेर्दा उनका कथामा केही सीमा रहेका छन् । लघुकथा लेखनका सीमा पन्तका मात्र नभएर आम लघुकथाकार सबैमा देखिएको पाइन्छ । यसकारण छोटो आकारमा सबै कुरा पूर्ण रूपमा व्यक्त गर्न खोज्दा कतिपय लघुकथा प्रचलित कथाका सारांशीकृत रूप जस्ता देखिन पुगेका छन् । यस्तै, कहीँ सुनेजस्तो वा पढेजस्तो लाग्ने कथ्यको पुनरावृत्ति हुनु र चुट्किलाको प्रभाव बढी देखिनु कथाकार पन्तका कथा लेखनका सीमा हुन् । लघुकथाकारले सावधानी अपनाउँदा अपनाउँदै शैली र कथ्य दोहोरिनु, पूर्ववर्ती रचनाको प्रभाव उनका लघुकथामा देखिन्छ । केही लघुकथा घटनाका सामान्य विवरण मात्र प्रस्तुत भएको आकलन गर्न सकिन्छ । केही लघुकथाका आवरणमा लोककथा वा दन्त्यकथा जस्तो गन्ध पाउन सकिन्छ । लघुकथा आख्यानको एक स्वतन्त्र गद्य विधा हो । जसका सैद्धान्तिक पक्षको गहन अध्ययन, विश्लेषण हुन सकेको छैन । अबको समयमा त्यो अध्ययन हुन आवश्यक छ र कल्याण पन्तका कथामा पनि त्यो पक्षलाई ख्याल गर्नुपर्ने देखिन्छ । लघुकथाका मान्यतालाई आत्मसात् गर्ने हो भने लघुकथामा कम्तीमा दुई घटनाको द्वन्द्वात्मक संयोजन हुनुपर्छ । जो दुई वाक्यका पनि हुन सक्छ । पछिल्लो समय केही कथाकारले यस्ता प्रकृतिका कथालाई शत्रुकथा भन्दै आएको पनि पाइन्छ ।

पन्तका कथामा सीमा मात्र छैनन् उनका सबल पक्ष पनि छन् । लघुकथा सिद्धान्तलाई अध्ययन गर्दा बीस मिनेटमा पढेर सकिने कुनै पनि सङ्क्षिप्त आख्यान नै लघुकथा हो भनिन्छ । लघुकथामा आकारगत कुरा मात्र महत्त्वपूर्ण होइन । यसका अतिरिक्त अधिकतम् एक पृष्ठभित्र यो रचना अटाएको हुनुपर्छ । पन्तका कथामा यो सवल पक्ष रहेको पाइन्छ । यसैगरी, लघुकथा थोरैमा धेरै लोकोक्तिलाई चरितार्थ गर्ने उद्देश्य बोकेको एक सशक्त कलात्मक गद्यविधा हो । जो सानो भए पनि यसले प्रभावशाली चोट छोड्न सक्छ ।

उनका कथाले त्यो चोट छोडेका छन् । यो उनका लघुकथाको सबल पक्ष हो । लघुकथा चुट्किला, प्रहसन र रबाफ मार्ने विधा नभएकाले लघुकथा सामाजिक यथार्थलाई जीवन्तताका साथ प्रकट गर्ने माध्यम हो । यस सन्दर्भमा पन्त सफल देखिन्छ । यसर्थ छोटो समय व्यतित गर्ने माध्यम वर्तमान समयको लघुकथा हो । यसर्थ सिर्जनशील लघुकथाकार पन्तले आगामी दिनमा यी र यस्ता कथा लेखनका सीमालाई मनन् गरेर मानक र स्तरीय लघुकथा लेख्नु आवश्यक छ । लघुकथाको सार्थक विचलनले प्रभावकारिता ल्याउने भएकाले यस किसिमको चुनौतीलाई स्वीकार गरेर सचेत भएर लघुकथा लेख्नु लेखकका लागि चुनौतीको विषय बनेको छ । लघुकथा लेखकले प्रशस्त अध्ययन गरेर लघुकथा लेख्दा धेरै चुनौतीको सामना गर्नुपर्दैन । यसर्थ लेखन सँगसँगै अध्ययनको दायरालाई पनि फराकिलो पार्न आवश्यक छ । लघुकथा लेखनको चुनौती नै यसलाई सपाट, चुट्किला, पुनरावृत्ति आदिबाट बचाउनु हो । यस्ता लघुकथा लेखनबाट बच्न राम्रा, स्तरीय र मानक लघुकथाको अध्ययन आवश्यक पर्छ ।

पछिल्लो समय विनाअध्ययन लघुकथा लेख्ने प्रवृत्तिले गर्दा लघुकथा लेखन कमजोर भएको पाइन्छ । लघुकथालाई बीजवाक्य वा विचार वाक्यबाट समापन गरिन्छ । पछिल्लो समयमा लघुकथा पाठ्यश्रव्य मात्र नभएर वाचनीय र मञ्चनीय रूपमासमेत प्रस्तुत भएको पाइन्छ । यसले पाठक/श्रोतालाई छिटो प्रभाव पार्ने भएकाले यो विशिष्ट रचनाप्रकार हो । सन्देशयुक्त पाठका रूपमा उपस्थित हुनु, सामाजिक परिप्रेक्षको सन्देश दिनु, लघुतम आख्यानमा पनि स्वयम्पूर्णता देखिनु लघुकथाका थप विशेषता हुन् । अन्तर्वस्तु सहभागी र परिवेशको सीमितता, सटिक र आवश्यक मात्र वर्णन, तीव्रता र व्यङ्ग्य, बिम्ब र प्रतीकको सघनता, खँदिलो संरचनाविधान र प्रभावोत्पादकता जस्ता विशिष्ट गुणले लघुकथा अन्य विधा-उपविधाका सापेक्षमा पृथक र विशिष्ट देखिन्छ । यसरी लघुकथा आख्यानको लोकप्रिय लघुतम विधाका रूपमा रहेको छ । यसले साहित्यमा आफ्नो अस्तित्व राम्ररी कायम राखेको छ । छोटोमिठो गद्यात्मक भाषामा जीवनजगत्का विविध र मार्मिक पक्षको चित्रणका दृष्टिले लघुकथा जत्तिको सजिलो अरू हुँदैन । अनुभूति र घटनाको तीव्रताको साथै प्रभावोत्पादकाता प्रदान गर्न सकिएन भने र उत्तरोत्तर क्रमशः पछिल्ला वाक्यले घटनालाई अप्रत्याशीत पटाक्षप गर्न सकेनन् भने ती लघुकथा नभएर घटनाको बुनोट र चुट्किला मात्र हुन्छन् । यस चुनौतीलाई स्वीकार गरेर र यसबाट बचेर मात्र मानक लघुकथा सिर्जना गर्न सकिन्छ भन्ने कुरा लघुकथाका स्रष्टाले मनन् गर्नु वाञ्छनीय हुन्छ । लघुकथामा त्यस्ता जुन विशेषता

छन् । जसले गर्दा यो कति लोकप्रिय भएको छ । वास्तवमा भन्ने हो भने साहित्यका प्रत्येक विधाको आफ्नाआफ्नै विशेषता हुन्छन् । कथाकार पन्तका लघुकथालाई हेर्दा उनका कथामा जीवनका हरेक क्षणको प्रस्तुति पाउन सकिन्छ । सङ्क्षिप्तता, सूक्ष्मता, व्यङ्ग्य, सम्पूर्णता, शिल्पगत प्रतीकात्मकता र प्रभावकारी गति उनका कथामा पाइन्छ । यसरी हामी के थाहा पाउँछौं  भने कथाकार पन्त एक सचेत लघुकथाकार हुन् ।

**४.४ निष्कर्ष**

२०५३ सालबाट नेपाली साहित्यको लघुकथा विधामा कलम चलाएका सिर्जनशील साहित्यकार कल्याण पन्तका थुप्रै लघुकथा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । यसै क्रममा २०६९ सालमा समय सन्दर्भ नामक लघुकथा सङ्ग्रह प्रकाशित गरे । पाठकसामु समय सन्दर्भ नामक कृति पस्किएका उनलाई अझ हौसला र प्रेरणा मिल्यो र प्रसाद नामक लघुकथा सङ्ग्रह २०७१ सालमा प्रकाशन गरी पाठकसामु प्रस्तुत गरे । पत्रपत्रिका हुँदै लघुकथाका कृति प्रकाशन गर्ने पन्तका कथामा सामाजिक यथार्थताप्रति तिखो व्यङ्ग्य प्रहार गरेको पाइन्छ । यसरी लघुकथाकार कल्याण पन्तका दुवै लघुकथा कृतिलाई अध्ययन गर्दा उनका कथाका विषयवस्तु वर्तमान समयमा देखिएका, आर्थिक, सामाजिक, सांस्कृतिक रुढताको कोट फुकालेर नाङ्गो यथार्थ देखाउने प्रयत्न गरेका छन् ।

पन्तका कथामा वर्तमान समयमा देखिएका विकृति र विसङ्गतिलाई उदाङ्गो पार्ने काम धेरै कथामा भएको पाइए तापनि केही कथा भने अलि फरक प्रसङ्गका छन् । पन्तका कथामा अतीततर्फ सिंहावलोकन गर्दै वर्तमानमा पाइला टेकेर भविष्यतर्फ उन्मुख रहेको नेपाली समाजको चित्रण गरिएको छ । पन्तका कथामा नेपाली समाजमा विगतमा भएका यथार्थ, वर्तमानमा भएका यथार्थता र भोलि हुन सक्ने सम्भावनालाई समेटेर नेपाली समाजका विकृति र विसङ्गतिलाई यथार्थ रूपमा चित्रण गरेका छन् भने केही कथाहरू फरक प्रसङ्गमा पनि लेखिएका छन् ।

यसरी कथाकार कल्याण पन्तका दुवै कृतिको अध्ययन गर्दा उनको पहिलो लघुकथा कृति समय सन्दर्भमा समावेश कथाहरू समग्रमा राम्रा भए तापनि केही कथामा सामान्य कमीकमजोरी र कथाको भाव अस्पष्ट भएको आभाष पाइन्छ । आउँदा दिनहरूमा कथामा सामान्य परिमार्जन गर्नुपर्ने आवश्यक देखिन्छ ।

परिच्छेद : पाँच

# निष्कर्ष

## ५.१ सारांश

मानव समाजको विकाससँगै अभिव्यक्तिका माध्यमको विकास र प्रवर्द्धन हुँदै आयो । जुन विकासले मानव समाजका लागि भाषा, साहित्य, संस्कृति, कला एवम् परम्पराको सम्वर्द्धन र संरक्षण अनिवार्य हुन थाल्यो । जसको संरक्षण विना हाम्रो इतिहास, हाम्रा संस्कार, संस्कृति अपूरा रहन पुग्नुका साथै मानव समाजको विकास अधुरो नै रहने हुँदा हाम्रा संस्कार र संस्कृतिको संरक्षण हुँदै गयो । पछिल्लो समय, कला र संस्कृतिको महत्त्व र मानवभित्र रहेको सौन्दर्यबोधको अभिव्यक्ति साहित्यले गर्दै आएको छ । साहित्यले मानवका विचार, अनुभूति र अनुभव एकअर्कासम्म सम्प्रेषित र सञ्चारित गराउँछ । साहित्यमा सामाजिक अन्तरसम्बन्धको अभिव्यक्ति आख्यानका विधा उपन्यास र कथाले गर्छन् । कथाको अर्को विकसित रूप लघुकथा हो । साहित्यिक जगत् पनि सामाजिक परिवर्तनसँगै विकसित र परिवर्तित हुने गर्छ । समयसापेक्ष विधाको प्रादुर्भाव, त्यसको बौद्धिक आकलन, सैद्धान्तिक निरूपण पनि समाजकै विकास र वैचारिक सापेक्षतासित सम्बन्ध राख्दछ ।

आजका आम मान्छेका मानवीय इच्छामा निकै परिवर्तन आइसकेको छ । त्यसले गर्दा ठूला-ठूला कृति, लेख रचना प्रकाशन हुन छाडेका छन् । हिजो साहित्यलाई मनोरञ्जनको साधन माने गरिन्थ्यो । आज त्यसमा परिवर्तन हुँदै गयो । मनोरञ्जन सँगसँगै ज्ञानको साधन मान्नुका साथै मानव समाजको एउटा प्रमुख आवश्यकता मानिन्छ । किनकि साहित्यले आफ्नो समाज, देश, भाषा, कला एवम् संस्कृतिको प्रतिनिधित्व गरेको हुन्छ । सोही समयको माग र चाहनालाई बुझेर लघुकथाकार कल्याण पन्त लघुकथा लेखनमा साधनारत रहेका छन् । साहित्यका विभिन्न विधामध्ये लघुकथा एउटा महत्त्वपूर्ण विधा मानिन्छ । थोरै शब्दमा धेरै भन्न सकिने भएकाले वर्तमान समयमा विश्व साहित्यमा जस्तै नेपाली साहित्यमा पनि लघुकथा ज्यादै लोकप्रिय बन्न पुगेको छ । साहित्यको यही लोकप्रिय गद्य विधालाई सशक्त रूपमा अगाडि बढाउने साहित्यकारमध्ये कल्याण पन्त एक हुन् ।

२०५३ सालको जेठ १९ गते शनिबारको गोरखापत्रमा ‘सङ्घर्षहीन नारी समाज’ शीर्षकको लघुकथा प्रकाशन गरेर लघुकथाको यात्रा सुरु गरेका पन्तका हालसम्म आइपुग्दा

विभिन्न पत्रपत्रिका र पुस्तकमा गरी झण्डै दुई सयको हाराहारीमा लघुकथा प्रकाशित भएका छन् । २०५७ सालदेखि पत्रिकामा आफ्ना लघुकथा प्रकाशित गर्दै आएका पन्तका 'समय सन्दर्भ' (२०६९) लघुकथा सङ्ग्रहमा ७२ वटा कथा र 'प्रसाद' (२०७१) लघुकथा सङ्ग्रहमा ५६ वटा कथा सङ्गृहीत छन् । पन्तले आफ्ना कथामा नेपाली समाजमा हामीले देख्दै र भोग्दै आएका समस्यामूलक विषय, विकृति र विसङ्गतिलाई व्यङ्ग्यात्मक रूपमा प्रतिबिम्बित गरेका छन् । आजको समय, प्रविधि र घट्दो मानवीयता वरिपरि रहेर लेखिएका लघुकथामा समाजका पीडा, भ्रष्टाचार, राष्ट्रियतामा देखापरेका समस्या, नेतामा देखापरेको स्वार्थी, लोभी, पापी मनोवृत्तिप्रति गम्भीर चिन्ता व्यक्त भएका छन् ।

शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय अन्तर्गत विषय परिचय, शोध शीर्षक, शोध समस्या, शोधको उद्देश्य, शोधको सीमा र क्षेत्र, शोधको औचित्य, पूर्व कार्यको विवरणलगायतका विभिन्न उपशीर्षकमा यस शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ । यस्तै शोधपत्रको दोस्रो परिच्छेदमा लघुकथाको सैद्धान्तिक परिचय, लघुकथाका आधारभूत तत्त्वका बारेमा परिचर्चा र नेपाली लघुकथा लेखनको विकासक्रमलाई शुक्ष्म रूपमा प्रस्तुत गरिएको छ । यस्तै विभिन्न विद्वान्का परिभाषा अनुसार लघुकथाको परिचय, परिभाषा र हालसम्मको लघुकथा लेखन यात्रालाई विभिन्न चरणमा विभाजन गरी विकासक्रमलाई देखाइएको छ ।

शोधपत्रको तेस्रो परिच्छेदमा यस शोधका केन्द्रबिन्दु शोधका मुख्य स्रष्टा कल्याण पन्तको जीवनी, व्यक्तित्व र कृतित्वको चर्चा गरिएको छ । उनको बाल्यकाल, शिक्षादिक्षा, पारिवारिक पृष्ठभूमिलाई क्रमबद्ध समावेश गरिएको छ । यस्तै उनी हाल कुन पेशा व्यवसायमा संलग्न छन् भन्ने कुरा पनि यस परिच्छेदमा प्रष्ट पारिएको छ । यसका साथै, साहित्यलगायत विभिन्न सङ्घसंस्थाको संलग्नता, हालसम्म प्राप्त सम्मान एवम् पुरस्कारको विवरणसहितको व्यक्तिवृत्तलाई यस परिच्छेदमा समावेश गरिएको छ ।

शोधको चौथो परिच्छेद 'कल्याण पन्तका लघुकथाको अध्ययन' शीर्षकको शोधको मुख्य मुटु मानिएको परिच्छेद पनि यही भएको हुनाले उनका दुई वटै लघुकथा कृतिको कृतिपरक गहन अध्ययन र विश्लेषण कार्य गरिएको छ । शोधको अन्तिम तथा पाँचौं परिच्छेदमा सम्पूर्ण शोधको सारांश प्रस्तुत गरिएको छ । शोधलाई कसरी अगाडि बढाइयो, के कस्ता विषयवस्तु, शीर्षक र उपशीर्षकमा शोधलाई विन्यास गरियो भन्ने सन्दर्भलाई सारांशमा प्रस्तुत गरिएको छ । यसैगरी निष्कर्ष उपशीर्षकमा लघुकथाकार कल्याण पन्तले लेखेका लघुकथाको स्तर निर्धारण गरी उनलाई सिर्जनशील स्रष्टाका रूपमा चित्रण गर्ने कार्य

पनि यसै परिच्छेदमा गरिएको छ । यसका साथसाथै, लघुकथाकारलाई सुझावलाई समावेश गरी प्रस्तुत 'कल्याण पन्तका लघुकथाको अध्ययन' शीर्षकको शोधलाई पूर्णता प्रदान गरिएको छ ।

## ५.२ निष्कर्ष

'कल्याण पन्तका लघुकथाको अध्ययन' शीर्षकको प्रस्तुत शोध मुलत पन्तका 'समय सन्दर्भ' (२०६९) र 'प्रसाद' (२०७१) नामक दुई लघुकथा सङ्ग्रहको विश्लेषणमै केन्द्रित रहेको छ । दुवै कृतिका कथालाई एकीकृत गरेर हेर्दा समय सन्दर्भमा समावेश कथा केही लामा र भाव बुझ्न अलि कठिन भए तापनि समग्रमा कथा राम्रा छन् । यसमा केही परिमार्जन आवश्यक देखिन्छ । यस्तै दोस्रो कथा सङ्ग्रह प्रसादमा भएका कथा समय सन्दर्भमा भन्दा परिमार्जित छन् । सूत्रात्मक शैलीमा छोटा वाक्य गठन गरी कथा प्रस्तुत गरिएको छ । सम्रगमा पन्तका कथामा सामाजिक यथार्थतालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । कथाकारले सन्देशमूलक छोटा छरिता कथा प्रस्तुत गरेर समाज सुधारको चाहना राखेका छन् ।

भाषाशैलीको सर्न्दभमा झर्रा, आगन्तुक, नेपाली, केही हिन्दी र केही अङ्ग्रेजी शब्दहरू तर सबैले बुझ्ने सरल र सहज भाषाशैलीमा कथाहरू लेखिएका छन् । उखान टुक्काको प्रयाप्त प्रयोगले कथालाई पठनिय बनाएका छन् । कथाकारले पाठकको मन जित्न सूत्रात्मक र खदिँला वाक्य गठनका साथै यथोचित ढुङ्गा खोज्दा देवता मिल्यो, कोही न कोही उही पूरानै पोई जस्ता उखान टुक्काकोसमेत प्रयोग गरी कथालाई गतिशील बनाएका छन् । कथाकार पन्तका कथा आजको समय, प्रविधि र घट्दो मानवीयता वरिपरि घुमेका छन् त्यसैले कथामा आफ्नोपन र परिवेश पाइन्छ ।

पन्तले लघुकथाका क्षेत्रमा ईटा थप्ने काम गरेका छन् नै । उनले दिएको योगदानलाई महत्त्वपूर्ण मान्न सकिन्छ । यसरी समय सान्दर्भिक छोटा, मीठा, घतलाग्दा कथा पाठक सामु पस्किएर पन्तले नेपाली साहित्यको लघुकथाका क्षेत्रमा आफूलाई स्थापित स्रष्टाका रूपमा चिनाउनका लागि निरन्तर साधनारत छन् । उनी सिर्जनशील स्रष्टा भएकाले उनका लघुकथाले नेपाली लघुकथाको चल्दै आएको संरचना र विकासक्रमलाई माथ गर्ने सामर्थ्य नदेखिए तापनि उनका कथा दिनप्रतिदिन प्रगति पथमा लम्किरहेका छन् ।

## ५.३ सुझाव

कल्याण पन्तका समग्र कथालाई अध्ययन गर्दा उनले अब आफ्नो लघुकथा लेखन यात्रामा आफैले आफूलाई बाध्नुपर्ने देखिन्छ । लघुकथाका नाममा साथीभाइसँग बसेर चिया खाएका, माइक्रोबसमा यात्रा गरेका, विद्यार्थी भाइबहिनीसँग कुराकानी गरेका जस्ता सन्दर्भलाई उनले लघुकथा बनाउन खोजेका छन् । जसले लघुकथा लेखन यात्रालाई झन् कमजोर बनाउने देखिन्छ । त्यसैले धेरै लेख्नु भन्दा पनि थोरै र स्तरिय लेखन उनका लागि सुहाउने सन्दर्भ बनेको जस्तो देखिन्छ । त्यसैले उनले आगामी दिनमा आफ्नो लघुकथा लेखनमा देखिएका यस्ता सामान्य त्रुटिलाई विश्लेषण गरी उत्कृष्ट लघुकथा सिर्जना गर्नुपर्ने आवश्यक देखिन्छ ।

# सन्दर्भ सूची


अधिकारी, रामचन्द्र (२०७२); **पोखरेली लघुकथाको प्रवृत्तिगत अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, पृथ्वीनारायण क्याम्पस पोखरा ।

............... (२०६९); **बिसौनी,** लघुकथा विशेषाङ्क, पोखरा : सिर्जना साहित्य चौतारी भरतपोखरी ।

अश्क, गोपाल (२०६५); **लघुकथा प्रक्रिया र पाठ**, ललितपुर : साझा प्रकाशन ।

ढकाल, रजनी (२०७३), *लघुकथाको चिरफार,* **नागरिक दैनिक**, काठमाडौं : नागरिक पब्लिकेशन ।

गौतम, लक्ष्मणप्रसाद (२०७२); **लघुकथाको रचना विधान,** काठमाडौं : लघुकथा समाज ।

गौतम, लक्ष्मणप्रसाद र ज्ञानु अधिकारी (२०६९), **नेपाली कथाको इतिहास,** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, असफल (२०६९); 'पाठकको आँखामा दुई लघुकथा सङ्ग्रह' **आदर्श समाज** पोखरा : आदर्श समाज बहुमुखी प्रकाशन (२०६९/८/२२ पृष्ठ, २)

नेपाली विकीपिडीया ।

न्यौपाने, विजयराज (२०६८); **लमजुङको साहित्यिक इतिहास**, लमजुङ : ईश्वरीदेवी न्यौपाने

न्यौपाने, श्रीधर (२०७४); **पन्तको एकल लघुकथावाचन**, पोखरा : आदर्श समाज दैनिक ।

पन्त, कल्याण, (२०६९); **समय सन्दर्भ,** पोखरा : नेपाल गद्य लेखक परिषद् ।

............... (२०७१); **प्रसाद,** पोखरा : प्रेमकुमारी गुरुङ ।

पन्त, भूपनिधि (२०७४); **पन्तको एकल लघुकथावाचन**, पोखरा : आदर्श समाज दैनिक ।

बिखर्ची, सूर्य खड्का (२०७१); 'कल्याण पन्तको प्रसाद : रसिला कसिला', **आदर्श समाज** पोखरा : आदर्श समाज बहुमुखी प्रकाशन (२०७१/११/२३, पृष्ठ-२)

रिजाल, नवराज (सं.२०७३); 'नेपाली लघुकथा : परम्परा र प्रवृत्ति', **नवप्रज्ञापन त्रैमासिक**

(पूर्णाङ्क ७२, वैशाख-असार) बारा : सम्पादक स्वयम् ।

शर्मा नेपाल, वसन्तकुमार (२०७३); **वैजयन्ती** त्रैमासिक (*वर्ष ९, अङ्क ५, पूर्णाङ्क ४७)* काठमाडौं : शब्दार्थ प्रकाशन ।

श्रेष्ठ, श्रीओम (२०७१); **मधुपर्क** मासिक, (वर्ष ४७, अङ्क १०, पूर्णाङ्क ५४९) काठमाडौं : गोरखापत्र संस्थान ।

………………… (२०७२); **मधुपर्क** मासिक, (वर्ष ४८, अङ्क ४, पूर्णाङ्क ५५५, *लघुकथा विशेषाङ्क*) काठमाडौं : गोरखापत्र संस्थान ।

………………… (२०७४); **मधुपर्क** मासिक, (वर्ष ५०, अङ्क २, पूर्णाङ्क ५७७), काठमाडौं : गोरखापत्र संस्थान ।